# खाद्य तथा पोषण गुरू योजना

**(२०८०/८१-२०८४/८५)**

**Food and Nutrition Master Plan**

# त्रिवेणी गाउँपालिका
# जुगार, रोल्पा

Triveni Rural Municipality

Jugar, Rolpa






## दिगो विकाश लक्ष्य–२

**भोकमरीको अन्त्य, खाद्य सुरक्षा र पोषण सुधार र दिगो कृषि प्रवर्द्धन**




## दिगो विकाश लक्ष्य-३

**स्वस्थ जीवन सुनिश्चित र सबै उमेरका सबैको लागि कल्याण प्रवर्द्धन**

# त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, जुगार, रोल्पा



कर्ण बहादुर बाँठामगर
अध्यक्ष

## मन्तब्य

नेपालको संविधान २०७२ को धारा ३६ ले प्रत्येक नागरिकको खाद्यमा अधिकार सुनिश्चित गर्दै उनीहरूको जीवनमा खतरा हुनसक्ने खाद्यान्न अभावबाट सुरक्षित हुने अधिकार परिकल्पना र कानून प्रदत खाद्य सम्प्रभुता सम्बन्धी व्यवस्था गरेको छ भने धारा ४२ मा सामाजिक न्यायको अधिकार सुनिश्चित गर्दै खाद्य व्यवस्थापनको परिकल्पना गरेको छ । संविधानकै मर्म अनुरूप खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५ (१३), पन्ध्रौ योजना (२०७६/७७ – २०८०/८१), नेपाल सरकारको दिगो विकास लक्ष्य २०३० र कृषि विकास रणनीति (२०१५ – २०३५) समेत खाद्य तथा पोषणको सुनिश्चिततालाई केन्द्रमा राखेको छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले स्वस्थ तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिक निर्माण गर्ने सोच राखेको छ भने पोषण कार्यक्रमलाई अझ दरिलो रुपमा अघि बढाउन नेपाल सरकार ले बहुक्षेत्रीय पोषण योजना बहुक्षेत्रीय पोषण योजना (२०६९-२०७३) को परिमार्जन सहित निरन्तरताको रुपमा खाद्य तथा पोषणका लागी शासकीय सुधार, स्वास्थ्य क्षेत्रमा सुधार, महिला तथा बालबालिका मैत्री कार्यक्रम, शिक्षा र खानेपानी तथा सरसफाइ जस्ता पक्षहरूलाई प्राथमिकता दिई बहुक्षेत्रीय पोषण योजना दोश्रो (२०७५/७६ – २०७९/८०) लागू गरेको छ । राष्ट्रिय पोषण रणनीति, २०७७ ले "पोषण बिशेष" र पोषण संवेदनशिल" सेवाहरूमा पहुँच बढाई नवजात शिशु, बालबालिका, महिला तथा किशोरीहरूमा हुने सबै खाले कुपोषणलाई उल्लेख्य रुपमा घटाएर पोषण अवस्थामा सुधार ल्याउने यसले लक्ष्य राखेको छ । खाद्य तथा पोषणका विभिन्न मुद्दाहरूलाई सम्बोधन गर्न अन्तराष्ट्रियस्तरमा विभिन्न पहलहरू भएका छन । भोकमरी र कुपोषण सम्बन्धी विश्वव्यापी घोषणा १९७४, बालअधिकार सम्बन्धी महासन्धि १९८९, विश्वव्यापी पोषण अभियान जस्ता पहलहरू यसका उदाहरणहरू हुन् ।

यही सन्दर्भमा त्रिवेणी गाउँपालिकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय निती तथा प्रावधानलाई सम्बोधन गर्दै स्थानीय सरकार र जनताहरूको प्रत्यक्ष सहभागितामा '**स्वस्थ र पोषणयुक्त खाना, त्रिवेणीको चाहना** ' भन्ने सोचका साथ यहाँको प्राकृतिक, सामाजिक तथा आर्थिक वातावरण मैत्री पन्ध्रवर्षे दूरदृष्टी सहित पञ्चवर्षिय कृषी, खाद्य तथा पोषण गुरु योजना (२०७९/८०-२०८४/८५) तयार गर्न पाउँदा निकै खुशी लागेको छ । यस गुरुयोजनाले त्रिवेणीका जनताहरुको खाद्य तथा पोषणको अवस्थामा महसुस हुने गरी परिवर्तन ल्याउने छ भन्नेमा म विश्वस्त छु । गुरुयोजना तयारीका क्रममा सक्रिय सहभागिताका साथ सहयोग गर्नु हुने आदरणीय जनसमुदाय तथा सरोकार वाला निकायहरू प्रति आभार प्रकट गर्न चाहन्छु । आर्थिक रुपमा सहयोग गर्ने संस्था 'Rural Reconstruction Nepal/Welthungerhilfe तथा प्राविधिक सहयोगी विज्ञ परामर्श दाता संस्था '3D Research and Development Solutions' लाई विषेश धन्यवाद दिन चाहन्छु ।

अन्तमा, गुरुयोजनाको सफल कार्यान्वयनका लागी त्रिवेणी गाउँपालिकामा कार्यरत सबै विकास साझेदार संस्थाहरू, निजी क्षेत्र तथा नागरिक समुदायको समेत अहम् भूमिका रहने अपेक्षा मैले लिएको छु । गुरुयोजना कार्यान्वयनका लागी संघ तथा प्रदेश सरकारको पनि उत्तिकै भूमिका रहने मा म विश्वस्त छु ।

धन्यबाद । चैत्र २०७९

## कृतज्ञता ज्ञापन

१५ बर्षे दिर्घकालिन रणनीति सहित ५ बर्षे खाद्य तथा पोषण गुरु योजनाको तयारी गाउँपालिका तथा स्थानीय जनसमुदायको सहयोग विना सम्भव नै थिएन । तसर्थ, सबै भन्दा पहिले गुरु योजना तर्जुमाको लागी अनुकरणीय नेतृत्वका साथ अमूल्य योगदान दिनु हुने गाउँपालिका अध्यक्षज्यू लाइ बिशेष धन्यवाद दिन चाहान्छौं । त्यसै गरी आफ्नो व्यस्तताको  बावजुद पनि गुरु योजना तर्जुमामा सक्रिय सहभागिताका साथ प्राप्त प्रशंसनीय योगदानका लागी गाउँपालिकाका उपाध्यक्षज्यू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

योजना तर्जुमाको क्रममा आवस्यक सहयोग तथा सहजीकरण गर्नु हुने प्रमुख प्रशासकिय अधिकृत श्री निम बहादुर के.सी. ज्युलाई धन्यवाद छ । वडा अध्यक्षज्यूहरु, जसको सहभागिता विना यो गुरुयोजना सम्भव नै थिएन, वहाँहरूको योगदानको लागी आभारी छौ र आभारी छौं सम्पूर्ण कार्यपालिकाका सदस्यज्यूहरु प्रति, जसले आआफ्नो - वडाहरुमा योजना तर्जुमाको क्रममा व्यापक जनसहभागिता सुनिश्चित गर्नु भयो ।

गाउँपालिका अन्तर्गतका बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्यूहरु र MSNP संयोजक तथा पोषण स्वयंसेवकज्यूहरुले प्रदान गर्नु भएको सहयोगका लागी पनि हामी उत्तिकै आभारी छौं ।

योजना तर्जुमाको क्रममा समुदाय परिचालन गर्न अनवरत रुपले सक्रिय सहयोग प्रदान गर्नु हुने, हाम्रो योजना र प्राथमिकता यो र यी हुन् भन्दै वस्ती वस्ती बाट आवाज उठान गर्नु हुने आदरणीय जनसमुदाय प्रति हामी झनै आभारी छौं ।

गुरु योजना तर्जुमाको लागी ३डी रिसर्च एंड डेभलपमेन्ट सलुसन्सलाई अवसर दिँदै निरन्तर रुपमा सहयोग तथा सहजिकरण गर्ने संस्था  'Rural Reconstruction Nepal का कार्यकारी अध्यक्ष डा. अर्जुन कार्की, कार्यक्रम व्यवस्थापक श्री भानु पराजुली तथा दातृ निकाय Welt Hunger Hilfe (WHH) का कन्ट्री डाइरेक्टर श्री साकेभ नावी र कार्यक्रम व्यवस्थापक श्री सीमा लुइँटेलज्यूहरु प्रती कृतज्ञता व्यक्त गर्दछौं ।

अन्तमा गुरुयोजना तयारीको क्रममा प्रभावकारी रुपमा नेतृत्व प्रदान गर्नु हुने डा. चक्र बहादुर चन्द, को बिषय विज्ञ भूमिका खेल्नुहुने कृषि विज्ञ तथा योजनाविद डा. तपेन्द्र बहादुर शाह र श्री किशोर प्रसाद पन्त, पोषण विज्ञ श्री अशोक पाण्डे र श्री हेमन्ती भट्ट तथा योजना फिल्ड संयोजक श्री राजेन्द्र प्रसाद मिश्रलाई विशेष धन्यवाद दिन चाहान्छौं ।

-३डी रिसर्च एन्ड डेभलपमेन्ट सलुसन्स

मानभवन, ललितपुर

# विषय सूचि

**विषय सूचि** ........ ङ
**तालिकाको सूची** ........ ज
**चित्रको सूची** ........ झ
**अंशाक्षरी शब्दहरू** ........ ञ
**परिच्छेद १. परिचय** ........ १
**१.१ भूमिका** ........ २
**१.२ उद्देश्य** ........ ३
**१.३ अध्ययन पद्धति** ........ ३
**परिच्छेद २. अवस्था विश्लेषणको नतिजा** ........ ५
**२.१ खाद्य तथा पोषण सुरक्षा सम्बन्धी नीति तथा योजनाहरूको अवस्था** ........ ६
२.१.१ अन्तर्राष्ट्रिय पहलहरू ........ ६
२.१.२ राष्ट्रिय पहलहरू ........ ७
**२.२ सामाजिक आर्थिक अवस्था** ........ १२
२.२.१ भौगोलिक अवस्थिति तथा प्रशासनिक विभाजन ........ १२
२.२.२ जनसंख्याको विवरण ........ १२
२.२.३ अनुपस्थित जनसंख्या ........ १३
२.२.४ भूउपयोगको अवस्था ........ १४
२.२.५ वनजङ्गलको अवस्था ........ १५
२.२.६ नदी र तालहरू ........ १६
२.२.७ साक्षरता सम्बन्धी विवरण ........ १६
२.२.८ हाटबजार र मेलाहरू ........ १६
२.२.९ गाउँपालिकाको बजेट तथा राजस्व ........ १६
**२.३ खाद्य तथा पोषणको अवस्था** ........ १८
२.३.१ खाद्यवस्तुको उपलब्धता ........ १८
२.३.२ पोषिलो तथा सुरक्षित खाद्य पदार्थमा पहुँच ........ ३०
२.३.३ पौष्टिक तथा सुरक्षित खाद्य पदार्थको उपभोगको स्थिति ........ ३५
२.३.४ लक्षित वर्ग केन्द्रित पोषण विशेष व्यवहार तथा कार्यक्रमको स्थिति ........ ४०
२.३.५ खाद्य तथा पोषण सुरक्षा स्थिति स्थिर करणका लागि व्यवस्था ........ ४३
२.३.६ सबल पक्ष, दुर्बल पक्ष, अवसरहरू र अवसरहरू र चुनौतीहरू (SWOT Analysis) ........ ४५
**२.४ वस्तुस्थिति विश्लेषणको आधारमा सिफारिसहरू** ........ ४६
२.४.१ समग्रमा सुझावहरू ........ ४६
२.४.२ स्वस्थ तथा पोषिलो खाद्यवस्तु उपलब्धताको आधारमा ........ ४७
२.४.३ स्वस्थ तथा पोषिलो खाद्यवस्तु पहुँचको आधारमा ........ ५१
२.४.४ स्वस्थ तथा पोषिलो खाद्यवस्तु उपभोगको आधारमा ........ ५२
२.४.५ बालबालिका तथा महिलाको पोषण तथा मातृ-शिशु स्वास्थ्य सम्बन्धी व्यवहारहरू ........ ५३

**२.५ निष्कर्ष तथा सिफारिश ........ ५३**

**परिच्छेद ३. गाउँपालिकास्तर खाद्य तथा पोषण सुरक्षा गुरु योजना ........ ५५**

**त्रिवेणी गाउँपालिकास्तर खाद्य तथा पोषण सुरक्षा गुरु योजना ........ ५६**

**३.१ गुरूयोजनाको अवधारणागत ढाँचा ........ ५६**

**३.२ सोच, ध्येय तथा उद्देश्यहरू ........ ५७**

३.२.१ सोच (Vision): ........ ५७

३.२.२ ध्येय (Mission): ........ ५७

३.२.३ उद्देश्यहरू (Objectives) ........ ५७

**३.३ उद्देश्यहरूको विस्तृतीकरण ........ ५७**

३.३.१ उद्देश्य १ ........ ५८

३.३.२ उद्देश्य २ ........ ६५

३.३.३ उद्देश्य ३ ........ ६८

३.३.४ उद्देश्य ४ ........ ७१

३.३.५ उद्देश्य ५ ........ ७५

**३. ४ कार्यक्रम तथा बजेट सहित पन्ध्र (१५) वर्षे गुरू योजना ........ ८४**

३.४.१ समग बजेट अनुमानित बजेट ........ ८४

३.४.२ बजेटको स्रोत बाँडफाँड ........ ८५

३.४.२ उद्देश्य अनुसार अनुमानित बजेट ........ ८६

**३.५ खाद्य तथा पोषण सुरक्षा कार्यक्रम कार्यान्वयन तथा अनुगमन संयन्त्र र व्यवस्था ........ ९२**

**अनुसूचीहरू ........ ९६**

**अनुसूची २ क्रियाकलापहरू अनुसार १५ वर्षे कार्यक्रम तथा बजेट ........ ९६**

**अनुसूची २ कृषिबाली तथा पशु खाद्यवस्तुहरु अनुसार १५ वर्षे उत्पादन तथा उत्पादकत्व लक्ष्यहरू ........ १०९**

**सन्दर्भ सामाग्रीहरू ........ ११७**

# तालिकाको सूची

तालिका १ भौगोलिक तथा प्रशासनिक विवरण ...... १२
तालिका २ जानसांख्यीक विवरण ...... १२
तालिका ३ अनुपस्थित जनसंख्याको विवरण ...... १३
तालिका ४ बसोबासको क्षेत्र अनुसार अनुपस्थित जनसंख्या ...... 14
तालिका ५ भूउपयोगको विवरण ...... १४
तालिका ६ वडाहरू अनुसार सामुदायिक वनको संख्या ...... १५
तालिका ७ वनको प्रकार अनुसार ओगटेको क्षेत्रफल ...... १६
तालिका ८ त्रिवेणी गाउँपालिकाको साक्षरता विवरण ...... १६
तालिका ९ त्रिवेणी गाउँपालिकाहरूमा सञ्चालित हाटबजार तथा मेलाहरू ...... १६
तालिका १० विभिन्न आ.व. को बजेटका श्रोतहरु ...... १७
तालिका ११ त्रिवेणी गाउँपालिकाको क्षेत्रगत बजेट र खर्चको विवरण (आ.व. २०७७/७८ र २०७९/८०) ...... १७
तालिका १२ त्रिवेणी गाउँपालिकाको विभिन्न आ. व. हरुको राजस्व अनुमान ...... १८
तालिका १३ त्रिवेणी गाउँपालिकामा खाद्यान्न उत्पादन र उपलब्धता ...... २०
तालिका १४ त्रिवेणी गाउँपालिकामा दलहन उत्पादन र उपलब्धता ...... २१
तालिका १५ त्रिवेणी गाउँपालिकामा फलफूल उत्पादन र उपलब्धता ...... 21
तालिका १६ त्रिवेणी गाउँपालिकामा तरकारी उत्पादन र उपलब्धता ...... २२
तालिका १७ त्रिवेणी गाउँपालिकामा आलु उत्पादन र उपलब्धता ...... २३
तालिका १८ त्रिवेणी गाउँपालिकामा तेलहन तथा अन्यबालीको उपलब्धता ...... २३
तालिका १९ त्रिवेणी गाउँपालिकामा पशुपन्क्षीजन्य उत्पादनको उपलब्धता ...... २३
तालिका २० त्रिवेणी गाउँपालिकामा प्रति व्यक्ति खाद्यवस्तु को उपलब्धता ...... २४
तालिका २१ त्रिवेणी गाउँपालिकाका घरधुरीहरूको जग्गाको आकार (रोपनीमा) ...... २५
तालिका २२ त्रिवेणी गाउँपालिकाका सिंचाईको स्रोत ...... २५
तालिका २३ त्रिवेणी गाउँपालिकाका सिंचाईको आवश्यकता सम्बन्धी धारणा ...... २६
तालिका २४ त्रिवेणी गाउँपालिकाका सिंचाईको लागि पानीको स्रोतहरू ...... २७
तालिका २५ कृषकहरूले पाएको सहयोग-प्रतिशतमा ...... २९
तालिका २६ किसानहरूको आवश्यकता सम्बन्धी धारणा ...... ३०
तालिका २७ त्रिवेणी गाउँपालिकामा कृषिजन्य उत्पादनबाट खपत पश्चात आम्दानी सन्तुलन ...... ३१
तालिका २८ त्रिवेणी गाउँपालिकामा विभिन्न बालीहरू उत्पादन गर्ने घरधुरी ...... ३२
तालिका २९ गत एक वर्षमा खेती गरिएका बालीहरूको विवरण ...... ३३
तालिका ३० घरधुरीहरूको जिविकोपार्जनका स्रोतहर ...... ३४
तालिका ३१ पालिकाका घरधुरीहरुको औषत पारिवारिक आम्दानी ...... ३५
तालिका ३२ पालिकाहरूको खाद्य उपभोग मापन (FCS) ...... ३५
तालिका ३३ जातीयता को आधारमा पालिकाको खाद्य उपभोग स्थिति ...... ३६
तालिका ३४ त्रिवेणी गाउँपालिकामा MAD-C and MDD-W को अवस्था ...... ३६
तालिका ३५ जातिगत समूह अनुसार MAD-C र MD- W को त्रिवेणी गाउँपालिकामा वितरण अवस्था ...... ३६
तालिका ३६ आफ्नै उत्पादनले खाद्य सुरक्षाको स्थिति ...... ३७
तालिका ३७ खाने पानीको स्रोतहरू तथा शुद्धिकरण अभ्यास ...... ३७
तालिका ३८ सरसफाई सुभिधाको उपलब्धता ...... ३८

तालिका ३९ पालिका भित्र व्यक्तिगत सरसफाई तथा स्वच्छता ........ ३८
तालिका ४० सरकारी सेवामा पहुच भएका परिवारको संख्या ........ ३९
तालिका ४१ स्वास्थ्य तथा पोषण सम्बन्धी सूचकहरू अनुसारको विवरण ........ ४०
तालिका ४२ स्वास्थ्य सेवामा पहुँच ........ ४२
तालिका ४३ परियोजा क्षेत्रमा स्वास्थ्यममा पहुँच ........ ४३
तालिका ४४ कार्यक्रम तथा बजेट विनियोजनको अवस्था ........ ४५
तालिका ४५ गुरू योजनाको समग्र अनुमानित बजेट ........ ८४

# चित्रको सूची

चित्र १ त्रिवेणी गाउँपालिकाको भूउपयोग नक्शा ........ १५
चित्र २ त्रिवेणी गाउँपालिकाको जमिनको उचाईको नक्शा ........ २६
चित्र ३ रोल्पा जिल्लाका प्रमुख नदीनालाहरु अंकित नक्शा ........ २७
चित्र ४ रोल्पा जिल्लामा पाईने मुख्य गैरकाष्ठ वन पैदावारहरु अंकित नक्शा ........ ३४
चित्र ५ त्रिवेणी गाउँपालिकाको नक्श ........ ५७
चित्र ६ गुरुयोजनाको अवधारणागत ढाँचा ........ ५६
चित्र ७ खाद्य तथा पोषण सुरक्षा कार्यक्रम कार्यान्वयन तथा अनुगमन संयन्त्र ........ ८६

# अंशाक्षरी शब्दहरू

| | |
|---|---|
| FCS | Food Consumption Score |
| FGD | Focused Group Discussion |
| FNMP | Food Nutrition Master Plan |
| FNSPVC | Food and Nutrition Security Program Vigilance Committee |
| MAD-C | Minimum Acceptable Dietary Situation- Children |
| MAM | Moderately Acute Malnutrition |
| MAPs | Medicinal and Aromatic Plants |
| MDD-W | Minimum Dietary Diversity- Women |
| MFNSSC | Municipal Food and Nutrition Security Steering Committee |
| MFNSTC | Municipal Food and Nutrition Security Technical Committee |
| NTFPs | Non Timber Forest Products |
| RRN | Rural Reconstruction Nepal |
| SAM | Severely Acute Malnutrition |
| SUN Movement | Scaling Up Nutrition Movement |
| WHH | Welt Hunger Hilfe |

# परिच्छेद १. परिचय

# १.१ भूमिका

नेपालको संविधान २०७२(३६) ले प्रत्येक नागरिकको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई मौलिक हकको रुपमा लिएको छ। यसलाई कार्यान्वयन गर्न र त्यसको लागि उपयुक्त संरचना निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्नको लागी खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ तर्जुमा गरिएको छ । त्यस्तै नेपालको पन्ध्रौं योजनाले समेत खाद्य सम्प्रभुता, दिगो खाद्य र पोषण सुरक्षा भएको समाजको परिकल्पना गरेको छ र स्वच्छ र पौष्टिक खाद्यान्नको उपलब्धता र पहुँच बढाएर खाद्य र पोषण सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ। विश्वव्यापि रुपमा पनि दिगो विकास लक्ष्य २०३० ले कुपोषण र भोकमरीको सामना गर्न विश्वव्यापी प्रतिबद्धता गरेको छ । जस अनुसार लक्ष्य २ ले सुदृढ पोषणको आवश्यकतालाई मनन गर्दै खाद्य सुरक्षा र सुधारिएको पोषण प्राप्त गर्ने, र दिगो कृषिलाई प्रवर्द्धन गर्ने' उद्देश्य राखेको छ । नेपालको परिप्रेक्ष्यमा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सजिलो होस् भन्ने उद्देश्यले राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य तथा स्थानियकरण स्रोत पुस्तिका, २०७७ तयार गरेको छ । यीं तथ्यहरुले एकातर्फ खाद्य तथा पोषण सुरक्षा नेपाल एक पक्ष राष्ट्र भएको अन्तर्ष्ट्रिय एजेन्डा भएको बुझाउँछ भने अर्को तर्फ आफ्ना जनताहरुको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु देशको कर्तव्य भएको दर्शाउँदछ । यस कारण नेपालको संघीय संरचना अनुसारका नीति निर्माण तथा कार्यान्वयन गर्ने संघ, प्रदेश तथा स्थानीय गरी तीनै तहका सरकारहरुले यस परिप्रेक्ष्यलाई आन्तरिकीकरण गरी आ-आफ्नो भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

नेपालको संबिधान २०७२ ले प्रत्यक्ष जनस्तरमा सरोकार राख्ने विभिन्न आधारभूत सेवा- सुबिधा सुनिश्चित गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकरको रुपमा उल्लेख गरेको छ । अन्तर सरकारी वित्त व्यवस्था सम्बन्धी ऐन, २०७४ ले यस्ता कार्यका लागि स्थानीय तहहरुले बिशेष अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । यसले गर्दा संघ तथा प्रदेशको नीतिगत सहजिकरणमा स्थानीयस्तरमा कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको हुनआउँदछ । यस परिप्रेक्ष्यमा त्रिवेणी गाउँपालिका बासीको खाद्य तथा पोषण सुरक्षाको स्थिति सुनिश्चित गर्न आवस्यक समन्वयकारी भुमिका सहित यथोचित रणनीति सहित योजना तर्जुमा तथा कार्यान्वयनको मुख्य जिम्मेवारी त्रिवेणी गाउँपालिकाको हुन्छ । नेपाल ग्रामीण पुनर्निर्माण संस्था (Rural Reconstruction Nepal, RRN) ले सन् २०२२ मा गरेको आधार रेखा सर्वेक्षणले त्रिवेणी गाउँपालिकाका बासिन्दाहरुको खाद्य उपभोग मापन अङ्क (Food Consumption Score, FCS) मा ४० प्रतिशत बासिन्दा जोखिम समूहमा भएको देखाएको छ । संयुक्त राष्ट्र संघको विश्व खाद्य कार्यक्रमको सहजिकरणमा सञ्चालित नैपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (Nepal Food Security Monitoring System, NeKSAP) ले पनि रोल्पा जिल्ला र त्रिवेणी गाउपालिकालाई चरण १ अथवा न्यूनतम खाद्य असुरक्षित अवस्थामा वर्गिकरण गरेको छ । यीं तथ्यहरुले यस गाउँपालिकामा यसका बासिन्दाहरुलाई खाद्य तथा पोषण सुरक्षित राख्न थप पहलहरु गर्नु जरुरी देखिन्छ । त्रिवेणी गाउँपलिकाले यस तथ्यलाई मनन गरी यस तर्फ गरेको पहललाई सहयोग गर्न Rural Reconstruction Nepal (RRN) र Welthungerhelfe (WHH) को सहकार्य र 3D Research and Development को सहजीकरणमा खाद्य तथा पोषण गुरूयोजना निर्माणको कार्य भएको हो । यस गाउँपालिकाको हालको खाद्य तथा पोषण सुरक्षाको अवस्था विश्लेषण गरी प्राप्त निष्कर्षहरूको आधारमा गुरूयोजना निर्माण हुँदा योजना यथार्थपरक हुने हुनाले यो प्रतिवेदन तयार पारिएको हो । यस कार्य सम्पन्न गर्नका निम्ति विभिन्न कोणबाट अध्ययन र अवलोकन गरिएको छ, जसमा पालिका भरिका वडा कार्यालयहरूमा अभिमुखीकरण, लक्षित समुदाय छलफल, अन्तर्वार्ता तथा त्रिकोणात्मक विश्लेषण पनि सम्पन्न भएको छ।

यस अध्ययनका क्रममा अपनाइएका विधिहरू तथा प्राप्त भएका तथ्याङ्कलाई गुरूयोजना निर्माणका निम्ति प्रमुख आधारको रूपमा लिईएको छ ।

# १.२ उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्यहरू निम्नानुसार छन्:

- त्रिवेणी गाउँपालिकास्तरमा भएको कृषिजन्य उत्पादन तथा आवश्यकताका साथै पहुँच र उपभोगको बारेमा जानकारी सहित खाद्य सुरक्षाको स्थितिको बारेमा जानकारी लिने ।
- स्वास्थ्य तथा पोषणको अवस्था बारेमा जानकारी पाउने ।
- त्रिवेणी गाउँपालिकामा हाल विद्यमान खाद्य तथा पोषण सुरक्षा सम्बन्धी नीति, संरचना तथा कार्यक्रमहरूको बारेमा जानकारी लिने ।
- खाद्य तथा पोषण सुरक्षाको वर्तमान स्थितिका लागि कारक समस्या तथा चुनौतीहरूको बारेमा जानकारी पाउने ।
- त्रिवेणी गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षा अवस्थाको विश्लेषणको आधारमा त्रिवेणी गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षा गुरुयोजना तयार पार्ने ।

# १.३ अध्ययन पद्धति

उपरोक्त उद्देश्यहरू हासिल गर्नका लागि यस अध्ययनमा तल उल्लिखित विधि तथा प्रक्रियाहरू अपनाइएको थियो ।

**गाउँपालिकास्तरीय अभिमुखीकरण गोष्ठी**

त्रिवेणी गाउँपालिकामा दुई दिने अभिमुखीकरण गोष्ठी माघ ४-५ गते सम्पन्न गरिएको थियो । उक्त गोष्ठीमा पालिकास्तरीय जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, सरकारी निकायका कर्मचारीहरू, बहु क्षेत्रीय पोषण योजना कार्यक्रम संयोजक, किसान, गाउँ कार्यपालिकाका सदस्यहरू, स्थानीय उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधिहरू, व्यापारी, गैर सरकारी निकायका प्रतिनिधि लगायत पत्रकारहरूको उपस्थिति थियो । उक्त कार्यक्रममा खाद्य सुरक्षा तथा पोषणको परिचय, महत्त्व, नीति र योजना, खेती प्रणाली तथा अन्य विषयमा छलफल गरिएको थियो ।

**वडास्तरीय अभिमुखीकरण गोष्ठी**

त्रिवेणी गाउँपालिकाका ७ वटा वडामा नै खाद्य तथा पोषण सुरक्षा सम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न गरियो । यसमा हरेक वडाका खाद्य सुरक्षा निर्देशक समितिका सदस्यहरूको सहभागितालाई विशेष महत्त्व दिइएको थियो । उक्त गोष्ठीमा वडा अध्यक्ष, वडा सचिव, विषयगत शाखाहरू (कृषि, भेटेरिनरी, स्वास्थ्य, शिक्षा) का संयोजक, महिला स्वयंसेविका, शिक्षक, किसान, महिला समूहका प्रतिनिधि, वडा स्तरीय राजनीतिक दलका प्रतिनिधिहरूको समेत सहभागिता थियो ।

**लक्षित समुदाय छलफल**

समुदायका खाद्य तथा पोषण सम्बन्धी मुद्दाहरूको बढी भन्दा बढी जानकारी लिने उद्देश्यले वडास्तरका लक्षित समुदायहरूमा नै छलफल कार्यक्रम सञ्चालन गरिएको थियो । यी कार्यक्रमहरूमा दलित, महिला र अल्पसंख्यकको अवस्था बारेमा छलफल गरिनुका साथै समुदायका अन्य सामाजिक र आर्थिक परिवेश सम्बन्धी छलफल गरिएको थियो ।

### सरोकारवालाहरूसंग अन्तर्वार्ता

त्रिवेणी गाउँपालिकाका हरेक वडाका अध्यक्ष सहित पालिका भित्रका साथै एग्रोभेट, सहकारी, बजार प्रतिनिधि, होटेल संचालक, तथा अन्य व्यावसायीहरूसंग अन्तर्वार्ता तथा छलफल गरिएको थियो ।

| विवरण | मुख्य विषय |
|---|---|
| एग्रोभेट | उत्पादन र उत्पादकत्व ,बजार मूल्य ,पहुँच ,बिउ बिजन र गुणस्तर ,प्रविधिहरु |
| सहकारी | ऋण र बचत अभ्यास, औसत पूँजी, औसत आम्दानी, ब्याज दर, स्थानीयस्तरमा सहभागिता तथा सहकारी मार्फतका कार्यक्रमहरु |
| होटेल प्रतिनिधि | स्थानीय उत्पादन मूल्य तथा औसत आवश्यकता |
| व्यवसायी | उपलब्ध खाद्यवस्तुको उत्पादन मूल्य र नाफा नोक्सान, आयात र निर्यातको स्थिति, उपभोग को परिमाण |
| गैर सरकारी संस्था | संचालित कार्यक्रमहरु, पोषण सुधार परियोजनासंगको सहकार्यको अवस्था, लक्षित समुह तथा क्षेत्र |

### गाउँपालिकामा भएका प्रगति विवरण अध्ययन

गाउँपालिकामा भएका पुस्तक, पालिकाको प्रोफाइल, विषयगत शाखाका सामग्रीहरूको अध्ययन गरिएको थियो। गाउँपालिकाको प्रोफाइलमा समावेश भएका विषयहरूलाई मध्यनजर गर्दै अध्ययनलाई थप विस्तृत गरिएको थियो।

### अन्य स्रोतबाट सूचना तथा जानकारी सङ्कलन

खाद्य तथा पोषण सुरक्षा सम्बन्धी थप जानकारीहरू पत्रपत्रिका, इन्टरनेट, आदाको माध्यमबाट सङ्कलन गरिएको थियो ।

# परिच्छेद २. अवस्था विश्लेषणको नतिजा

# २.१ खाद्य तथा पोषण सुरक्षा सम्बन्धी नीति तथा योजनाहरूको अवस्था

खाद्य तथा पोषण सुरक्षाको अवस्था सुधार गर्न विभिन्न राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय महासन्धि. अभिसन्धि, घोषणाहरूले महत्त्वपूर्ण योगदान दिएका छन्।

## २.१.१ अन्तर्राष्ट्रिय पहलहरू

### बाल अधिकार सम्बन्धी महासन्धि (CRC), १९८९

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्न गैरविभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६ ) र सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता जस्ता चार वटा क्षेत्रमा केन्द्रित हुँदै बाल अधिकारलाई सुनिश्चित गर्नुपर्ने हुन्छ । यी अधिकारहरू बालबालिकाको खाद्य तथा पोषण सुरक्षा विना हासिल हुन असम्भव छ ।

### भोकमरी र कुपोषण सम्बन्धी विश्वव्यापी घोषणा, १९७४

संयुक्त राष्ट्रसंघीय महासभाले सन् १९७४ डिसेम्बर १६ मा भोकमरी र कुपोषण सम्बन्धी विश्वव्यापी घोषणा गरेको हो । उक्त घोषणा नेपाल पक्ष राष्ट्र भएको हुनाले यस घोषणा अनुसार नेपालले भोकमरी र कुपोषण हटाउने प्रतिबद्धता पूरा गर्नुपर्ने हुन्छ ।

### विश्वव्यापी पोषण अभियान – पोषण सम्बन्धी सेवाहरूको बिस्तार

बालबालिका, महिला तथा किशोरीहरूमा हुने कुपोषणको अवस्थामा द्रुतगतिमा सुधार ल्याउन पोषणसम्बन्धी सेवाहरूको विस्तारले विश्वव्यापी अभियानको रूप लिएको छ । विश्वव्यापी रूपमा, SUN मुवमेन्टले बहुसरोकारवाला सहयोगमार्फत कुपोषणको निरन्तर समस्यालाई सम्बोधन गर्दछ । नेपाल सरकारले सन् २०२२ देखि २०३० सम्मको अवधिका लागि पोषण सम्बन्धी प्रतिबद्धता हासिल गर्न पोषणका लागि (एनफोरजी २०२१ अन्तर्गत प्रतिबद्धता अनुसार) करिब रू ९७ अर्ब ३२ करोड लगानी गर्नेछ । नेपालमा, यसले पोषणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आबद्ध भएका सम्बन्धी त सबै निकायहरू  र संयुक्त राष्ट्र संघका एजेन्सीहरू, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय संगठनहरू, प्राज्ञिक र अनुसन्धान संगठनहरू साथै केही निजी व्यवसायहरू सहित साझेदारहरूलाई समन्वयात्मक रूपमा एकीकृत भूमिका खेल्न मद्दत गर्दछ ।

### पोषणसम्बन्धी सेवाहरूको विस्तार सम्बन्धी विश्वव्यापी अभियान (Scaling Up Nutrition-SUN Movement)

संयुक्त राष्ट्र सङ्घको नेतृत्वमा विश्वव्यापी रूपमा सञ्चालनमा रहेको यो अभियानमा हालसम्म नेपाल लगायत ६० देशहरू आबद्ध भइसकेका छन् । अनुकूल राजनैतिक मैत्री वातावरणको बिस्तार र दिगोपना कायम गर्ने, पोषणमा योगदान पुऱ्याउने कार्यहरूलाई प्राथमिकता दिने, संस्थागत व्यवस्था गर्ने, एकीकृत नतिजा खाकासँग सामञ्जस्य हुने गरी तोकिएका कार्यहरू कार्यान्वयन गर्ने र पोषणको लागि आर्थिक स्रोतको वृद्धि गर्ने जस्ता विषय उल्लेख छन् । विगत ५ वर्षमा एसियाली देश नेपाल, बङ्गलादेश लगायत ११ वटा देशले दुई प्रतिशत भन्दा माथिको दरले मध्यम तथा कडा शीघ्र कुपोषण घटाएका छन् ।

## २.१.२ राष्ट्रिय पहलहरू

### २.१.२.१ नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ मा खाद्य सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, महिलाको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक तथा स्वच्छ वातावरणको हकहरूलाई मौलिक हकको रूपमा लिइएको छ । संविधानले स्वास्थ्य, खाद्य सम्प्रभुता, शिक्षा, खानेपानी तथा सरसफाई , लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता विषयहरूलाई राज्यको प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने प्रावधान राखी स्वस्थ र सुपोषित नागरिकको परिकल्पना गरेको छ । नेपालको संविधानमा स्थानीय तहको क्षेत्राधिकार को रूपमा विभिन्न आधारभूत सेवा-सुविधालाई उल्लेख गरेको छ । आधारभूत सेवा-सुविधाको कार्यान्वयनको लागि नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थासम्बन्धी ऐन, २०७४ ले विशेष अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । संविधानले निर्दिष्ट गरे अनुरूप नेपाल सरकारले बि,सं, २०७५ मा राष्ट्रिय खाद्य अधिकार तथा सम्प्रभुता ऐन ल्याएको छ । खाद्य सुरक्षालाई अधिकारको दायरा भित्र ल्याउनु आफैमा एउटा अग्रगामी कदम हो ।

### २.१.२.२ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५

नेपालको संविधान २०७२ (३६) ले प्रदत्त गरेको प्रत्येक नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त संरचना निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्नको लागि नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ तर्जुमा गरेको छ । यसमा खाद्य सम्प्रभुता भन्नाले किसानहरूले उपभोग वा अभ्यास गर्न पाउने देहायका अधिकार सम्झनु पर्छ भनी उल्लेख रहेको छः

- खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागिता जनाउन पाउने
- कृषियोग्य भूमि, श्रम, बीउबिजन र प्रविधि आवश्यकता अनुसार छनौट गर्न पाउने
- खाद्य उत्पादन वा विस्तार प्रणालीसँग सम्बन्धी त व्यवसाय रोज्न पाउने
- कृषि व्यवसायको विश्वव्यापीकरण र व्यापारीकरण प्रतिकूलताबाट मुक्त रहने

उक्त ऐनले विना भेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच हुने, भोकबाट मुक्त हुने, खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने, भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारको खाद्यमा दिगो पहुँच र पोषणमा सहायता गर्ने जस्ता व्यवस्था गरेको छ ।

स्थानीय स्तरमा उत्पादित परम्परागत खाद्य तथा पोषणको प्रबन्ध गर्ने, स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादन, प्रवर्द्धन, बजारीकरण, उपभोक्ताको पहुँच सुनिश्चित, खाद्य तथा पोषण शिक्षा र सूचना, स्थानीय खाद्य समन्वय समितिको व्यवस्था समेत ऐनले गरेको छ । त्यस्तै उक्त ऐनमा लक्षित परिवार तथा विपद्को अवस्थामा तोकिएका व्यक्ति र परिवारलाई नि: शुल्क वा सहुलियत रूपमा खाद्यवस्तुको सहायता स्थानीय तहबाट उपलब्ध गराउनुपर्ने व्यवस्था समेत गरिएको छ ।

समग्रमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ ले खाद्य सम्प्रभुता सम्बन्धी तपशील बमोजिमका मान्यताहरू अङ्गीकार गरेको छ:

- खाद्य उत्पादनकर्ता किसानलाई सम्मान र तिनीहरूको योगदानको कदर गर्नु पर्ने
- सबै जनतालाई पर्याप्त, स्वच्छ र उपयुक्त खाद्यान्नमा जोड दिनु पर्ने

- स्थानीय जनताको खाद्य आवश्यकता पुरा गरेर मात्र व्यापार व्यवसाय गर्नु पर्ने
- मल, बीउ, सिँचाई र जैविक विविधताको प्रयोग र व्यवस्थापनमा किसानहरूको नियन्त्रण हुनुपर्ने
- कृषि व्यवसायलाई प्रविधि मैत्री बनाउन किसानहरूमा ज्ञान, सीपको विकास गराइनु पर्ने
- प्राकृतिक प्रकोप, जलवायु परिवर्तनसँग जुध्ने गरी कृषि प्रणालीको उपयुक्त विकासमा कृषकहरूलाई सक्षम बनाइनु पर्ने ।

### २.१.२.३ बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बालबालिका सम्बन्धी नियमावली २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ (१३) ले बालबालिका सम्बन्धी पोषण र स्वास्थ्यको हक सम्बन्धी व्यवस्था अनुसार प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी र दुई वर्षसम्मका बालबालिकालाई स्थापनाको अधिकारको सुनिश्चितता गरेको छ । त्यसैगरी दिर्घकालीन सोच सहित तयार गरिएको उक्त योजनाले गुणस्तरीय मानव पूँजी निर्माणलाई गर्भवती महिला र बालबालिकालाई रोगहरूबाट प्रतिरक्षा गर्न र शारीरिक र मानसिक स्वास्थ्यका लागि राष्ट्रिय मापदण्ड अनुसार खोप तथा अन्य सेवाहरू प्राप्त गर्ने हक सुनिश्चित गरेको छ ।

### २.१.२.४ पन्ध्रौँ योजना (२०७६/७७ – २०८०/८१)

पन्ध्रौँ योजनाले खाद्य सम्प्रभुता, दिगो खाद्य र पोषण सुरक्षा भएको समाजको परिकल्पना गरेको छ । यसले स्वच्छ र पौष्टिक खाद्यान्नको उपलब्धता र पहुँच बढाएर खाद्य र पोषण सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ। योजनाले मुख्य उद्देश्य तपशील बमोजिम राखेको छ:

- खाद्य असुरक्षा र कुपोषणको जोखिममा रहेका क्षेत्र र समुदायका लागि आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्ने।
- कृषि र गैर कृषि उद्यमहरू मार्फत आम्दानी बढाएर खाद्यान्नमा पहुँच बढाउने।
- खाद्यवस्तुहरूको सरसफाईमा सुधार गरी गुणस्तरीय खाद्य उत्पादनको वितरणमा सुधार गर्ने।

योजनाले खाद्य गरिबी घटेर १० प्रतिशतमा झार्दै आर्थिक वर्ष २०२३/२४ को अन्त्य सम्ममा हालको ४८ प्रतिशतबाट आधारभूत खाद्य सुरक्षा भएका परिवारको संख्या ८० प्रतिशतमा पुऱ्याउने अपेक्षा गरेको छ । त्यसै गरी, योजनाले वर्तमान गम्भीर खाद्य असुरक्षा (खाद्य असुरक्षा अनुभव मापदण्ड अनुसार) जनसंख्याको ७.८ प्रतिशतबाट घटेर २ प्रतिशतमा पुग्ने अपेक्षा गरेको छ। दैनिक न्यूनतम क्यालोरी खपतबाट वञ्चित जनसंख्या ८.९ प्रतिशतबाट ४ प्रतिशतमा झर्ने अपेक्षा गरेको छ । दीर्घकालीन सोच सहित तयार गरिएको उक्त योजनाले गुणस्तरीय मानव पूंजी निर्माणलाई समृद्धिको सूचक र रूपान्तरणका प्रमुख संवाहकको रूपमा लिएको छ । योजनाको परिच्छेद ६ र ७ मा क्रमशः खाद्य सुरक्षा तथा पोषण र स्वास्थ्य तथा पोषण, खाने पानी र सरसफाई, सम्बन्धी व्यवस्था गरिएको छ । खाद्य तथा पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण योजना २०१८-२०२२ लाई केन्द्रमा राख्दै यसको प्रभावकारी कार्यान्वयन गर्ने विषयलाई स्वास्थ्य तथा पोषण क्षेत्रको रणनीतिको रूपमा र एकीकृत खोप तथा पोषण कार्यक्रमलाई योजना अवधिको मुख्य कार्यक्रमको रूपमा लिएको छ ।

### २.१.२.५ दिगो विकास लक्ष्य २०३०

दिगो विकास लक्ष्य २०३० ले कुपोषण र भोकमरीको सामना गर्न विश्वव्यापी प्रतिबद्धता गरेको छ । जस अनुसार लक्ष्य २ ले राम्रो पोषणको आवश्यकतालाई पहिचान गर्दै "भोकको अन्त्य गर्ने, खाद्य सुरक्षा र सुधारिएको पोषण प्राप्त गर्ने, र दिगो कृषिलाई प्रवर्द्धन गर्ने" उद्देश्य राखेको छ ।

नेपालको परिप्रेक्ष्यमा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सजिलो होस् भन्ने उद्देश्यले राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य तथा स्थानीयकरण स्रोत पुस्तिका, २०७७ तयार गरेको छ । नेपालको संविधान तथा कानूनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्य बिच बलियो सम्बन्ध रहेको पाइन्छ । स्थानीय स्तरमा महत्त्वपूर्ण सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्य स्थानीय तहको जिम्मेवारीमा पर्दछ । यी स्थानीय तहको जिम्मेवारीहरूमा कृषि, आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवं संरक्षण प्रमुख रहेका छन् । स्थानीय तहसँग आफ्नो अधिकार क्षेत्रका विषयमा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने जिम्मेवारी र दायित्व रहेको छ । दिगो विकास लक्ष्य हासिल गर्न योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियाहरूका सबै तहमा सार्थक सहभागिता सुनिश्चित हुनु पर्दछ । प्रभावकारी सेवा प्रवाह तथा दिगो विकास लक्ष्यका उपलब्धिहरू सुनिश्चित गर्न पुँजीगत लगानी, सेवा प्रवाहसम्बन्धी चालु खर्च (सञ्चालन तथा मर्मत खर्च) सँग पनि उचित संयोजन गर्नुपर्दछ ।

### २.१.२.६ कृषि विकास रणनीति (२०१५/२०७२ – २०३५/२०९२)

नेपाल सरकारले कृषि क्षेत्रको समग्र विकास एवं मार्ग निर्देशको लागि २० वर्षे कृषि विकास रणनीति (सन् २०१५ -२०३५) ल्याएको छ । खाद्य सम्प्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्रको परिकल्पना सहित आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने रणनीति लिएको छ । कृषि विकास रणनीतिको परिकल्पना पूरा गर्नलाई सुशासन, उत्पादकत्व, व्यवसायीकरण र प्रतिस्पर्धी क्षमताद्वारा कृषि क्षेत्रको द्रुत विकास गर्ने ४ रणनीतिक आधारहरू तय गरिएका छन् । यो रणनीतिले खाद्य जनित गरिबी, पुड्कोपन, कम तौल, ख्याउटेपन, प्रजनन उमेरका महिलामा हुने रक्त अल्पतालाई न्यूनीकरण गर्ने लक्ष्य लिएको छ । समावेशीकरणको प्रवर्द्धन, निजी तथा सहकारी क्षेत्रको विकास, पूर्वाधारहरूको विकास, बहुक्षेत्रीय सञ्जाल मार्फत खाद्य तथा पोषण सुरक्षाको सम्बोधन, गरिबी निवारण, ग्रामीण घरपरिवारको आय वृद्धिका साथै कृषकका अधिकार सुनिश्चित गर्ने अपेक्षा रणनीतिले राखेको छ।

### २.१.२.७ राष्ट्रिय पोषण रणनीति, २०७७

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय पोषण नीति तथा रणनीति २०६१ लाई प्रतिस्थापन गरी राष्ट्रिय स्वास्थ्य नीति २०७६ सँग सामञ्जस्य हुने गरी राष्ट्रिय पोषण नीति २०७७ बनाएको छ । "पोषण विशेष" र "पोषण संवेदनशील" सेवाहरूमा पहुँच बढाई नवजात शिशु, बालबालिका, महिला तथा किशोरीहरूमा हुने सबै खाले कुपोषणलाई उल्लेख्य रूपमा घटाएर पोषण अवस्थामा सुधार ल्याउने यसको लक्ष्य रहेको छ । साथै बहुक्षेत्रिय पोषण योजना २ ले निर्दिष्ट गरे बमोजिम कुपोषणका समस्यालाई समाधान गर्ने उद्देश्य समेत रणनीतिले लिएको छ । यस रणनीतिले राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले पोषण को अवस्था सुधार गर्न जोड दिएका विषय मिसावट युक्त तथा हानिकारक खानालाई निरूत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई बिस्तार गर्ने नीति अवलम्बन गरेको छ।

### २.१.२.८ राष्ट्रिय स्वास्थ्य नीति, २०७६

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले स्वस्थ तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिक निर्माण गर्ने सोच राखेको छ । पोषणको अवस्थालाई सुधार गर्न मिसावट युक्त तथा हानिकारक खाना लाई निरूत्साहित गर्दै गुणस्तरीय तथा स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई बिस्तार गर्ने नीति लिएको छ । यस नीतिका रणनीतिहरूमा बहु क्षेत्रीय पोषण सम्बन्धी नीति तथा खाद्य सुरक्षा लगायतका कार्यक्रमहरू अद्यावधिक गर्दै उच्च प्राथमिकताका साथ लागु गर्ने, महिला तथा बालबालिका लगायत विभिन्न उमेर समूहको सूक्ष्म पोषण अवस्था सुधारका लागि खाद्य विविधीकरण र सन्तुलित आहार उपभोगमा जोड दिँदै सबै तहमा अल्पकालीन , मध्यकालीन र दीर्घकालीन उपायहरू अवलम्बन गर्ने, विद्यालय स्वास्थ्य कार्यक्रम र पोषण शिक्षा लाई सुदृढीकरण गर्दै कार्यक्रम विकास तथा सञ्चालन गर्ने र विभिन्न पोसिलो तथा स्वास्थ्य वर्द्धक खाद्यपदार्थको उपभोगलाई प्रोत्साहन गर्दै घरायसी उत्पादनलाई प्रवर्द्धन गर्ने जस्ता रणनीति लिई पोषण अवस्था सुधार गर्ने लक्ष्य लिएको छ ।

### २.१.२.९ बहुक्षेत्रीय पोषण योजना (२०७५/७६–२०७९/८०)

नेपालमा सन् १९७० मा विश्व खाद्य तथा कृषि संगठनको सहयोगमा खाद्य तथा कृषि मन्त्रालयले बहुक्षेत्रीय खाद्य तथा पोषण योजना र सन् १९७५ मा स्वास्थ्य विभागले स्वास्थ्य, शिक्षा, कृषि र पंचायत क्षेत्रलाई समेत संलग्न गरी बहुक्षेत्रीय योजना तयार गरेको पाइन्छ । तर राष्ट्रिय स्तरमा सन् १९७७ मा राष्ट्रिय योजना आयोग अन्तर्गत राष्ट्रिय पोषण समन्वय समिति गठन भई उक्त समितिले १९७८ मा बहुक्षेत्रीय योजना तयार गर्न नीतिगत मार्गदर्शन प्रदान गरेको पाइन्छ । सोही मार्गदर्शन अनुसार छैटौँ पंचवर्षीय योजना देखि पोषण तथा खाद्य सुरक्षा विषयले राष्ट्रिय विकास योजनामा स्थान पाउँदै आएको छ ।

सन् २००९ मा गरिएको पोषणको लेखाजोखा तथा विश्लेषण प्रतिवेदनले पोषणको स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय प्रयत्न आवश्यक रहेको उल्लेख गरेको छ । उक्त प्रतिवेदनको आधारमा नेपालमा बहुक्षेत्रीय पोषण योजना (२०६९-२०७३) कार्यान्वयनमा ल्याएको थियो । उक्त योजनाको अनुभव समेत लिई तयार गरिएको बहुक्षेत्रीय पोषण योजना- दोस्रो (२०७५/७६–२०७९/८०) हाल कार्यान्वयनमा रहेको छ।

**उक्त योजनाका क्षेत्रगत भूमिकाहरू यस प्रकार छन्:**

**शासकीय सुधार**

पोषणको कार्यक्रम एकीकृत रूपमा कार्यान्वयन गर्न शासकीय पद्धतिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । सहभागितामूलक पद्धतिबाट आवधिक तथा वार्षिक योजनाको तर्जुमा र कार्यान्वयन एवं शासकीय संरचनाबाट पोषण सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनमा गरिने सुधारले पोषण कार्यक्रमहरूमा दिगोपना, पोषणसंग सम्बन्धी त कार्यक्रमहरूलाई प्राथमिकता, क्षेत्रगत कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, खानेपानी, सरसफाई, खोप तथा उपचार, शिक्षा जस्ता आधारभूत सेवा सुविधामा वृद्धि गरी पोषणको अवस्थामा सुधार गर्न सकिन्छ ।

**कृषि तथा पशुपन्क्षी विकास क्षेत्र**

खाद्य पोषण सुरक्षा आफैमा बहुआयामिक विषय हुनुको साथै यसको सुनिश्चितताको लागि कृषि क्षेत्रको अहम् भूमिका रहेको हुन्छ | कृषि तथा पशुपन्क्षी क्षेत्रले सन्तुलित खाद्यवस्तुको उपलब्धता, गुणस्तर, विविधता र दिगोपना जस्ता विषयलाई जोड दिन्छ । खाद्यवस्तुको उत्पादकत्व वृद्धि गर्न, गुणस्तर र दिगोपना कायम गर्न र सन्तुलित खानामा सबैको पहुच पुऱ्याउन नश्ल सुधार, अनुदानमा वृद्धि, बजार पहुँच र विकास, व्यावसायिक उत्पादन, सिंचाई सुविधा, प्रयोगशालाको सुविधा, रैथाने

बालीहरूको संरक्षण र संवर्द्धन जस्ता क्रियाकलापहरू सञ्चालन गरी कृषि तथा पशुपन्छी क्षेत्रले कुपोषण घटाउन मद्दत गर्दछ ।

**स्वास्थ्य क्षेत्र**

राष्ट्रिय पोषण नीति तथा रणनीति स्वास्थ्य क्षेत्रको पोषण सम्बन्धी कार्यक्रमलाई निर्देशित गर्ने प्रमुख नीतिगत दस्तावेज हो । सुक्ष्मपोषक तत्त्वहरूको वितरण, मातृ तथा बाल्यकालीन आहार, स्याहार, कडा तथा मध्यम कुपोषणको उपचार व्यवस्थापन, नवशिशु-बालरोगको एकीकृत व्यवस्थापन जस्ता पोषण लक्षित कार्यक्रमहरू सञ्चालन गरी कुपोषण न्यूनीकरण गर्न स्वास्थ्य क्षेत्रले योगदान दिन्छ ।

**महिला तथा बालबालिका क्षेत्र**

नेपालको महिला तथा बालबालिकाहरूमा न्यून पोषण र अधिक पोषण दुवै प्रकारका पोषणबाट पीडित छन्| यद्यपि अधिक पोषण तुलनामा न्यून पोषणको समस्या अधिक छ । न्यून पोषणको समस्या प्रजनन उमेर पुगेका र ५ वर्ष मुनिका बालबालिकाहरूमा व्याप्त देखिएको छ| न्यून पोषण हुनुमा पोषिला विभिन्न प्रकारका खानामा पहुँच नपुग्नु वा भएको खाद्य पदार्थलाई उचित तरिकाले उपयोग नगर्नु अशुद्ध खानेपानी र सरसफाईबाट हुने संक्रामक रोगहरू र त्यसको समयमै उपचार नहुनु, अधिक कार्यबोझ र न्यून चेतनाको स्तर आदि रहेको छन्|

५ वर्ष मुनिका बालबालिकाहरूको पुड्कोपन, ख्याउटेपन उमेर अनुसार कम तौल, प्रजनन उमेरका महिलाहरूमा रक्त अल्पता तथा दीर्घ शक्ति कमी न्यून पोषण सम्बन्धी  मुख्य समस्याहरू हुन्| कुपोषणमा सुधार ल्याउन महिला तथा बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउनु आवश्यक रहेको छ । महिला सशक्तिकरण, महिलाहरूको आयआर्जन विकास र बिस्तार, विपन्न महिलाको आयमा वृद्धि, लैङ्गिक हिंसा विरूद्ध जनचेतना, बालविवाह न्यूनीकरण, बालबालिका तथा किशोर-किशोरीको संरक्षण, सूक्ष्म पोषणयुक्त खाना प्रवर्द्धन, महिलाहरूको कर्यबोझमा कमी ल्याउने जस्ता क्रियाकलापले महिला र बालबालिकाको पोषण स्थिति सुधारमा योगदान दिन्छ ।

**शिक्षा क्षेत्र**

बालिकाहरूको विद्यालय सहभागितामा वृद्धि गर्न, बालबालिकाको संज्ञानात्मक विकास गर्न, किशोरावस्थामा हुनसक्ने गर्भधारणमा कमी ल्याउन र किशोर किशोरीको पोषणको स्थितिमा सुधार गर्न शिक्षा क्षेत्रको भूमिका प्रभावकारी हुन्छ । खाद्य असुरक्षा बढी भएका, मातृ-शिशु स्वास्थ्यका सूचकहरू कमजोर भएका क्षेत्रमा र विद्यालय भर्नामा लैङ्गिक विभेद बढी भएका विद्यालयमा दिवा खाजा, विद्यालय करेसाबारी तथा फलफूल बगैंचा, खानेपानी तथा शौचालयको सुविधा, किशोरीहरूको शिक्षा आदिको माध्यमबाट पोषण स्थितिमा सुधार ल्याउन सकिन्छ ।

**खानेपानी तथा सरसफाई क्षेत्र**

खानेपानी तथा सरसफाई सरूवा रोगको मुख्य कारण असुरक्षित खानेपानी तथा सरसफाईमा हुने कमी हो । झाडापखाला जस्ता सरूवा रोगबाट बालबालिकाको तौल तथा उचाइजस्ता शारीरिक विकासमा मात्र अवरोध गर्ने नभई विभिन्न रोगको संक्रमण समेत गराउँछ ।जसका कारण व्यक्तिमा दीर्घ कुपोषणको अवस्था सिर्जना हुन्छ । पोषण सुधारका लागि खानेपानी तथा सरसफाई क्षेत्रले सुरक्षित पिउने पानीको पहुँचमा वृद्धि, सुधारिएको चर्पीको प्रयोगमा प्रोत्साहन, फोहोर मैलाको उचित विसर्जन-व्यवस्थापन, साबुन पानीले हात धुने बानीको विकास जस्ता कार्यक्रम सञ्चालन गरी कुपोषण घटाउन मद्दत गर्दछ।

# २.२ सामाजिक आर्थिक अवस्था

## २.२.१ भौगोलिक अवस्थिति तथा प्रशासनिक विभाजन

रोल्पा जिल्लाको पश्चिम दक्षिण सिमानामा पर्ने त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्थित तथा प्रशासनिक विभाजन तालिका १ मा दिएकोछ । यो गाउँपालिकाहरू नेपालको मध्य पहाडी क्षेत्रमा पर्दछन् ।

*तालिका १: भौगोलिक तथा प्रशासनिक विवरण*

| विवरण | त्रिवेणी गाउँपालिका |
|---|---|
| प्रदेश | लुम्बिनी |
| जिल्ला | रोल्पा |
| भौगोलिक स्थिति | ८२"१२ ५२ देखि ८२" ३५ २२ पूर्वी देशान्तर<br>२८"१२ ३६ देखि २८" २२ २५ उत्तरी अक्षांश |
| पालिकाको केन्द्र | जुगार |
| सिमाना | पूर्वमा रोल्पा नगरपालिका, पश्चिममा सल्यान जिल्ला, उत्तरमा माडी गाउँपालिका र गंगा देव गाउँपालिका र दक्षिणमा रून्टीगढी गाउँपालिका अवस्थित छन् । |
| प्रशासनिक विभाजन | ७ वटा वडाहरू |
| पूर्व गाविसहरू | वि.सं. २०७३ सालमा गाउँपालिका बन्नुभन्दा पहिलेका पाँचवटा गा.वि. स.हरु करेटी, नुवागाउँ, बुढागाउँ, जुगार र गैरीगाउँ । |
| हावापानी | समुन्द्री सतह देखी करिव ८६० देखी २८०० मिटर उचाइसम्मको भौगोलिक उचाइमा अवस्थित यस त्रिवेणी गाउँपालिकामा न्यानो समशितोषण हावापानी देखी ठंडा समशितोषण सम्मको हावापानी पाइन्छ। |

स्रोतः त्रिवेणी गाउँपालिकाका पार्श्वचित्र,२०७४

## २.२.२ जनसंख्याको विवरण

*तालिका २: जानसांख्यीक विवरण*

| सूचकहरू | नेपाल | लुम्बिनी | रोल्पा | त्रिवेणी |
|---|---|---|---|---|
| कूल जनसंख्या | २९१६४५७८ | ५१२२०७८ | २३४७९३ | २३४१२ |
| महिला | १४९११०२७ | २६६७६७० | १२४९२२ | १२२४९ |
| पुरूष | १४२५३५५१ | २४५४४०८ | १०९८७१ | १०९४१ |
| लैङ्गिक अनुपात | ९५.५९ | ९२.०१ | ८७.९५ | ८८.९९ |
| घरधुरी संख्या | ६६६६९३७ | ११४१९०२ | ५२२५१ | ५३५७ |
| घर संख्या | ५६४३९४५ | | ४९५९० | ५२५७ |
| जनसंख्या वृद्धिदर | ०.९२ | १.२४ | ०.४३ | ०.४३ |
| औसत परिवारको आकार | ४.३७ | ४.४९ | ४.५ | ४.३७ |
| साक्षरता दर % | | | | ७६.९% |

| | | | | |
|---|---|---|---|---|
| अपाङ्गता भएके जनसंख्या % | २.२% | २.३६% | ३.८% | ३३ |
| पांच बर्ष मुनिका बालबालिका | २४३९२८३ | ४३९८४१ | २४०७९ | २३३९ |

**त्रिवेणी गाउँपालिकाको वडा अनुसार जनसंख्या विवरण**

| वडा | जम्मा जनसंख्या | पुरुष | महिला | घरधुरी | परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | २२७४ | १०३२ | १२४२ | ५०९ | ४.४७ | ८३.०९ |
| २ | ४८७० | २३२५ | २५४५ | १०५९ | ४.६० | ९१.३६ |
| ३ | २६०१ | १२१६ | १३८५ | ६०० | ४.३४ | ८७.०८ |
| ४ | ३९९५ | १८७२ | २१२३ | ८९८ | ४.४५ | ८८.१८ |
| ५ | ३११९ | १५२० | १५९९ | ७२२ | ४.३२ | ९५.०६ |
| ६ | २१११ | ९६८ | ११४३ | ४९४ | ४.२७ | ८४.६९ |
| ७ | ४४४२ | २०९१ | २३५१ | १०७५ | ४.१३ | ८८.९४ |

स्रोतः राष्ट्रिय जनसंख्या तथा घरधुरी गणनाऽ २०२१ को नतिजा (भाग १), राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२३

उपर्युक्त तथ्याङ्कले त्रिवेणी गाउँपालिकामा पुरूष भन्दा महिलाको संख्या बढी देखिन्छ । पछिल्ला वर्षहरूमा यो गाउँपालिकाको जनसंख्या वृद्धिदर (०.४३ प्रतिशत प्रति वर्ष) घट्दै गैरहेको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाले देखाएको छ । यो गाउँपालिकाको औसत परिवारको आकार भने रोल्पा जिल्ला भन्दा कम र राष्ट्रिय औसत बराबर देखिन्छ । त्यस्तै त्रिवेणी गाउँपालिकाको वडा नम्बर २ मा सबै भन्दा बढी जनसंख्या (४८७० जना) रहेको र वडा ६ मा सबै भन्दा कम जनसंख्या (२१११ जना) रहेको छ ।

## २.२.३ अनुपस्थित जनसंख्या

*तालिका ३: अनुपस्थित जनसंख्याको विवरण*

| सूचकहरू | नेपाल | लुम्बिनी | रोल्पा | त्रिवेणी |
|---|---|---|---|---|
| अनुपस्थित जनसंख्या | २१९०५९२ | ४२०९०६ | २००२४ | १९३३ |
| पुरूष | १७९९६७५ | ३६७६७० | १७८१२ | १७०८ |
| महिला | ३९०९१७ | ५३२३६ | २२१२ | २२५ |

स्रोतः राष्ट्रिय जनसंख्या तथा घरधुरी गणनाऽ २०२१ को नतिजा (भाग १), राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२३

यस गाउँपालिकाका जम्मा जनसंख्या मध्ये १९३३ जना अनुपस्थित जनसंख्याको रूपमा रहेको देखिन्छ । प्रायः एउटा घरधुरी बाट एक जना आसपास नै अनुपस्थित रहने सामान्य अवस्था रहन्छ । केही परिवारका एक जना भन्दा बढी सदस्य अनुपस्थित रहेको मान्दा लगभग १५०० घरधुरीका एक वा बढी सदस्यहरू अनुपस्थित रहेको मान्दा लगभग एक तिहाई परिवारमा अनुपस्थित जनसंख्या रहेको देखिन्छ । अनुपस्थित जनसंख्या कुनै न कुनै रूपमा रोजगारीको लागि बाहिर रहने हुनाले यसले अनुपस्थित जनसंख्याका घर परिवारमा केही वैकल्पिक आम्दानीको व्यवस्था हुने देखिन्छ । तर लगभग ५० प्रतिशत भारतमा (तालिका ४) भएको भन्ने तथ्याङ्कले रोजगारीको गुणस्तर राम्रो नभएको तर्फ ईंगित गर्दछ । त्यस्तै अनुपस्थित जनसंख्या धेरैजसो युवा वर्गका हुने हुनाले यसबाट स्थानीय स्तरमा गुणस्तरीय जनशक्तिको अभाव भै गाउँपालिकाको विकास कार्यमा भने प्रत्यक्ष असर गर्ने देखिन्छ।

*तालिका ४: बसोबासको क्षेत्र अनुसार अनुपस्थित जनसंख्या*

| स्थानीय तह | बसोबास गर्ने स्थान अनुसार अनुपस्थित जनसंख्याको प्रतिशत | | | | |
|---|---|---|---|---|---|
| | नेपाल भित्रै अन्यत्र | भारत | खाडी मुलुक | अन्य देश | जम्मा |
| त्रिवेणी गाउँपालिका | २६.२१ | ४८.६८ | २४.३१ | ०.६७ | १०० |

स्रोतः त्रिवेणी गाउँपालिकाको पार्श्वचित्र,२०७४

## २.२.४ भूउपयोगको अवस्था

*तालिका ५: भूउपयोगको विवरण*

| सूचकहरू | रोल्पा | त्रिवेणी गाउँपालिका |
|---|---|---|
| कूल क्षेत्रफल | १८७९ वर्ग कि.मि. | २०५.३९ वर्ग कि.मि |
| जिल्लाको क्षेत्रफलको तुलनामा % | | १३.९८ वर्ग कि.मि |
| खेतीयोग्य क्षेत्रफल | ३६८.४७ वर्ग कि.मि. | ६२.८९५ वर्ग कि.मि |
| खेतीयोग्य क्षेत्रफल (हे.) | ३६८४७ हेक्टर | ६२८९ हेक्टर |
| वनजङ्गलले ढाकेको क्षेत्रफल | | १३५.९ वर्ग कि.मि |
| बस्ती र आवादीले चर्चेको जमिन | | ७.३३५ वर्ग कि.मि |

स्रोतः त्रिवेणी गाउँपालिकाको पार्श्वचित्र,२०७४

तालिका ५ ले यस गाउँपालिमा लगभग ३०.६२ प्रतिशत मात्र खेतीयोग्य जमिन भएको देखिन्छ । यसले पालिकाको न्यून कृषिजन्य उत्पादन क्षमतालाई ईंगित गर्छ । यो स्थानीय तहमा लगभग ६५ प्रतिशत भने वनक्षेत्र छ । यसले वनक्षेत्रको पनि वैज्ञानिक सदुपयोग गर्न सके पालिकाबासीमा खाद्य तथा पोषण सुरक्षाका लागि उपयुक्त खाद्यवस्तुहरूमा पहुँच पुऱ्याउन सकिने अवस्था देखिन्छ ।




*चित्र १: त्रिवेणी गाउँपालिकाको भूउपयोग नक्शा*

## २.२.५ वनजङ्गलको अवस्था

### सामुदायिक वनको संख्या

त्रिवेणी गाउँपालिकामा लगभग ७५ वटा सामुदायिक वन भएको अवस्थाले यी वन उपभोक्ता समितिहरूसँग समन्वय र साझेदारी कार्यक्रमले खाद्य तथा पोषण सुरक्षाका विभिन्न आयाममा योगदान गर्न सकिने देखिन्छ । वडा नं. २ मा जम्मा २६ वटा सामुदायीक वन भएको पाईयो ।

### वनको प्रकार अनुसार ओगटेको क्षेत्रफल

*तालिका ७: वनको प्रकार अनुसार ओगटेको क्षेत्रफल*

| वनको प्रकार | ओगटेको क्षेत्रफल (हे.) |
|---|---|
| सामुदायिक वन | ६९९३.२७ हे |
| कवुलियति वन | ५१.५६ हे |
| राष्ट्रिय वन | ३७०९.१७ हे |
| जम्मा | १०७५४ हे |

त्रिवेणी गाउँपालिकामा वनजङ्गलले लगभग ६६ प्रतिशत क्षेत्रफल ओगटेको र वनजङ्गलले ढाकेको क्षेत्रफलको न्यूनतम ६५ प्रतिशत सामुदायिक वनले ओगटेको अवस्थाले सामुदायिक वनलाई उत्पादनशील (योग्य वनजन्य बाली/ प्राकृतिक उत्पादन) बनाउन सके यसले खाद्य तथा पोषण सुरक्षामा योगदान दिन सक्ने देखिन्छ ।

## २.२.६ नदी र तालहरू

त्रिवेणी खोला यस गाउँपालिकाको मुख्य आकर्षणको केन्द्र हो । यो शिवाङ खोला, चक्रीखोला, गैरी खोला,मिलेर बगेको छ । यहाका अन्य खोलाहरुमा बूढगाउ खोला, भंग्रोबग्री खोला र दुम्ला खोला पर्दछन । यी नदीहरु शुद्ध र प्राकृतिक पानीको अनुपम भण्डार हुन् ।

## २.२.७ साक्षरता सम्बन्धी विवरण

*तालिका ८: त्रिवेणी गाउँपालिकाको साक्षरता विवरण*

| सूचकहरू | रोल्पा | त्रिवेणी गाउँपालिका |
|---|---|---|
| साक्षरता प्रतिशत | ७५.६ | ७६.९ |
| महिला | ६८.४ | ७०.७ |
| पुरूष | ८४ | ८३.९ |

स्रोतः तथ्याङ्क कार्यालय, प्यूठान, २०७५

## २.२.८ हाटबजार र मेलाहरू

*तालिका ९: त्रिवेणी गाउँपालिकाहरूमा सञ्चालित हाटबजार तथा मेलाहरू*

| त्रिवेणी गाउँपालिका | |
|---|---|
| हाटबजार र मेला | कारोबार हुने वस्तुहरू |
| चबिघाट मेला | फलफूल, खेलौना, किरानाका सामान, नास्ताका परिकारहरू आदि । |
| नेर्पा मेला | |

स्रोतः त्रिवेणी गाउँपालिकाका पार्श्वचित्रहरू,२०७४

पालिकामा क्षेत्रमा समय समयमा चल्ने मेलाहरूले पनि स्थानीय उत्पादनको बजारीकरणमा मद्दत गरेको देखिन्छ । हाट बजारको रूपमा नभै धार्मिक मेलाको रूपमा यी बजारहरू सञ्चालन हुने हुनाले खाद्य तथा पोषण सुरक्षाका दृष्टिले आन्तरिक तथा बाह्य उत्पादन बजारीकरणमा धेरै योगदान नदिएको हुनसक्छ । यी मेलाहरूको आधारमा साप्ताहिक/पाक्षिक हाटबजारको प्रचलन गराउन सके उत्पादन बजारीकरणमा योगदान दिई आम्दानी तथा पहुँच विस्तार भै खाद्य तथा पोषण सुरक्षामा टेवा पुग्नेछ।

## २.२.९ गाउँपालिकाको बजेट तथा राजस्व

*तालिका 1विभिन्न आ.व. को बजेटका श्रोतहरु*

| क्र.सं. | बजेटको स्तर | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|
| १ | आन्तरिक आम्दानी तर्फ | ९०००००० | १५०००००० | १०१५०००० |
| २ | नगद मौज्दात रकम तर्फ | | १०५०००००० | १०००००००० |

* स्रोतः त्रिवेणी गाउँपालिकाको वार्षिक नीती, बजेट तथा कार्यक्रम पुस्तिका, आ.व. २०७९/०८०

| | | | | |
|---|---|---|---|---|
| ३ | सशर्त अनुदान | १९०५०० संघ १४८५०००० प्रदेश | २१५८००००० संघ ८५४४००० प्रदेश | २२८३००००० (८०००००० प्रदेशबाट) |
| ४ | वित्तीय समानिकरण अनुदान | ९५२००००० संघ ५०६८००० प्रदेश | १००८००००० संघ ४७१९००० प्रदेश | |
| ५ | राजस्व वाड फाँड | ८०६२४००० संघ ५०१४००० प्रदेश | ८११९२००० संघ ८३१४००० प्रदेश | |
| ६ | विशेष अनुदान | ८०००००० संघ ६०००००० प्रदेश | २२०४९९८७६ संघ ६०००००० प्रदेश | २१००००००० (६० लाख प्रदेशबाट) |
| ७ | समपूरक अनुदान तर्फ | १६७०००००० संघ १५०००००० प्रदेश | १३९००००० संघ १४१९८९००० प्रदेश | २१००००००० (६० लाख प्रदेशबाट) |
| ८ | अन्य श्रोत (दातृ निकाय तथा गैसस) | | | ३५७६५३६१ |
| | जम्मा बजेट | ४४५९५६ | ४९७४४०३५९ | ५४६५७३३६१ |

त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को कूल बजेट. ५४ करोड ६५ लाख ७३ हजार भएको पाइयो (तालिका १०) । आ.व. २०७६/७७ बाट लगभग रु. ५ करोडको दर बजेट वृद्धि भएको देखिन्छ। यस गाउँपालिकामा गैरसरकारी संस्थाहरु मार्फत दातृनिकायहरुबाट पनि विशेष गरी खाद्य पोषण तथा सरसफाई क्षेत्रमा उल्लेख योग्य बजेट विनियोजन भएको पाईयो।

*तालिका ११: त्रिवेणी गाउँपालिकाको क्षेत्रगत बजेट र खर्चको विवरण (आ.व. २०७७/७८ र २०७९/८०)*

| आर्थिक वर्ष | विवरण | क्षेत्रगत बजेट वाँड फाँड र खर्च | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक पूर्वाधार | सामाजिक विकास | आर्थिक विकास | वन वातावरण तथा विपद व्य. | सुशासन तथा संस्थागत विकास | जम्मा |
| २०७६/७७ | बजेट | ६९४९१ | २१५०० | ९००० | १५०० | २००० | १०३४९१ |
| २०७७/७८ | बजेट | १४२४२० | २५९४९७ | ३९७१६ | १९०६७ | ९०५८० | ५५१२४१ |
| | खर्च | ८१७०२ | २१८२९४ | ३०९३७ | ८७५८ | ७७६०६ | ४१७२९८ |
| | खर्च % | ५७.३७ | ८४.१४ | ७७.९ | ४५.९३ | ८५.६८ | ७५.७ |
| कूल बजेटको तुलनामा प्रतिशत | | २५.८३ | ४७.०७ | ७.२ | ३.४६ | १६.४३ | १०० |
| २०७८/७९ | बजेट | ५२३७५ | ४३८१९ | ९००० | ५०१९ | २००० | १०३३०३ |
| २०७९/८० | बजेट | ४९९०० | ५६७५५ | १११९७ | २३०० | १८०० | १२१९५२ |

स्रोतः त्रिवेणी गाउँपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिका, आ).व. २०७८/७९ र २०७९/०८०र त्रिवेणी गाउँपालिका (को आ व ०७७७८ को प्रगति समिक्षा फाराम

क्षेत्रगत रूपमा खाद्य तथा पोषण सुरक्षासँग सम्बन्धित आर्थिक विकास शाखाले लगभग ७ प्रतिशतको हाराहारीमा बजेट विनियोजन हुने गरेको पाइयो । वित्तीय समानिकरण बजेटबाट सबै जसो आर्थिक वर्षहरूमा समान सतरमा बजेट विनियोजन देखिन्छ । वन तथा वातावरण एवं सुशासन तथा संस्थागत विकास क्षेत्रमा भने पछिल्ला वर्षहरूमा घट्दै गएको

पाइन्छ । पोषण स्वास्थ्य सङ्ग सरोकार राख्ने सामाजिक विकास क्षेत्रको बजेट विनियोजन बढ्दै गएको भए पनि खास पोषण स्वास्थ्य क्षेत्रको बजेट यकिन गर्न भने कठिन देखिन्छ ।

आन्तरिक आम्दानी तर्फ भने यस गाउँपालिकामा लगभग १ करोड रुपैंया राजस्व उठ्ने गरेको पाइयो जुन न्यून हो । खोटो रोयल्टी बापत लगभग १२ लाख आम्दानी र तरकारी तथा जडीबुटी निकास कर बापत लगभग ८ लाख आम्दानी हुनुले पालिकाबासीले यी उत्पादनलाई व्यवस्थित तथा व्यावसायिक बनाउँदा हुने सक्ने आम्दानी बढोत्तरीले खाद्य तथा पोषण सुरक्षामा राम्रो योगदान दिन सक्ने देखिन्छ ।

*तालिका १२: त्रिवेणी गाउँपालिकाको विभिन्न आ. व. हरुको राजस्व अनुमान*

| क्र.सं. | राजस्वको श्रोत | २०७६/०७७ को यथार्थ | २०७७/०७८ को सं अनुमान | २०७८/०७९ को अनुमान |
|---|---|---|---|---|
| | आन्तरिक राजस्व | | | |
| १ | वडा कार्यालयबाट प्राप्त हुने राजश्व रकम | १५०० | १५०० | ३००० |
| २ | खोटो रोयल्टी | १२०० | १२०० | १२०० |
| ३ | गाउँपालिका कार्यालयबाट प्राप्त हुने सेवा दस्तुर | १००० | १००० | १५०० |
| ४ | मदिरा जरिवाना दस्तुर | २०० | १५० | १०० |
| ५ | मालपोत कार्यालयबाट जग्गा रजिस्ट्रेसन बापत प्राप्त हुने रकम | १५०० | १५०० | १५०० |
| ६ | रोल्पा सिमेन्ट प्रा.लि. बाट प्राप्त हुने रोयल्टी | ५०० | ५०० | ५०० |
| ७ | ब्याक हो लोडरबाट प्राप्त हुने आम्दानी | १२०० | ८५० | ३५०० |
| ८ | भूमि तथा घर जग्गा रजिष्ट्रेशन कर | २५०० | १००० | १००० |
| ९ | तरकारी तथा जडीबुटी निकासी कर आदि | ८०० | ८०० | ७०० |
| १० | बालुवा तथा गिट्टी निकासी कर | ६०० | ५०० | ७०० |
| | जम्मा | ११००० | ९००० | १३७०० |

स्रोतः आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्य र वार्षिक बजेट तथा कार्यक्रम, २०७८

# २.३ खाद्य तथा पोषणको अवस्था

## २.३.१ खाद्यवस्तुको उपलब्धता

खाद्य तथा पोषण सुरक्षाका लागि पहिलो आवश्यकता सबैलाई वर्ष भरी स्वस्थ तथा सुरक्षित खाद्यवस्तुहरू नियमित रूपमा उपलब्ध हुनसक्ने अवस्था सुनिश्चित हुनु हो । उपलब्धता सुनिश्चित गर्न प्रथमतः पौष्टिक खाद्यतत्वहरू सहितका खाद्यवस्तुहरू पालिका क्षेत्रमा नै उत्पादन गर्न सकिन्छ भने पालिकामा उत्पादन हुन नसक्ने वा न्यून उत्पादन हुने आवश्यक खाद्यवस्तुहरू बजार प्रणालीबाट आपूर्ति गरी आवश्यक समयका लागि भण्डारण तथा संरक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

खाद्यवस्तुको उपलब्धता आकलनका लागि सम्बन्धी त शाखाहरूको तथ्याङ्क, समूहगत छलफल तथा व्यक्तिगत अन्तर्वार्तालाई मुख्य आधार बनाइएको छ । खाद्यवस्तुको आवश्यकता आकलन राष्ट्रिय जनगणना २०७८ अनुसारको त्रिवेणी गाउँपालिकाको जनसंख्यालाई आवश्यक पर्ने प्रति व्यक्ति प्रति दिन आवश्यक खाद्यवस्तु मापदण्ड (के.सी. र देवकोटा, २०७७) अनुरूप गरिएको छ । प्रत्येक खाद्यवस्तु समूह (आहारा समूह) को वासलात बेग्ला बेग्लै अनुमान गरिएको छ (खण्ड २.३.१.१.३ हेर्नुस्) ।

## २.३.१.१ स्थानीय उत्पादन मार्फत उपलब्धता

### २.३.१.१.१ बाली पद्धति

यस गाउँपालिकामा मकै, गहुँ, धान, कोदो, आलु, तोरी र मौसमी र बेमौसमी तरकारीहरूको खेती गरिन्छ | क्षेत्रफलको हिसाबले यस पालिकामा धान खेतीको क्षेत्रफल निक्कै कम रहेको छ | मकै यहाँको प्रमुख खाद्यान्न बाली हो भने तरकारी खेती प्रमुख नगदे बालीको श्रोतको रूपमा रहेको छ । यस पालिकामा उत्पादित खाद्यान्नले करिब ६ महिना धान्ने र बाँकी खाद्यान्नको आपूर्तिको लागि पशुपन्क्षीहरूको बिक्री, तरकारीहरू बिक्री, बन पैदावार (खोटो) र विप्रेषण रहेको छ | गाउँपालिकाको अधिकांश क्षेत्र सुख्खा क्षेत्र रहेकोले कृषि उत्पादन र उत्पादकत्व पनि अन्य पालिकाको तुलनामा कम रहेको छ । यस गाउँपालिकामा मुख्य रूपमा धान र मकैमा आधारित गरी दुई किसिमका बाली पद्धतिहरू प्रचलनमा रहेको पाइएको छ ।

- धानमा आधारित पद्धति: अलि समथर जमिनहरूमा धानमा आधारित बाली पद्धति पाइन्छ । वर्षे यामको मुख्य बाली धान हो भने हिउँदमा मुख्य रूपमा सो जमिनमा गहुँको खेती गर्ने गरिन्छ । वर्षे सिजनमा धानसङ्ग आलिहरूमा भटमास खेती मिश्रित गर्ने चलन हुन्छ भने कसै कसैले मास पनि मिश्रित गरेको पाइन्छ । हिउँदे बाली गहुँसङ्ग मुख्य रूपमा तोरी मिश्रित बालीको रूपमा उपयोग गरिएको हुन्छ भने केराउ पनि मिश्रित बालीको रूपमा पाउन सकिन्छ ।

- मकैमा आधारित पद्धति: पाखो तथा असिंचित जमिनहरूको यस पालिकामा बाहुल्यता छ । यस्ता जमिनहरूमा मकैमा आधारित खेती पद्धति अवलम्बन गरिएको पाइन्छ । धेरैजसो कृषकले मकैमा सिमी मिश्रित बालीको रूपमा खेती गरेको पाइन्छ । केही कृषकहरूले आलु पनि मकै सङ्गै मिश्रित गरेको पाइन्छ । मकै पछि केही कृषकले व्यावसायिक तरकारी गर्ने गरेको पाइन्छ। त्यस्तै आलु एक मुख्य हिउँदे बालीको रूपमा देख्न सकिन्छ । हिउँदे बालीको रूपमा जमिनको प्रकृति अनुसार तरकारी बालीहरू, गहुँ, जौ, तोरी, आदि खेती गर्ने गरेको पाइन्छ ।

- यस बाहेक कोदो फापर आदि पनि यी गाउँपालिकाहरूमा पहिले पहिले यथेष्ट खेती भै प्रमुख खाद्यवस्तुको रूपमा रहने गरेको भएता पनि हाल भात खाने प्रचलन तथा उन्नत बालीहरूले यी रैथाने विविधतायुक्त बालीहरूलाई क्रमशः प्रतिस्थापन गर्दै गई अत्यन्त न्यून रूपमा खेती भएको पाइन्छ ।

त्यस्तै पशुपन्क्षी पालन तथा पशुपन्क्षीजन्य उत्पादनको उपलब्धताको हिसाबले बाख्रा पालन यहाँको मुख्य पशुपालन व्यवसाय हो ।वनजङ्गलको क्षेत्रफल तथा सामुदायिक वनहरूको अवस्थितिले यो पालिका बाख्राको व्यावसायिक पालन गर्न उपयुक्त मानिन्छ । यहाँको जातीय एवं सामुदायिक संरचनाले बङ्गुर पालन पनि धेरैजसो परिवारमा भएको पाइन्छ । तर यसको पालन परम्परागत र अव्यवस्थित भएकोले उत्पादकत्व न्यून रहेको छ । धार्मिक तथा घरायसी उपयोगका दृष्टिले स्थानीय जातका कुखुरा पालनमा धेरैजसो परिवार संलग्न पाइन्छन् यद्यपि कुखुरा पालन बढी निर्वाहमुखी छ। दुध उत्पादन तथा मलखादका लागि गाई र भैसी पालन पनि यहाँ हुने गरेको छ ।

उपर्युक्त विवरणहरू बारे यस गाउँपालिकाको वस्तुस्थिति तल व्याख्या गरिएको छ ।

त्रिवेणी गाउँपालिकाको हकमा खाद्यवस्तु उत्पादन तथा उपलब्धताको अवस्था निम्नानुसार पाइयो ।

### २.३.१.१.२ खाद्यान्न उपलब्धता

*तालिका १३: त्रिवेणी गाउँपालिकामा खाद्यान्न उत्पादन र उपलब्धता*

| खाद्यान्न बाली | घरधुरी | क्षेत्रफल हे. | उत्पादकत्व | उत्पादन मे.ट. | प्रशोधन क्षति | खानयोग्य उत्पादन | जम्मा अन्य प्रयोगक्षति/ | खानयोग्य उत्पादन |
|---|---|---|---|---|---|---|---|---|
| धान | ९०० | १०० | २०१. | २५० | ७३ | १७७ | ११४ | १३६ |
| गहुँ | ४७०० | ८०१ | १५२. | १२२२ | ८९ | ११३३ | ४२५ | ७९७ |
| मकै | ५२०५ | ९२६ | २८६. | २६०१ | १२५ | २४७६ | १४७५ | ११२६ |
| जौ | ४५०० | ५० | २७२. | १३६ | ४ | १३२ | ५५ | ८१ |
| जम्मा | | १८७७ | | ४१५४ | २९१ | ३९१८ | २०६९ | २१४० |

| | |
|---|---|
| जनसंख्या (राष्ट्रिय जनगणना २०७८) | २३४१२ |
| आवश्यक खाद्यान्न (मे.ट.) | ४६६१ |
| सबै अन्य प्रयोग र क्षति बाहेक नपुग (मे.ट.) | २५२१ |
| प्रशोधन क्षति बाहेक नपुग (मे.ट.) | ७४३ |

यस तालिकामा त्रिवेणी गाउँपालिकाको स्थानीय उत्पादन यी बालीहरूलाई अन्य प्रयोजनमा प्रयोग तथा विभिन्न अवस्थामा हुने क्षति कटाउँदा २५२१ मेले .ट.मे ७४३ले न्यून देखिन्छ भने प्रशोधन क्षति बाहेक अन्य प्रयोग तथा क्षति नकटाउँदा .ट. खान योग्य उत्पादन न्यून हुने देखिन्छ ।यसमा क्षति र अन्य उपयोगको रूपमा भण्डारण क्षति, प्रशोधन क्षति, वीउबीजनको रूपमा प्रयोग तथा पशु वास्तुलाई आहारा तथा अन्य प्रयोजन प्रयोगलाई लिईएको छ । उपर्युक्त तालिकाको आधारमा प्रति व्यक्ति प्रति दिन खाद्यान्न उपलब्धता सबै क्षति तथा उपयोग कटाउँदा २२५ ५०.ग्राम हुन आउँदछ भने प्रशोधन क्षति मात्र कटाउँदा ४१२ ८५. ग्राम हुन आउँदछ । सबै भन्दा बढी खेती र उत्पादन गरिने बाली मकै लगभग ५० प्रतिशत अन्य प्रयोजनमा प्रयोग भइरहेको छ ।

### २.३.१.१.३ दलहन उपलब्धता

*तालिका १४: त्रिवेणी गाउँपालिकामा दलहन उत्पादन र उपलब्धता*

| दलहनबाली | खेतीमा संलग्न घरधुरी | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.ट./हे.) | उत्पादन (मे.ट.) |
|---|---|---|---|---|
| मसुरो | ५०० | ५.०९ | १.०५ | ५.३४ |
| चना | ५०० | ५.०९ | ०.५५ | २.८ |
| केराउ | ३००० | २०.३५ | ३ | ६१.०५ |
| सिमी | ४००० | ५०.८७ | ३ | १५२.६२ |
| जम्मा | | ८१.४ | | २२२ |
| जनसंख्या | | २३४१२ | | |

| | | | |
|---|---|---|---|
| प्रति व्यक्ति प्रतिदिन उपलब्धता (ग्राम) | २६.२ | | |
| वार्षिक आवश्यकता (मे.ट.) | | | ६३५ |
| नपुग (मे.ट.) | | | ४१३ |

दलहन तर्फ सिमी त्रिवेणी गाउँपालिकाको प्रमुख बाली हो । बढी जसो जमिन असिंचित एवं पाखो भएको कारणले पनि सिमी तथा केराउको खेती बढी भएको हो । प्रति व्यक्ति प्रति दिन ७५ देखि ९० ग्राम आवश्यक हुने दलहनबाली यस पालिकामा लगभग ४१३ मे नपुग हुने देखिन्छ ।

### २.३.१.१.४ फलफूल उपलब्धता

*तालिका १५: त्रिवेणी गाउँपालिकामा फलफूल उत्पादन र उपलब्धता*

| बाली | घरधुरी | जम्मा क्षेत्रफल | उत्पादकत्व (मे.ट./हे.) | उत्पादन परिमाण (टन) |
|---|---|---|---|---|
| केरा | ४००० | २० | १७.५ | ३५० |
| आँप | २०० | ४ | ०.०१ | ०.०५ |
| ओखर | १०० | १ | १ | १ |
| मेवा | १००० | २ | २० | ४० |
| कागती | ४००० | १०० | १४ | १४०० |
| सुन्तला | ३००० | ६० | १३.५३ | ८१२ |
| जम्मा | | १८७ | १० % क्षति कटाउनु पर्ने । | २६०३.०५ |
| जनसंख्या | | २३४१२ | | |
| प्रति व्यक्ति प्रतिदिन उपलब्धता (ग्राम) | | १६८ | | |
| वार्षिक आवश्यकता (मे.ट.) | | | | १७८४ |
| बचत (मे.ट.) | | | | ८१९.०५ |

त्रिवेणी गाउँपालिकामा सुन्तलाजात फलफूल (सुन्तला र कागती) प्रमुख फलफूल बालीको रूपमा देखिन्छ । बिस्तारै केही रूपमा आँप खेती विस्तार हुँदै गए तापनि यो करेसाबारीमा सीमित देखिन्छ । हालसम्म उत्पादनमा आइसकेको पनि देखिँदैन । समग्रमा यस गाउँपालिकामा ८१९.०५ मे.ट. बचत हुने देखिन्छ ।

### २.३.१.१.५ तरकारी उपलब्धता

*तालिका १६: त्रिवेणी गाउँपालिकामा तरकारी उत्पादन र उपलब्धता*

| क्र. स. | बाली | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.ट./हे.) | उत्पादन परिमाण (मे.ट.) |
|---|---|---|---|---|
| १ | गोलभेँडा | २०० | १५ | ३००० |
| २ | काउली | ३० | १३.५ | ४०५ |
| ३ | ब्रोकाउली | १ | १० | १० |
| ४ | बन्दा | १५० | १२ | १२०० |
| ५ | भेडे खुर्सानी | ६० | ९ | ५४० |

| | | | | |
|---|---|---|---|---|
| ६ | काँक्रो | ५ | १३ | ६५ |
| ७ | मूला | ५० | ९.८ | ४९० |
| ८ | फर्सी, जुकिनी | २० | ८ | १६० |
| ९ | करेला | ३० | ६.६७ | २०० |
| १० | घिरौँला | २० | ८.५ | १७० |
| ११ | गाजर | २ | १३ | २६ |
| | जम्मा उत्पादन (मे.ट.) | | | ४४६६ |
| | विविध क्षति (२० प्रतिशत) कटाउँदा उत्पादन (मे.ट.) | | | ३५७३ |
| | पालिकाको जनसंख्या | | | २३४१२ |
| | प्रति व्यक्ति प्रति दिन उपलब्धता (ग्राम) | | | ४२२ |
| | वार्षिक रूपमा पालिकाबासीलाई आवश्यक तरकारी (३०० ग्राम प्रति व्यक्ति प्रति दिनका दरले) मे.ट. | | | २५३९ |
| | बचत तरकारी (मे.ट.) | | | १०३४ |

त्रिवेणी गाउँपालिकामा तरकारीहरू व्यावसायिक रूपमा खेती भै आय आर्जनको प्रमुख श्रोतको रूपमा रहेको देखिन्छ । यी बालीहरूको उत्पादन पालिकाबासीलाई आवश्यक पर्ने २८४७ मे.ट. भन्दा ७२६ मे.ट. बढी उत्पादन भएको देखिन्छ । उत्पादन धेरै भएता पनि यसको मुख्य अंश बिक्री गरिने हुनाले यसले समग्र आयआर्जन र जीवनस्तरमा सकारात्मक योगदान दिने देखिन्छ तथापि पालिकाबासी माझ यसको वितरण र उपभोगको स्थिति बारे थप विश्लेषण हुनु पर्ने देखिन्छ।

### २.३.१.१.६ आलु तथा कन्दमूलको उपलब्धता

*तालिका १७: त्रिवेणी गाउँपालिकामा आलु उत्पादन र उपलब्धता*

| क्र. स. | बाली | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.ट./हे.) | उत्पादन परिमाण (मे.ट.) |
|---|---|---|---|---|
| १ | आलु | ६० | १२ | ७२० |
| | पालिकाको जनसंख्या | | | २३४१२ |
| | प्रति व्यक्ति प्रति दिन उपलब्धता (ग्राम) | | | ८५ |
| | वार्षिक रूपमा पालिकाबासीलाई आवश्यक आलु तथा कन्दमूल (७५- १०० ग्राम प्रति व्यक्ति प्रति दिनका दरले) मे.ट. | | | ६३५ |
| | बचत आलु (मे.ट.) | | | ८५ |

आलु तथा कन्दमूलको हकमा भने आवश्यक भन्दा लगभग बचत मे.ट. बचत उत्पादन भएको देखिन्छ तथापि यसको वितरण तथा उपभोगको स्थिति बारेमा थप व्याख्या हुन जरूरी छ जुन पहुँच र उपभोग सम्बन्धी खण्डमा थप व्याख्या गरिनेछ ।

### २.३.१.१.७ तेलहन तथा अन्य बालीको उपलब्धता

*तालिका १८ : त्रिवेणी गाउँपालिकामा तेलहन तथा अन्य बालीको उपलब्धता*

| क्र. स. | बाली | घरधुरी संख्या | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.ट./हे.) | उत्पादन परिमाण (मे.ट.) |
|---|---|---|---|---|---|
| १ | तोरी | २५०० | १०१.७५ | १.०५ | १०७ |
| २ | मौरि पालन | | २००० घार | | ५००० के.जि. |
| पालिकाको जनसंख्या | | | | | २६००० |

### २.३.१.१.८ पशुपन्छीजन्य उत्पादनको उपलब्धता

*तालिका 2: त्रिवेणी गाउँपालिकामा पशुपन्क्षीजन्य उत्पादनको उपलब्धता*

| पशुपन्क्षीको किसिम | | *उत्पादन* | | | |
|---|---|---|---|---|---|
| | संख्या | दूध *(लिदिन/)* | मासु (क्विन्टल) | उन केजी | अण्डा (हजार) |
| *गाई* | ३५०० | २००० | | | |
| *भैंसी* | १०० | २१० | | | |
| *बाख्रा* | १६००० | | २५०० | | |
| *भेडा* | ५००० | | ११०० | | |
| *सुँगुर/ बंगुर* | ६००० | | २४०० | | |
| ग्रामण *कुखुरा* | २०००० | | ३०० | | १२०० |
| जम्मा | | २२१० | ६३०० | ५००० | १२०० |
| पालिकाको जनसंख्या | | | | | २३४१२ |
| प्रति व्यक्ति प्रति दिन उपलब्धता (ग्राम) | | ९५ | | | |
| प्रति व्यक्ति प्रति दिन आवश्यकता (ग्राम) | | 240 | ३० | | ३० |
| पालिकाबासीलाई आवश्यक | | ५५६५.६ | २५३९ | | ५०७८ |
| सन्तुलन | | -३३५६ | ३७६१ | | -३८७८ |

तालिकाले त्रिवेणी गाउँपालिका मासु उपलब्धताको हिसाबले बचतको अवस्थामा देखिन्छ । यसले वितरणको अवस्था स्पष्ट रूपमा नदेखिए पनि वितरण व्यवस्था सुधार गरी बजार व्यवस्थित गर्दा थप आयआर्जन पनि भै खाद्य तथा पोषण सुरक्षामा योगदान दिने देखिन्छ । यसमा माछाको उपलब्धतालाई बारे थप अध्ययन गर्नुपर्ने देखिन्छ । अण्डाको हकमा भने आवश्यकता भन्दा धेरै नै न्यून उपलब्धता छ । यसका लागि पालिकाले कार्यक्रम सहित आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

### २.३.१.१.९ आवश्यक खाद्यवस्तुहरूको प्रति व्यक्ति उपलब्धता

त्रिवेणी गाउँपालिकाहरूको कृषि तथा पशुपन्क्षी जन्य उत्पादनहरूको उपर्युक्त परिदृश्यबाट समग्रमा प्रतिव्यक्ति विभिन्न खाद्यवस्तुहरू उपलब्धता निम्नानुसार पाइन्छ ।

*तालिका २० : त्रिवेणी गाउँपालिकामा प्रति व्यक्ति खाद्यवस्तुको उपलब्धता*

| खाना समूह | एकाई | दैनिक आवश्यकता * | प्रति व्यक्ति उपलब्धता | कैफियत |
|---|---|---|---|---|
| खाद्यान्न | ग्राम/दिन | ४००-६०० | २२५.५ | न्यून |
| दलहन | ग्राम/दिन | ७५-९० | २३.३७ | न्यून |
| फलफूल | ग्राम/दिन | १०० | २७४.९८ | बचत |
| तरकारी | ग्राम/दिन | २५०-३५० | ३७६ | बचत |
| माछा मासु | ग्राम/दिन | ३० | ७१.१३ | बचत |
| दूध तथा दूधजन्य पदार्थ | ग्राम/दिन | २००-३०० | ४७४ | बचत |
| अण्डा | ग्राम/दिन | ३० | ४.४७ | न्यून |
| आलु तथा कन्दमूल | ग्राम/दिन | ७५-१०० | ७५.८६ | ठिक्क |

स्रोतः फिल्ड अध्ययन; * देवकोटा र के. सी. २०७७, खाद्य तथा पोषण सुरक्षा पुस्तिका

माथि प्रस्तुत स्थानीय स्तरमा खाद्यवस्तुको उत्पादन तथ्याङ्कहरूले गाउँपालिकामा मुख्य खाद्यान्नहरूको उपलब्धता त्यहाँको आवश्यकताको आधा मात्र हुने देखिन्छ । त्यस्तै अण्डाको उपलब्धता आवश्यकता भन्दा अत्यन्तै न्यून देखिन्छ । आवश्यकता भन्दा न्यून उपलब्ध हुने अन्य खाद्य उत्पादनमा त्रिवेणीको हकमा दूध र आलु पर्दछन् । त्रिवेणीको हकमा मासुको उत्पादन आवश्यकताको हाराहारीमा भएको देखिन्छ भने त्रिवेणी गाउँपालिकामा दालबाली, फलफूल र तरकारीको उत्पादन आवश्यकता भन्दा धेरै भएको पाइयो ।

## २.३.१.२ उत्पादनका लागि समस्या र चुनौतिहरू

स्थानीय स्तरमा खाद्यवस्तु उत्पादन मार्फत उपलब्धता सुनिश्चिततालाई निम्नानुसारका समस्या तथा चुनौतीहरूले असर गरेको पाइयो

**खेतीयोग्य जमिनको न्यूनता**

*तालिका २१: त्रिवेणी गाउँपालिकाका घरधुरीहरूको जग्गाको आकार (रोपनीमा)*

| प्रति परिवार जमिनको उपलब्धता | घरधुरी प्रतिशत |
|---|---|
| १-५ रोपनी | ६३.१ |
| ६-१० रोपनी | २८.२ |
| ११-१५ रोपनी | ५.९ |
| १६-२० रोपनी | १.६ |
| >२० रोपनी | १.२ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

तालिका २१ अनुसार ६३ प्रतिशत भन्दा बढी धरधुरीसङ्ग ५ रोपनी वा कम मात्र खेतीयोग्य जमिन भएको अवस्थाले यहाँका बासिन्दालाई आफ्नै कृषिजन्य उत्पादनले खान पुग्ने खाद्यवस्तु उपलब्ध हुनसक्ने अवस्था देखिँदैन । लगभग ९० प्रतिशत

धरधुरीसङ्ग १० रोपनी वा कम मात्र खेतीयोग्य जमिन भएको पाइयो । यसले त्रिवेणी गाउँपालिकामा खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न आयआर्जनको वैकल्पिक व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**पाखो तथा असिंचित जमिन**

*तालिका २२: त्रिवेणी गाउँपालिकाका सिंचाईको स्रोत*

| कृषि उत्पादनका लागि सिंचाईका स्रोतहरू | घरधुरी प्रतिशत |
|---|---|
| वर्षातको पानी मात्र | ९१.४ |
| सिंचाई पोखरी | ०.८ |
| वर्षातको पानी सङ्कलन पोखरी | १.२ |
| फोहोरा सिंचाई प्रणाली | १.२ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

यस गाउँपालिकाको धेरैजसो खेतीयोग्य जमिनमा सिंचाईको कमी हुनुको साथै आकाशे पानी को भरमा खेती हुने हुँदा उत्पादन पनि कम हुने र जमिन र जमिनको भूगोल पनि बढी जसो भिरालो हुँदा (चित्र २) खेतीयोग्य जमिनको न्यूनता देखिन्छ ।




*चित्र २ त्रिवेणी गाउँपालिकाको जमिनको उचाईको नक्शा*

यसले पनि खाद्य उपलब्धतामा चुनौती थपेको छ । वैज्ञानिक गह्रा सुधारका साथै सिंचाईका उपयुक्त पूर्वाधारमा लगानी गर्न सके खेतीयोग्य जमिनको उत्पादन क्षमता वृद्धिका साथै क्षेत्रफल समेत विस्तार भै खाद्यवस्तु उपलब्धतामा टेवा पुऱ्याउन सक्नेछ । यस पालिकामा पानीको श्रोतको भने कमी देखिँदैन (RRN, 2022) यद्यपि जमिनको भूबनोटले भने निर्माण लागत बढी लाग्नेछ । लिफ्ट सिंचाई तथा पानी सङ्कलन पोखरीहरू (वर्षात तथा अन्य) यस पालिकाको लागि उपयुक्त सिंचाई प्रविधिहरू हुनेछन् । केही स्थानहरूमा साना स्तरका सतह सिंचाईका कुलो आदि पनि निर्माण गर्न सकिने पाइयो । हाल

यहाँको मुख्य सिंचाईको स्रोतको रूपमा व्यक्तिगत खानेपानीको धाराहरू तथा साना पोखरीहरूको उपयोग भएको पाइयो । यहाँको सिंचाईको स्रोतहरूलाई मध्यनजर गरी यहाँका बासिन्दाहरूले पनि विशेष गरी सिंचाई पोखरीको माग बढी गरेको पाइयो (तालिका २३) ।

*तालिका २३: त्रिवेणी गाउँपालिकाका सिंचाईको आवश्यकता सम्बन्धी धारणा*

| सिंचाईको आवश्यकता सम्बन्धी कृषकको धारणा | घरधुरीको प्रतिशत |
|---|---|
| सुधार गर्नुपर्ने सिंचाईका स्रोतहरू | |
| सिंचाई पोखरी | ७४.९ |
| सतह सिंचाईका कूलाहरू | ५.९ |
| फोहोरा सिंचाई प्रणाली | ३३.३ |
| थोपा सिंचाई प्रणाली | ०.४ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

## सिंचाइको स्रोत




*चित्र 1 रोल्पा जिल्लाका प्रमुख नदीनालाहरु अंकित नक्शा*

त्रिवेणी गाउँपालिकामा पानीको स्रोतको रूपमा नदी तथा खोलाहरू र मुहानहरू पाइयो जसको पालिका तथा वडा अनुसारको सूचि तलिकाहरूमा दिईएको छ । त्रिवेणी गाउँपलिकाका वडाहरू अनुसार सिंचाईका लागि उपलब्ध हुन सक्ने पानीका स्रोतहरू तालिका २४ मा उल्लेख गरिएको छ ।

*तालिका २४: त्रिवेणी  गाउँपालिकाका सिंचाईको लागि पानीको स्रोतहरू*

| टोल | सिञ्चित क्षेत्रफल | अ*सिञ्चित* क्षेत्रफल | नजिक सम्भावित मुहान | *कमान्ड* एरिया |
|---|---|---|---|---|
| वडा न१ . | | | | |
| शिवांगधारा | १०% | ९०% | ओमर खोला | |
| टुक्ला | १०% | ९०% | ख्नुनर खोला | |
| सिर्कातुना | १०% | ९०% | दोबाटो | |

| | | | | |
|---|---|---|---|---|
| सिरुवाली | १०% | ९०% | | |
| यारी | १०% | ९०% | यारी खोला | |
| करेती | १०% | ९०% | रेशम खोला | |
| जेलवांग | १०% | ९०% | कुहने पहरा | |
| सुवादह | १०% | ९०% | | |
| हुन्नुंग | १०% | ९०% | गैरी खोला | |
| वार्ड नर२ . | | | | |
| दहबन | १०% | ९०% | चक्री खोला बाट लिफ्टिंग | |
| रामपुर | २०% | ८०% | | |
| सिराले | २०% | ८०% | | |
| बर्तिवांग | २०% | ८०% | | |
| डाफ्ला | २०% | ८०% | | |
| द्यांग | २०% | ८०% | | |
| सारगे | २०% | ८०% | | |
| सुमनंग | २०% | ८०% | | |
| डाडागाउँ | २०% | ८०% | | |
| वार्ड नर३ . | | | | |
| लिग्दुंग | २०% | ८०% | लिग्दुंग खोला | १५०० रोपनी |
| वालिदांडा | २०% | ८०% | रामे डांडा खोला | ५०० रोपनी |
| दैजे गाउ | २०% | ८०% | झाक्री खोला | २० रोपनी |
| हार्वांग | २०% | ८०% | घुत घुते खोला | २० रोपनी |
| माथिल्लो रामी डाँडा | २०% | ८०% | गेपे खोला | ३०० रोपनी |
| छाप | २०% | ८०% | वावांग खोला | ३०० रोपनी |
| लिखर भिर | २०% | ८०% | दैजे खोला | २०० रोपनी |
| वार्ड नर४ . | | | | |
| पुन गाउँ | २०% | ८०% | धारा खोला | ५५० रोपनी |
| राल्वांग | २०% | ८०% | रल्वांग उपल्लो धार खोला | ४०० रोपनी |
| छेप | २०% | ८०% | छवीखोला | ५७६ रोपनी |
| गमाली चौर | २०% | ८०% | भुमर खोला | १९६ रोपनी |
| दखा गाउ | २०% | ८०% | मेल्वात् मुहान | ३१५ रोपनी |
| जराका | १०% | ९०% | ठुलो खोला | ४२५ रोपनि |
| मुमुर्पाली | १०% | ९०% | तार मुहान | २५ रोपनी |
| वार्ड नर५ . | | | | |
| हान्ज्वांग | १०% | ९०% | दायर खोला | २०० रोपनी |
| सिद्दपुर | १०% | ९०% | दंदेव | २०० रोपनी |
| जंगर कोट | १०% | ९०% | घल्बिर खोला | १५० रोपनी |
| लाम डाँडा | १०% | ९०% | छहारा खोला | २०० रोपनी |

| | | | | |
|---|---|---|---|---|
| जिउला लाखर | १०% | ९०% | झाजर् कुलो | ३०० रोपनी |
| जरिवांग | १०% | ९०% | सिमा खोला | ५० रोपनी |
| केस्रा कुनेरा | १०% | ९०% | झाजर कुलो | ४० रोपनी |
| कोहोर, लानेता | १०% | ९०% | बुदरे पानि | ५० रोपनी |
| वार्ड न६ . | | | | |
| जावाला | २०% | ८०% | जावला खोला | ६० रोपनी |
| फुला हालंग | २०% | ८०% | फुला हालंग खोला | ८० रोपनी |
| काउला बोट | २०% | ८०% | चोर खोला | ५० रोपनी |
| घोरते ओडार | २०% | ८०% | घोरते ओडार खोला | ७५ रोपनी |
| सिम्वाली गैरा | २०% | ८०% | गैरा खोला | ६० रोपनी |
| धारम | २०% | ८०% | धारम खोला | ७५ रोपनि |
| वार्ड न७ . | | | | |
| वर्जि वांग | २०% | ८०% | खार खोला | ५ हे |
| मान पोखरी | २०% | ८०% | दुम्ला खोला | २ हे |
| हिरिंगधना | २०% | ८०% | कमेरी खोला | ४ हे |
| वोवांग साबिक) ५ न(. | १०% | ९०% | धने खोला | २५ हे |
| रीतिमा | १०% | ९०% | जिवांग खोला | २० हे |
| गेडवांग | १०% | ९०% | मोह्मुल खोला | २० हे |
| राना गाउँ | १०% | ९०% | गाड खोला | ४० हे |
| करु गाउँ | १०% | ९०% | गंगार खोला | ३० हे |

उपर्युक्त तालिकाले गाउँपालिकाको अधिकांश जमिन असिंचित देखिन्छ । यद्यपि धेरैजसो वडाका गाउँटोलहरूमा सिंचाईको स्रोतको रूपमा खोलाहरू उपलब्ध देखिन्छन् । धेरैजसो खेतीयोग्य जमिनको अवस्थिति उक्त खोलाहरू भन्दा माथिल्लो भागमा भएकोले सिंचाईको लागि लिफ्टिङ्ग प्रविधि उपयुक्त हुनसक्ने देखिन्छ ।

**जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपको जोखिम**

सामान्यतया त्रिवेणी गाउँपालिकामा बासिन्दाहरूले हावापानीमा आएको परिवर्तन बारे उल्लेख गरेको पाइयो । हाल आएको मुख्य परिवर्तन मन समयमा पानी नपर्नु र भएका पानीका मुहानहरु पनि सुक्दै गएकोले जसले गर्दा वर्षातको पानीमा निर्भर हुने खेतीको उत्पादनमा निकै ह्रास आएको जानकारी प्राप्त भयो । दलहन बालीको उत्पादनमा पनि हाल कमी आएको पाइयो । त्यस्तै अन्य बालीको उत्पादनमा पनि असर परेको कुरा छलफलको क्रममा जानकारी पाइयो । विशेष गरी फलफूल बालीहरुमा फूल पुल्ने र फल लाग्ने समय फरक पर्दै गएको ता उत्पादनमा पनि असर परेको कुरा छलफलका क्रममा व्यक्त भएको थियो । जलवायु परिवर्तन र यसका असरहरू न्यूनीकरण गर्न केही प्रयासहरू भएको छलफलका सहभागीहरूले बताएका थिए । उदाहरणको रूपमा बालीको जात परिवर्तन, माटोको परीक्षण, रोग किरा नियत्रण, जैविक खेती प्रणाली आदि तर्फ ईंगित गरिएको थियो ।

### प्राविधिक सेवा तथा उत्पादन सामाग्रीको उपलब्धता

यस गाउँपालिकामा गरिएको आधार रेखा सर्वेक्षण (RRN, 2022) मा किसानहरूले तालिका २५ अनुसारको कृषि सेवा लिएको पाइयो । मुख्य रूपमा स्थानीय तहबाट प्राप्त गरिएका यस्ता सेवाहरूमा बीउ बिजन प्राप्त भएको देखिन्छ ।

*तालिका २५: कृषकहरूले पाएको सहयोग-प्रतिशतमा*

| प्राप्त गरेको कृषि सम्बन्धी सहयोग | प्राप्त गर्ने घरधुरी प्रतिशत |
|---|---|
| बीउ | १०० |
| मल खाद | २० |
| बाली तथा पशुपन्क्षी बीमा | ० |
| बजारमा उत्पादनको ढुवानी | ० |
| स्थानीय सरकार | ८० |
| गैरसरकारी संस्थाहरू | २० |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

सोही सर्वेक्षणमा उत्तरदाता किसानहरूले बीउ बिजन मल लगायत उत्पादन सामाग्रीहरू नीजहरूको प्रमुख आवश्यकताको रूपमा माग गरेको देखिएकोले तालिका नं. २५ मा भनिएको बीउको उपलब्धता आवश्यकता अनुसार धेरै नै नपुग तथा व्यावसायिक खेतीका लागि नभएको बुझिन्छ ।

*तालिका २६: किसानहरूको आवश्यकता सम्बन्धी धारणा*

| कृषिमा सुधारका लागि आवश्यक सा स्रोतसाधनहरू | उत्तरदाताको प्रतिशत (%) |
|---|---|
| कृषि प्रणाली सुधारका लागि आवश्यकता सम्बन्धी कृषकहरूको धारणा | |
| उत्पादन सामाग्री सहयोग (बीउ, बेर्ना, आदि) | ८९.४ |
| पर्याप्त मल खाद | ४३.९ |
| प्राविधिक तालिम | ८५.५ |
| पर्याप्त विषादी | ६०.८ |
| जलवायु परिवर्तन प्रतिरोधी/अनुकूलित बाली | १.२ |
| विविधतायुक्त बाली | ६.३ |
| नयाँ बाली तथा जातहरू भित्र्याउने | ६.३ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

यसबाहेक समय सापेक्ष उपयुक्त तथा उन्नत प्रविधि तथा सो बारेमा क्षमता अभिवृद्धिका लागि तालिमहरूको पनि कमी उपरोक्त तालिकाले देखाएको छ । यसका लागि गाउँपालिकाले सम्बन्धी त प्राविधिक शाखा (कृषि विकास शाखा/ पशुपन्छी विकास शाखा, आदि) हरूलाई सशक्त बनाउँदै क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

### २.३.१.२ बजार र उपलब्धता

पालिकामा उत्पादन हुन नसक्ने वा न्यून उत्पादन हुने आवश्यक खाद्यवस्तुहरू बजार प्रणालीबाट आपूर्ति गर्न सकिनुका साथै केही अवधिका लागि संस्थागत पहलबाट संरक्षण तथा भण्डारण गर्न पनि सकिन्छ । अध्ययनको क्रममा अध्ययन गरिएका गाउँपालिकाहरूमा बजारमा खाद्यवस्तु आयात निर्यात तथा सञ्चितिको यकिन तथ्याङ्क प्राप्त हुन कठिनाइ भयो ।

### २.३.१.२.१ बजार र संचितिकरणका लागि समस्या र चुनौतीहरू

**क्वारेन्टिन र विषादी परिक्षण**

बजारमा आउने कृषि तथा पशुपन्छीजन्य खाद्यपदार्थहरूको गुणस्तर, स्वस्थता तथा सरक्षितपना बारेमा नियमित तथा परीक्षण गर्ने कार्य नेपालमा नै कमजोर भएको परिप्रेक्ष्यमा यस गाउँपलिकामा सबल हुने प्रश्नै उठ्दैन । तथापि यो गाउँपालिका दाङ तथा प्युठान तर्फबाट रोल्पा जिल्लाका लागि नै प्रवेशद्वारको रूपमा रहेकाले स्वच्छ र स्वस्थ खाद्यवस्तु जिल्ला भित्र निकासीका लागि जिल्लाका अन्य स्थानीय तहहरू तथा प्रदेश सरकार समेतसङ्ग समन्वय गरी आयात निर्यात व्यवस्थित गर्नुपर्ने देखिन्छ । यसले आन्तरिक क्वारेन्टिन व्यवस्थित भै कृषि तथा पशुपन्क्षीजन्य रोग किराहरू नियन्त्रणमा मद्दत मिल्नुको साथै नाकाहरू विषादी परीक्षण व्यवस्थापन गर्न सके पालिकाबासीले स्वस्थ र स्वच्छ आयातित खाद्यवस्तु उपभोग गर्न सक्ने अवस्था सृजना हुनेछ । विशेष गरी तरकारी उत्पादन क्षेत्रमा विषादीहरूको अनियन्त्रित प्रयोग भइरहेको भन्ने प्रारम्भिक सर्वेक्षणको क्रममा देखिएको अवस्थामा आन्तरिक उत्पादन पनि सुरक्षित भै पालिकाबासीलाई स्वस्थ र सुरक्षित खाद्यवस्तु उपलब्ध हुने अवस्था बन्नेछ ।

**आयात निर्यातको अभिलेख व्यवस्थापन प्रणाली**

पालिकाका बजारहरूमा आपूर्ति भएको खाद्यवस्तुहरूको यकिन तथ्याङ्क प्राप्त गर्न परामर्शदाताले सकेन । अन्य कुनै प्रकाहित सामाग्री तथा संस्था/निकायका अभिलेहहरूबाट पनि उक्त तथ्याङ्क प्राप्त गर्न सकिएन । यसकालागि गाउँपालिकाले एक आयात निर्यात नीति बनाई अभिलेख व्यवस्थापनलाई पनि चुस्त तथा आधुनिक बनाउन सकेमा आगामी योजनाहरू पनि यथार्थपरक रूपमा तर्जुमा गर्न मद्दत पुग्ने हुन्छ । बजारमा आपूर्ति भएको भण्डारणमा रहेको खाद्यवस्तुहरूको तथ्याङ्कको अभावमा वास्तविक रूपमा के कति कुन खाद्यवस्तुहरूको उपलब्धता पुग्दो वा नपुग छ भन्ने विश्लेषण गर्न कठिन भएको छ ।

**खाद्यान्न भण्डारणको अवस्था**

यस गाउँपालिकामा नेपाल रेडक्रस सोसाइटी, नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लगायतका संस्थाहरू वा गाउँपालिकाको लगानीमा कुनै प्रकारको खाद्यवस्तु गोदाम वा भण्डारण घरहरूको व्यवस्था नभएकोले विपदको अवस्थामा खाद्यवस्तुहरू संस्थागत रूपमा आपूर्तिमा कठिनाइ हुने देखिन्छ । यहाँका विभिन्न बजारहरूमा स्थानीय व्यापारीहरूले आफ्ना निजी गोदामहरूमा केही खाल वस्तुहरू संचिति गरी बिक्री वितरण गर्ने गरेको पाइयो । त्यस बाहेक दाङका व्यापारीहरूले आफ्ना ढुवानी साधनहरूमा खाद्यवस्तुहरू ल्याई घरघरमा बिक्री गरी दाङ फिर्ता जाने प्रचलन पनि पाइयो जसले पालिकाहरूको खाद्यवस्तु उपलब्धताको यकिन तथ्याङ्क प्राप्त हुन कठिनाइ हुने देखियो।

## २.३.२ पोषिलो तथा सुरक्षित खाद्य पदार्थमा पहुँच

मुख्य रूपमा ३ वटा पक्षहरूको संयोजनले मानिसहरूमा पोषिलो तथा सुरक्षित खाद्यवस्तुहरूमा पहुँच बढाउन सकिन्छ: आफैसङ्ग त्यस्ता खाद्यवस्तुहरूको उपलब्धता, त्यस्ता खाद्यवस्तुहरू खरिद गर्न थप बम्दानीका स्रोतहरूको विकास तथा भएको आम्दानी तथा त्यस्ता आम्दानीका स्रोतहरूको सदुपयोगबाट खाद्यवस्तुमा पहुँच बढाउन उपयुक्त सहयोगी पूर्वाधारहरूको उपलब्धता ।

### २.३.२.१ कृषिजन्य स्थानीय उत्पादनबाट आम्दानी

त्रिवेणी गाउँपालिकामा खाद्य तथा पोषण सुरक्षाका लागि खाद्यवस्तुमा पहुँच सुनिश्चितता गर्न निम्नानुसारको अवस्था भएको पाइयो ।

**कृषिजन्य उत्पादनबाट खपत पश्चात आम्दानी सन्तुलन**

*तालिका २७: त्रिवेणी गाउँपालिकामा कृषिजन्य उत्पादनबाट खपत पश्चात आम्दानी सन्तुलन*

| क्र.सं. | कृषि उत्पादन समूह | एकाई | जम्मा उत्पादन | जम्मा आवश्यकता | अपुग/बचत | औसत मूल्य | अपूग/ बचतको मूल्य |
|---|---|---|---|---|---|---|---|
| १ | खाद्यान्न (खान योग्य) | मे.ट. | २१४० | ५२२६ | -३०८६ | २०००० | -६१७२० |
| २ | दलहन | मे.ट. | २२२ | ७१२ | -४९० | १०००० | -४८९९.४० |
| ३ | फलफूल | मे.ट. | २६२५ | ९४९ | १६७६ | ४०००० | ६७०४० |
| ४ | तरकारी | मे.ट. | ३५७३ | २८४७ | ७२६ | २५००० | १८१५० |
| ५ | आलु | मे.ट. | ७२० | ७१२ | ८ | ३०००० | २४७.५० |
| ६ | दूध | लि. | ४५००००० | २३७२५०० | २१२७५०० | ६५ | १३८२८८ |
| ७ | माछा/मासु | के.जि. | ६७५००० | ३४९६७७ | २८४७०० | ४०० | ११३८८० |
| ८ | अण्डा | गोटा | ८००००० | ५३७१६९८ | -४५७१६९८ | १५ | -६८५७६ |
| ९ | ऊन | के.जि. | ५००० | ० | ५०००० | १००० | ५०००० |
| १० | तोरी | मे.ट. | १०७ | | १०७ | ८०००० | ८५६० |
| ११ | मसला बाली | मे.ट. | ७७११ | | ७७११ | ६०००० | ४६२६६० |
| १२ | मह | के.जि. | ५००० | | ५००० | ७०० | ३५०० |
| जम्मा रु. हजारमा | | | | | | | ७२७१३० |

मुख्य खाद्यान्न बालीहरूको उत्पादनको अवस्था लगभग एक तिहाईले नपुग भए पनि समग्र कृषिजन्य उत्पादनबाट भएको आम्दानीले भने आवश्यक खाद्यतत्वहरू सहितका खाद्यवस्तुहरू खरिद गरी परिपूर्ति गर्न सकिने अवस्था देखिन्छ । यसले केही बचत भै अन्य आवश्यकता पनि परिपूर्ति गर्न सक्ने अवस्था छ । भएको कृषिजन्य उत्पादनको वितरण अवस्था बारेमा भने थप अध्ययन गर्नु पर्ने देखिन्छ जसले खाद्य तथा पोषण असुरक्षित घरधुरी तथा जनसंख्या गाउँ पालिकाबाट लक्षित वर्ग विशेष कार्यक्रमहरू यकिन तथा सञ्चालन गर्न मद्दत पुग्नेछ ।

तलको तालिकामा खाद्यान्न दलहन तथा फलफूलबाली खेतीमा संलग्न घरधुरी संख्या उल्लेख गरिएको छ । कूल घरधुरी संख्या ५३५७ (राष्ट्रिय जनगणना २०७८) भएकोमा धान खेती गर्ने कृषक अत्यन्त थोरै (१५५०) मात्र देखिन्छन् भने सबै खाद्यान्न बाली मिलाएर लगभग सबै घरधुरीमा खाद्यान्नको पहुँच देखिन्छ । मुख्य बालीको रूपमा भने मकै रहेको । तालिका २७ मा प्रस्तुत खाद्यान्न वासलातले भने लगभग दुई तिहाई जनसंख्यालाई खाद्यान्न नपुग देखिन्छ जुन बाहिरी श्रोत बाट आपूर्ति हुनुपर्नेछ । त्यस्तो दलहन तथा फलफूल एक तिहाई घरधुरीलाई आफ्नै उत्पादनबाट पहुँच नहुने देखिन्छ । यसले आफ्नो विविध आम्दानीको स्रोतबाट पहुँच सृजना गर्नु पर्ने हुन्छ ।

*तालिका २८ : त्रिवेणी गाउँपालिकामा विभिन्न बालीहरू उत्पादन गर्ने घरधुरी*

| खाद्यान्नबाली | घरधुरी | दलहनबाली | घरधुरी | फलफूलबाली | घरधुरी |
|---|---|---|---|---|---|
| धान | ९०० | मसुरो | १००० | केरा | ४००० |
| गहुँ | ४७०० | चना | ५०० | आँप | २०० |
| मकै | ५२०५ | केराउ | ३००० | ओखर | १०० |
| जौ | ४५०० | सिमी | ४००० | मेवा | १००० |
| | | | | कागती | ४००० |
| | | | | सुन्तला | ३००० |

तालिका २९ ले भने तरकारी खेती तथा कुखुरापालन (स्थानीय) लगभग सबै परिवारले गर्ने गरेको पाईन्छ । तरकारी खेती गर्ने कृषकहरूमध्ये लगभग ६५ प्रतिशतले आफूले उपभोग गर्नका लागिमात्र खेती गर्ने गरेको पाईएकोले यसले पहुँचको स्थिति राम्रो हुने देखिन्छ । तथापि ति ६५ प्रतिशत घरधुरीले गर्ने उत्पादनको परिमाण यकिन गर्न नसकिएकोले ति घरधुरीले आफ्नो आवश्यकता र मापदण्ड अनुरुप उपभोग गरेको हो कि हैन भने भन्न सकिने स्थिति भने भएन । यकिन हुन नसके पनि सोबाट भएको आम्दानीले भने पहुँचमा मद्दत गर्ने देखिन्छ । लगभग १३ प्रतिशत घरधुरीले भने व्यावसायिक प्रयोजनका लागि पनि तरकारी खेती गर्ने गरेको पाईयो । कुखुरापालनले (तालिका २९) तथा बङ्गुरपालनले पनि (तालिका १८) मासु तथा सोबाट भएको आम्दानीले स्वस्थ तथा पोषिला खानेकुरामा पहुँच पुर्याउन मद्दत गरेको देखिन्छ।

*तालिका २९: गत एक वर्षमा खेती गरिएका बालीहरूको विवरण*

| कृषिबाली तथा पशुपन्क्षीहरू | घरधुरी प्रतिशत |
|---|---|
| मुख्य खाद्यान्न बालीहरू[1] | ९९.६ |
| दलहन (सिमी र केराउ) | ९८.४ |
| तरकारीबाली (तरकारी तथा हरियो सागपात) | ९७.७ |
| फलफूल | ३९.२ |
| कुखुरा हाँस | ९२.६ |
| तेलहनबाली | ३८.९ |
| तरकारी उत्पादक किसानहरू मध्ये | |
| घरायसी उपभोगका लागि मात्र तरकारी खेती गर्ने कृषक | ६४.७ |
| बिक्रीका लागि मात्र तरकारी खेती गर्ने कृषक | ० |
| घरायसी उपभोग र बिक्री दुबैका लागि तरकारी खती गर्ने | १३.० |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

1 Main staples (Maize, maize porridge, rice, sorghum, millet pasta, bread and other cereals, Cassava, potatoes and sweet potatoes, other tubers)

### २.३.२.२ कृषिसङ्ग सम्बन्धी गैर कृषि व्यवसायबाट आम्दानी

यस गाउँपालिकाका मानिसहरूको मुख्य पेशा कृषि भएकोले यसलाई आवश्यक अग्र तथा पश्च सम्बन्ध (Forward and Backward Linkage) राख्ने व्यवसायहरू पनि फस्टाएर थप आयआर्जन हुने अवस्था रहन्छ । यी गाउँपालिकाहरूमा यस्ता पेशा व्यवसायले पालिकाबासीको आयआर्जनमा पुऱ्याउन सकेको योगदानको तथ्याङ्क अद्यावधिक गर्नुपर्ने आवश्यकता देखियो ।

### २.३.२.३ वनजन्य उत्पादनबाट आम्दानी

रोल्पा जिल्लाका त्रिवेणी गाउँपालिका गैरकाष्ठ वनजन्य उत्पादनका लागि पनि धनी देखिन्छन् । यी उत्पादनहरू पालिकाबासीहरूको थप आयआर्जनको माध्यमको रूपमा रहेका छन् । तल दिइएको नक्सामा त्रिवेणी गाउँपालिकामा विशेष गरी टिम्मुर लोक्ता काउलो दालचिनी झ्याउ आदि पाइने देखिन्छ भने त्रिवेणी गाउँपालिकामा विशेष गरी टिम्मुर तथा अल्लो प्रशस्त रूपमा पाइने देखाउँछ । टिमुर लगभग २० मेट निकासी भै करिव ६० लाख बराबरको यस गाउँपालिकामाआम्दानी भएको देखिन्छ ।

| वडा नं | टिमुर निकासी परिमाण (अनुमानित) | अनुमानित मूल्य रु. |
|---|---|---|
| १ | ४ मेट | १२००००० |
| २ | ५ मेट | १५००००० |
| ३ | १ मेट | ३००००० |
| ४ | | |
| ५ | ०.५ मेट | १५०००० |
| ६ | ५ मेट | १५००००० |
| ७ | ४.५ मेट | १३५०००० |
| जम्मा | २० मेट | रु. ६०००००० |

स्थानीयहरूसँग अध्ययनको क्रममा छलफल गर्दा समेत यी गाउँपालिकाहरूमा थप आम्दानीको मुख्य स्रोतको रूपमा टिमुर खोटो काफल ओखरको बोक्रा आदिलाई बताइएको थियो। त्यस्तै त्रिवेणी गाउँपालिकाहरूको पार्श्वचित्र २०७४ ले यस गाउँपालिकाबाट चुन ढुङ्गा, खोटो, टिम्मुर ,तेजपात, काउलो, अल्लो, समायो, चिराइतो, कुटकी, आदि निकासी बाहिर जाने पाइयो ।यी उत्पादनहरूबाट उल्लिखित पालिकाहरूले गर्ने आम्दानीलाई थप यकिन गरी यसले खाद्य तथा पोषण सुरक्षामा पुऱ्याउने योगदानको बारेमा आकलन हुन जरुरी छ ।




*चित्र ४: रोल्पा जिल्लामा पाईने मुख्य गैरकाष्ठ वन पैदावारहरु अंकित नक्शा*

## २.३.२.४ गैरकृषि व्यवसायबाट आम्दानी

गैर कृषि व्यवसायको रूपमा वैदेशिक रोजगारी, व्यापार, उद्योग धन्दा, आदिलाई लिइएको छ । तालिका ३० मा गैर कृषि क्षेत्रका अन्य पेशा व्यवसायमा संलग्न घरधुरीको अनुपात दिईएको छ । यसबाट लगभग ३० प्रतिशत घरधुरीका सदस्यहरू कुनै न कुनै रूपमा वैदेशिक रोजगारीमा संलग्न भै विप्रेषण भित्र्याउने गरेको पाइयो । यस्ता वैदेशिक रोजगारी भारत वा तेस्रो मुलुकका हुन स्पष्ट रूपमा यस तालिकाले देखाएको छैन । यसका लागि थप जानकारी लिन आवश्यक छ । त्यस्तै लगभग १५ प्रतिशत दैनिक ज्यालादारी गरी आयआर्जन गर्ने घरधुरी भएकोले यस्ता परिवारको स्वस्थ तथा पोषिलो खाद्यवस्तुमा पहुँचको सुनिश्चितताको लागि भने गाउँपालिकाले विशेष पहल गर्नुपर्ने देखिन्छ ।

*तालिका ३१ : घरधुरीहरूको जिविकोपार्जनका स्रोतहर*

| जिविकोपार्जनका स्रोतहरू (Multiple Response) | घरधुरी प्रतिशत |
|---|---|
| कृषि तथा पशुपन्क्षी क्षेत्र | ९५.३ |
| वैदेशिक रोजगार | २४.७ |
| दैनिक ज्यालादारी | १४.१ |
| नोकरी | १३.७ |
| व्यापार व्यवसाय/ स्वरोजगार | १.२ |

स्रोतः: Baseline Survey, RRN, 2022

### २.३.२.५ पालिकाहरूको समग्र आम्दानी

विभिन्न श्रोतबाट भएको आयआर्जनबाट पालिकाबासीहरूको औसत पारिवारिक वार्षिक आम्दानी रू. २४४४४८.४ )USD$ १८८०.४ वा Euro ११८७०.८)[2] बराबर भएको पाइयो।

*तालिका ३१: पालिकाका घरधुरीहरुको औषत पारिवारिक आम्दानी*

| विवरण | त्रिवेणी गापा | वार्षिक आम्दानी (१२ महिनाको) |
|---|---|---|
| औषत पारिवारिक आम्दानी (रु.) | २०३७०.७ | २४४४४८.४ |
| औषत परावारिक आम्दानी (USD $) | १५६७. | १८८०४. |
| औषत परावारिक आम्दानी (Euro €) | १५५९. | १८७०८. |

स्रोतः Baseline Survey, RRN, 2022

## २.३.३ पौष्टिक तथा सुरक्षित खाद्य पदार्थको उपभोगको स्थिति

उपयुक्त प्रकारका खाद्यवस्तुहरू उपलब्ध भै मानिसहरूको सोमा पहुँच हुँदा हुँदै पनि सही रूपमा उपभोग नगरेमा, गर्न नचाहेमा वा गर्न नसकेमा खाद्य तथा पोषण सुरक्षाको लक्ष्य हासिल गर्न सकिँदैन । यसका लागि खाद्यवस्तु तथा पोषण सुरक्षा शिक्षा; खानेपानी, स्वास्थ्य तथा सरसफाई (WASH) को सुविधा; त्यस्तै सचेतना पैरवी र सामाजिक परिचालन कार्यक्रमहरू; तथा संस्थागत सहयोग कार्यक्रमहरू सञ्चालन हुनु आवश्यक हुन्छ । त्रिवेणी गाउँपालिकाहरूको वस्तुस्थिति निम्नानुसार पाइयो ।

### २.३.३.१ उपभोगको स्थिति

*तालिका ३२: पालिकाहरूको खाद्य उपभोग मापन (FCS)*

| सूचकहरू/सूचकाङ्क | एकाई | अवस्था | कैफियत |
|---|---|---|---|
| | | त्रिवेणी | |
| NeKSAP चरण वर्गीकरण | चरण | न्यूनतम खाद्य असुरक्षित | NeKSAP |
| Food Consumption Score | | | |
| FCS- Poor | घरधुरी प्रतिशत | ३.१ | RRN, 2022 |
| FCS- Borderline | घरधुरी प्रतिशत | २३.५ | |
| FCS- Acceptable | घरधुरी प्रतिशत | ७३.३ | |

लगभग २६ प्रतिशत पालिकाबासीको खाद्य उपभोग अङ्क गणनामा उपयुक्त सीमा भन्दा तल देखिएकोले यहाँको खानपानको प्रचलनमा सुधार हुनु पर्ने देखिन्छ । यसले सरोकारवाला निकायहरूले गरेको प्रयत्न अझै अपुग भएको पनि ईंगित गर्दछ । समूह केन्द्रित छलफल (FGDs) बाट पनि मिल्दोजुल्दो तथ्यहरू प्राप्त भएका थिए । उक्त अवसरमा पालिकाबासीले दिनको ३ पटक खाना खाने गरेको पाइएता पनि उक्त आहाराहरू चाहिने मात्रामा तथा पौष्टिक गुणस्तर

[2] USD & Euro are the conversion of NPR at the exchange rate of USD 1 = 130.0 NPR and Euro 1 = 130.69 NPR as per the rate determined by the Nepal Rastra Bank for the date of 10 November 2022.

अनुसार नभएको पाइएको थियो । चाउचाउ जस्ता पत्रु खानाहरू (junk foods) कतिपयको आहाराको मुख्य अंशको रूपमा भएको उक्त अवसरमा व्यक्त भएको थियो । कतिपयले चाउचाउलाई दालको विकल्पको रूपमा पनि उपभोग गर्ने गरेको पाइयो । सामान्यतया कार्बोहाइड्रेट उपभोग मापदण्ड अनुरूप नै भएको बुझियो । आधार रेखा सर्वेक्षणले (RRN, 2022) पनि उपर्युक्त तथ्यहरूलाई पृष्ठपोषण गरेको थियो ।

*तालिका ३३: जातीयता को आधारमा पालिकाको खाद्य उपभोग स्थिति*

| Composite_ Food Consumption Score | जातीय समूह | | | | |
|---|---|---|---|---|---|
| | ब्राह्मण क्षेत्री | दलित | जनजाति | अन्य | जम्मा |
| <28 (Poor) | ५.२ | ५.६ | ३.५ | ० | ४.६ |
| 28-42 (Boarder line) | २९.१ | ३३.९ | २७.७ | १०० | २९.९ |
| Acceptable (>42) | ६५.७ | ६०.६ | ६८.८ | १०० | ६५.५ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

तालिका ३३ ले जातीय समूह अनुसार खाद्य उपभोग अङ्कमा खासै भिन्नता देखाउँदैन । यद्यपि यस तथ्याङ्कले FCS कम वा सीमाको आसपास भएका व्यक्ति तथा घरधुरीहरू कुनै बस्ती टोल भौगोलिक क्षेत्र वा निश्चित गरिबी समूहमा बढी व्याप्त छ भन्ने तथ्य भने प्रस्ट पार्दैन । त्यसैले भविष्यमा त्यस्ता थप विवरणहरू पनि लिई योजना तर्जुमा गर्न सकिए लक्षित समूह केन्द्रित भै नतिजामूलक उपलब्धि हासिल गर्न सहज हुने देखिन्छ ।

तालिका ३४ ले ६ देखि २३ महिना उमेर समूहका बालबालिकाहरूको न्यूनतम स्वीकार्य आहारा उपभोगको अवस्था (Minimum Acceptable Dietary Situation, MAD-C) / १५ देखि ४९ वर्ष उमेर समूहका महिलाहरूको आहारामा न्यूनतम विविधताको अवस्था दर्साइएको छ । उक्त तालिका अनुसार लगभग ४५ प्रतिशत बालबालिकाको खानपानको अवस्था न्यूनतम स्वीकार्य अवस्थामा देखिन्छ । यसबाट लगभग ५५ प्रतिशतले भने स्वीकार्य भन्दा कम स्तरमा आहारा लिने गरेको बुझिन्छ । उल्लिखित उमेर समूहका लगभग ७५ प्रतिशत महिलाहरुले भने उपयुक्त स्तरमा विविधतायुक्त आहारा उपभोग गरेको पाइयो । यसले पनि अझै लगभग २५ प्रतिशत महिलाले सन्तुलित आहारा खानुपर्ने समय र मात्रामा उपभोग गर्ने नगरेको देखिन्छ । यसले गाउँपालिकाबाट यस्ता बालबालिका र महिलाहरू केन्द्रित लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता दर्साउँछ ।

*तालिका ३४: त्रिवेणी गाउँपालिकामा MAD-C and MDD-W को अवस्था*

| MAD-C and MDD-W सूचकहरू | अवस्था (घरधुरी प्रतिशत) |
|---|---|
| Minimum acceptable dietary (MAD) fed ≥4 Items to 6-23 months | ४५ % |
| Minimum Dietary diversity among women of 15-49 Years (≥5 Total MDD-W Index) | ७४.९५ % |

तालिका ३५ ले MAD-C र MDD-W को जातिगत समूहहरू अनुसारको अवस्था दर्साउँछ । यसमा लक्षित उमेर समूहका बालबालिकाहरूको न्यूनतम स्वीकार्य आहारा तथा महिलाहरूको न्यूनतम स्वीकार्य आहाराको विविधितताको अवस्था दुबैमा ब्राह्मण क्षेत्री र जनजातिको स्थिति दलितहरूको तुलनामा सुदृढ देखाएको छ । यसले लक्षित उमेर समूहका दलित बालबालिका तथा महिलाहरूका लागि लक्षित पोषण विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता तर्फ ईंगित गर्दछ । आहारामा कस्तो प्रकारको पौष्टिक तत्त्वको कमी भएको अवस्था हो सो पहिचान गरी केन्द्रीकृत कार्यक्रम संचालन गर्न सके छिटो छरितो रूपमा स्थितिमा सुधार ल्याउन सकिन्छ ।

*तालिका ३५: जातिगत समूह अनुसार MAD-C र MD- W को त्रिवेणी गाउँपालिकामा वितरण अवस्था*

| MAD सूचकहरू | जातीहरूको अवस्था (घरधुरी प्रतिशत) | | | |
|---|---|---|---|---|
| | ब्राह्मण क्षेत्री | दलित | जनजाति | जम्मा |
| MAD ≥4 Items fed to 6-23 months (N 380) | ५२.३ | ३३.३ | ४७.४ | ४५.५ |
| MDD-W सूचकहरू | ब्राह्मण क्षेत्री | दलित | जनजाति | जम्मा |
| ≥5 Total MDD-W Index (Women 15-49 Years) | ६२.० | ५०.६ | ६०.० | ५८.३ |

## २.३.३.२ आफ्नै उत्पादनले खाद्य सुरक्षाको स्थिति

*तालिका ३६: आफ्नै उत्पादनले खाद्य सुरक्षाको स्थिति*

| क्र.सं. | खाद्य सुरक्षाको स्थिति | त्रिवेणी गापा | जम्मा घरधुरीको प्रतिशत |
|---|---|---|---|
| १ | ०-३ महिना खान पुग्ने | न्यून घरधुरी (४००) | ७.३ % |
| २ | ३-६ महिना खान पुग्ने | सबै भन्दा धेरै घरधुरी (४५००) | ८२ % |
| ३ | ६-९ महिना खान पुग्ने | ३०० घरधुरी | ५.५ % |
| ४ | ९-१२ महिना खान पुग्ने | १०० घरधुरी | १.८ % |
| ५ | बचत हुने | १०० घरधुरी | १.८ % |

तालिका ३५ ले यस त्रिवेणी गाउँपालिकामा अझै लगभग ९७ प्रतिशत बासिन्दालाई आफ्नै उत्पादनले वर्ष भरी खान नपुग्ने अवस्था भएको देखिन्छ । यसले ती घर परिवारलाई वैकल्पिक आयआर्जनका माध्यमहरूको आवश्यकता देखिनुका साथै र सोको सुनिश्चितता हुनु पर्ने देखिन्छ । यस तर्फ सरोकारवालाहरूबाट पहल हुनु आवश्यक देखिन्छ।

## २.३.३.३ स्वास्थ्य तथा सरसफाईको स्थिति

खानेपानीको स्रोत तथा उपचार

*तालिका ३७: खाने पानीको स्रोतहरू तथा शुद्धिकरण अभ्यास*

| खानेपानी | घरधुरी प्रतिशत (%) |
|---|---|
| खानेपानीको मुख्य स्रोत (हिउँदे याम) | |
| घरमा व्यक्तिगत धारा (सुधारिएको) | ४८.२ |
| सार्वजनिक धारा (सुधारिएको) | ४१.९ |
| सुरक्षित मूल (सुधारिएको) | ८.६ |
| अन्य | १.२ |
| खानेपानीको मुख्य स्रोत (वर्षा याम) | |
| घरमा व्यक्तिगत धारा (सुधारिएको) | ४९.४ |
| सार्वजनिक धारा (सुधारिएको) | ४१.९ |
| सुरक्षित मूल (सुधारिएको) | ८.२ |

| | |
|---|---|
| अन्य | ०.१ |
| पानी निर्मलीकरण (treatment) अभ्यास (बहु उत्तर) | |
| पानी उमालेर | २.२ |
| Candle Filter को प्रयोग | ९५.६ |
| Bio sand Filter को प्रयोग | २.२ |
| SODIS | ०.० |
| Chlorine को प्रयोग | २.२ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

तालिका ३७ ले फिल्टर प्रयोग गरी पानी शुद्धीकरण गरिने प्रचलन देखिए पनि केन्द्रित समूह छलफलको क्रममा पनि शुद्धीकरणका विधिहरू प्रायः प्रयोग नगरिएको उल्लेख भएको पाइयो । गाउँपालिकाहरूमा धेरै जसो **परिवारले** सुधारिएको चर्पी उपयोग गरिएको पाइयो । यस्ता चर्पी लगभग ५ प्रतिशतले प्रयोग गर्ने नगरेको देखिएकोले यस्ता परार लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ (तालिका ३८) ।

*तालिका ३८: सरसफाई सुभिधाको उपलब्धता*

| घरमा शौचालयको उपलब्धता | घरधुरीको प्रतिशत (%) |
|---|---|
| सुधारिएको शौचालय (Water shield) | ९५.३ |
| Pit शौचालय (स्ल्याब नभएको, खुला खाल्डो) | ४.७ |
| शौचालय नभएको | ० |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

९५.३ प्रतिशतसँग हात धुने सुविधा हुनु त्रिवेणी गाउँपालिकाको राम्रो पक्ष भए तापनि पनि बाँकी ४.७ प्रतिशतलाई पनि जोखिममा राख्नु भने उपयुक्त हुँदैन । त्यस्तै विभिन्न सरसफाईका दृष्टिले जोखिमयुक्त कार्यहरू पछि शतप्रतिशतमा हात धुने बानी बसाल्नु सरोकारवालहरूको कर्तव्य हुन जान्छ । ७१.४ प्रतिशतसङ्ग हात धुने सुविधाहरु नभएको भन्ने तथ्याङ्कले यसलाई यथाशिघ्र यकिन गरी यठोचित कदम चालिनु पर्ने हुन्छ । यी तथ्यहरूले गाउँपालिकाले अन्य सरोकारवालाहरू समेतको सहयोग सरसफाई शिक्षाका कार्यक्रमहरू जोखिम समूहसम्म पुग्ने गरी सञ्चालन गर्नु पर्ने देखिन्छ ।

*तालिका ३९: पालिका भित्र व्यक्तिगत सरसफाई तथा स्वच्छता*

| हात धुने बानी तथा उपयोग गरिने बस्तुहरू | घरधुरी प्रतिशत |
|---|---|
| हात धुने सुविधाहरू उपलब्ध भएको घरधुरी (Direct observation) | ७१.४% |
| अत्यावश्यक समयमा (critical times) साबुन पानीले हात धुने अभ्यास (बहु प्रतिक्रिया) | |
| दिशा गरेपछि | ९८.४ |
| खाना पस्किनु र खानु अघि | ७३.७ |
| खेतबारी तथा बगैँचामा काम गरेपछि वा पशुपन्क्षीहरूलाई छोएपछि | ९६.५ |
| खाना पकाउनु वा तयारी गर्नु अघि | ६९.४ |
| बच्चाहरूको दिशा पिसाब तथा अन्य सरसफाई गरेपछि | ६८.२ |
| बच्चाहरूलाई स्तनपान वा खाना खुवाउनु अघि | ४८.२ |

| हात सफा गर्न प्रयोग गरिएको बस्तु (बहु प्रतिक्रिया) | |
|---|---|
| साबुन प्रयोग गरेर | ७१.० |
| पानीले मात्र | ०.४ |
| खरानी प्रयोग गरेर | ०.४ |
| बालुवा वा माटो प्रयोग गरेर | ०.४ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

### २.३.३.४ उपभोगका लागि समस्या र चुनौतीहरू

**खाद्य तथा पोषण शिक्षाको न्यूनता**

त्यस्तै स्वस्थ तथा पोषिलो खाद्यवस्तुको उपभोगमा चुनौतीको रूपमा उपयुक्त खाद्य तथा पोषण शिक्षाको अभाव भएको बारे विभिन्न छलफल तथा अन्तर्वार्ताहरूको क्रममा जानकारीमा आयो । यस्तो शिक्षा तथा जनचेतना खाद्यवस्तुको उत्पादन स्थलबाटै सुरु गरिनु पर्ने अध्ययनको क्रममा देखियो । उदाहरणको रूपमा विशेष गरी तरकारी खेतीमा व्यापक रूपमा भइरहेको रासायनिक विषादीलाई लिन सकिन्छ । कतिपयले यसको बेफाइदाको बारेमा जानकारी नभएर प्रयोग गरेको पाइयो भने कतिपयले यसका बेफाइदा तथा यसले गरिरहेको असर बारेमा थाहा हुँदा हुँदै पनि जैविक तथा प्राङ्गारिक विकल्प नभएर वा कतिपयले जानि जानि निहित स्वार्थका लागि उपयोग गरेको पाइयो । यसले सरोकारवाला निकाहरूले उपयुक्त विकल्पहरू सहित कडा रूपमा नियमन गर्नु पर्ने देखिन्छ।

यस्तै चार प्रकारको खाना अन्न, गेडागुडी, हरिया सागपात तथा पहेँला फलफूल, पशुजन्य खाने चलनको बारे छलफल गर्दा हरेक छाकमा सम्भव नभएको भन्ने केन्द्रित समूह छलफलको क्रममा प्रतिक्रिया प्राप्त हुनुले सन्तुलित आहारा सम्बन्धी जनचेतनाको न्यूनतालाई दर्साउँछ ।

**लक्षित वर्गलाई सहयोग तथा सहजीकरणको कमी**

तालिका ४० ले त्रिवेणी गउँपालिकाबासीहरूले प्राप्त गरेको सामाजिक सुरक्षा भत्ता, कृषि कार्यक्रममा सहजीकरण तथा स्वास्थ्य सेवाको अवस्था बारेमा ईंगित गरेको छ । सामाजिक सुरक्षा भत्ता र स्वास्थ्य सेवा ९० प्रतिशत आसपासले प्राप्त गर्न सकेको देखिए पनि कृषिमा लगभग ६ प्रतिशत मात्र सहजीकरण भएको देखिन्छ । यसले सेवा सुविधा तथा सहजीकरण कार्यमा सुधार गर्नुपर्ने तर्फ ईंगित गर्दछ ।

*तालिका ४० : सरकारी सेवामा पहुच भएका परिवारको संख्या*

| सामाजिक सुरक्षा सेवामा पहुँच | घरधुरी प्रतिशत |
|---|---|
| १. सामाजिक सुरक्षा सेवा प्राप्त गर्न योग्य घरधुरी | ६९.८ |
| क. धेरै प्रकारका सामाजिक सुरक्षा स्कीम प्राप्त गरेका घरधुरी | ८८.८ |
| २. कृषि व्यवसाय प्रवर्द्धन सहयोग प्राप्त गर्न योग्य घरधुरी | ३६.८ |
| 2. कृषि व्यवसाय प्रवर्द्धन सहयोग प्राप्त गर्ने घरधुरी | ५.६ |
| ख. स्वास्थ्य सेवा सम्बन्धी सहयोग प्राप्त गर्न योग्य घरधुरी | ३६.८ |
| 3. निश्चित स्वास्थ्य सेवा सहयोग प्राप्त गर्ने घरधुरी | ९७.७ |
| ग. सरकारी सेवा प्राप्त गर्ने औसत घरधुरी प्रतिशत (सामाजिक सुरक्षा, कृषि, र स्वास्थ्य) (क+ख+ग)/३ | ३१.५ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

### २.३.४ लक्षित वर्ग केन्द्रित पोषण विशेष व्यवहार तथा कार्यक्रमको स्थिति

खाद्य तथा पोषणका दृष्टिले असुरक्षित समूह वर्ग वा समुदायको पहिचान भरसकेपछि उक्त वर्गहरू लक्षित कार्यक्रमहरू सञ्चालनबाट खाद्य पोषण सुरक्षाको स्थिति सुधार गर्नु जरुरी हुन्छ । यसका लागि समूहगत छलफल र सरोकारवाला (KII) एवं सहायक तथ्याङ्क (Secondary sources of data) को आधारमा लक्षित वर्गको खाद्य तथा पोषण व्यवहार तथा सम्बन्धीत निकायहरूबाट सञ्चालित कार्यक्रमहरूको बारेमा निम्नानुसारको अवस्था पाइयो ।

#### २.३.४.१ त्रिवेणी पोषण विशेष कार्यक्रमहरू सञ्चालन गर्ने निकायहरू

त्रिवेणी गाउँपालिकामा स्वास्थ्य शाखा, स्वास्थ्य चौकीहरू, RRN मार्फत BMZ/WHH को सहयोगमा सञ्चालित "Citizen Empowerment to Improve Food and Nutrition Security of Vulnerable Populations of (Runtigadhi and Tribeni) Rolpa" परियोजना (पोषण सुधार परियोजना), MSNP II सङ्ग सम्बन्धित कार्यक्रमहरू लगायतका सरकारी तथा गैरसरकारी संस्था तथा निकायहरूबाट सहजिकृत खाद्य तथा पोषण विशेष कार्यक्रमहरू सञ्चालनमा भएको पाइयो । सेवा प्राप्त गर्नुपर्ने जनसंख्या, भौगोलिक विकटता लगायतका परिस्थितिले उपलब्ध संरचना तथा जनशक्ति लगायत साधन स्रोतहरू अपर्याप्त देखिन्छन् (तालिका ४३) ले पोषण स्वास्थ्य सेवा उपलब्ध गराउने निकाय र नीजहरूको क्षमता (जनशक्तिका हिसाबले) कमजोर भएको देखिन्छ । भएको साधन स्रोतहरूलाई पनि सङ्गठित र समन्वयगत रूपमा सञ्चालन गर्न नसकिँदा अपेक्षित प्रतिफल हासिल गर्न नसकिएको देखिन्छ ।खाद्य सुरक्षाका हिसाबले पनि कृषि शाखा तथा पशु विकास शाखाहरूका जनशक्तिको अवस्था कमजोर भएको पाइएको थियो ।

#### २.३.४.२ स्वास्थ्य तथा पोषणको अवस्था

*तालिका ४१ : स्वास्थ्य तथा पोषण सम्बन्धी सूचकहरू अनुसारको विवरण*

| सूचकहरू | त्रिवेणी गाउँपालिका | | |
|---|---|---|---|
| | २०७६/ ०७७ | २०७७/०७८ | २०७८/०७९ |
| कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत | २.६ | ७.४ | ६.५ |
| नयाँ तौल लिएका १ वर्ष मुनिका शिशुहरूको प्रतिशत | ९९.३ | १०० | १०० |
| नयाँ तौल लिएका १२ देखि २३ महिनाका शिशुहरूको प्रतिशत | १.८ | १०० | १०० |
| जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरूको प्रतिशत | ७० | १०० | १०० |
| गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरूको प्रतिशत | ५१.४ | ६६.२ | ६८.१ |
| सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरूको प्रतिशत | ६२.३ | ८६.२ | ९१.५ |
| वृद्धि अनुगमनमा २ वर्ष मुनीका शिशुहरूको औसत भेट | १.८ | ३.५ | ३.९ |
| मध्यम शीघ्र कुपोषण (MAM Case) पहिचान भएकाहरूमध्ये पोषण परामर्श दिइएको । (प्रतिशतमा) | ० | ० | दिईएको तर अप्रयाप्त |

| | | | |
|---|---|---|---|
| कडा शीघ्र कुपोषण (SAM Case) पहिचान भएकाहरूमध्ये उपचार पाउने । | | | पाएको तर अप्रयाप्त |
| ५ वर्ष मुनिका कुपोषित- SAM Cases: Total | | | २९ |
| ५ वर्ष मुनिका कुपोषित- MAM Cases: Total | | | १५९ |
| दुई वर्ष मुनिका प्रतिशत बालबालिकामा कम तौल भएकाहरू \| (Underweight) प्रतिशतमा | | | ५.६ |
| झाडापखालाका बिरामी दर (प्रति हजार पाँच वर्ष मुनिका बालबालिकाहरूमा) | ७६२ | ६०२ | ४९७ |
| ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाहरूको प्रतिशत | ७३ | ७३ | ७३ |
| पहिलो चरणमा भिटामिन ए को आम वितरणको कभरेज साथै दोस्रो पटक | ६२.३ | ९२.४० | ९४.५ |
| ५ वर्ष मुनिका झाडापखालाका बिरामी मध्ये जिङ्क र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत | ९८.२ | १०० | १०० |
| संस्थागत प्रसूति दर | ५१.४ | ७५.८ | ६१.६ |
| दक्ष प्रसूतिकर्मीद्वारा प्रसुति भएको दर | ३९.२ | ५५.७ | ४३ |
| परिवार नियोजन सेवाका नयाँ सेवाग्राही दर (विवाहित प्रजनन उमेरका महिलाहरू मध्ये) | १९.१ | १९.१ | १९.१ |
| महिला स्वास्थ्य स्वयं सेविकाले प्रति महिना प्रदान गरेको सेवाग्राहीको औसत संख्या | २० | १८.३ | २१.२ |

स्रोत: त्रिवेणी गाउँपालिका स्वास्थ्य कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन तथा अन्य रिपोर्ट ।

नयाँ तौल लिएका १ वर्ष मुनिका शिशुहरु, नयाँ तौल लिएका १२ देखि २३ महिनाका शिशुहरुको, जन्मेको ६ महिनासम्म बच्चाहरूलाई स्तनपान गराउने आदि व्यवहारहरुमा उल्लेख्य सुधार भएको तालिका ४१ ले दर्शाउँदछ । गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरुको प्रतिशत र सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरुको प्रतिशत सन्तोषजनक देखिए पनि शतप्रतिशतले सेवा लिने वातावरण श्रृजना गर्नु आवश्यक छ । कम जन्म तौल भएका नवजात शिशु तथा दुई वर्ष मुनिका कम तौल भएकाहरु (Underweight) वालवालिकाको संख्यालाई पनि शुन्यमा झार्नु पर्ने देखिन्छ । ५ वर्ष मुनिका कुपोषित -SAM Cases र MAM Cases- क्रमशः २९ र १५९ हुनुले पनि पोषण सुधारका कार्यक्रमहरु अँझै घनिभूत रुपमा ञ्चालन गर्नु पर्ने देखिन्छ । झाडापखालाका बिरामी दर (४९७ प्रति हजार पाँच वर्ष मुनिका बालबालिकाहरुमा) लगभग ५० प्रतिशत हुनुले खानपानमा तथा सरसफाईको विकराल अवस्था प्रति ईंगित गर्दछ । यस तर्फ सरोकारवालाहरु बेलैमा सजग हुनु जरुरी छ ।

त्रिवेणी गाउँपालिकामा नि:शर्त अनुदानतर्फको स्वास्थ्य शाखाको कार्यक्रममा स्वास्थ्य शिविर, शून्य होम डेलिभरी कार्यक्रम, मनोसामाजिक परामर्श कार्यक्रममा कुनै पनि प्रगति नभएको देखिन्छ । सूचना तथा सञ्चार र महिला स्वास्थ्य स्वयं सेविका प्रोत्साहन भत्ता कार्यक्रममा बाहेक कुनै पनि सूचकमा उल्लेख्य प्रगति देखिँदैन (स्रोत: त्रिवेणी गाउँपालिका, वार्षिक प्रतिवेदन २०७७/०७८) ।

समूह केन्द्रित छलफलको क्रममा निम्नानुसारका स्वास्थ्य तथा पोषण सम्बन्धी थप विवरणहरू प्राप्त भएका थिए ।

- बच्चालाई बिगौती दूध खुवाउने प्रचलन पहिले भन्दा बढेको पाइयो ।
- गर्भावस्थामा कम्तीमा कति ४ पटक स्वास्थ्य संस्थामा गई स्वास्थ्य जाँच गराउने क्रम बढेको छ । यद्यपि ८ पटक चाहिँ सम्पन्न भएको पाइएन ।
- गर्भावस्थामा सधैँ खाइरहने भन्दा थप एक पटक खाना खाने चलन पाइएन । सुत्केरी अवस्थामा चाहिँ थप एक पटक खाने प्रचलन भएको बुझियो ।
- सुरक्षित रूपमा बच्चा जन्माउन स्वास्थ्य संस्थामा जानेको संख्या सुधार भएको पाइयो । सरकारी स्वास्थ्य निकायमा परीक्षण र बच्चा जन्माउन स्वास्थ्य संस्थामा गएमा भत्ता दिने प्रचलनले पनि यसमा सुधार आएको देखिन्छ ।
- बच्चालाई लगभग छ महिनासम्म आमाको दूध मात्रै खुवाउने चलन बढ्दै गएकोछ । सबैले यसलाई पालन गरेको चाहिँ छैन ।

### २.३.४.३ त्रिवेणीबासीको स्वास्थ्य तथा पोषण विशेष व्यवहारहरू

*तालिका ४२: स्वास्थ्य सेवामा पहुँच*

| सूचकहरू | घरधुरी संख्या |
|---|---|
| स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सेवा लिन जाने घरधुरी संख्या | ९७.७ |
| स्वास्थ्य संस्थामा जानुको प्रयोजन | |
| स्वास्थ्य सम्बन्धी सल्लाह सुझाव तथा परामर्श लिन | ४७.४ |
| बाल रोगको उपचार गर्न Diarrhoea, Measles, ARI) | ७७.१ |
| परिवारका सदस्यहरूको उपचार गर्न | ३८.२ |
| बच्चाहरूलाई खोप लगाउन | ६३.९ |
| परिवार नियोजन सेवा लिन | ८.८ |
| संस्थागत प्रसूति सेवाका लागि | ७.२ |
| स्थानीय सरकारको स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधि पाइने बारे ज्ञान तथा जानकारी भएका घरधुरी | ३७.७ |

स्रोतः आधार रेखा सर्वेक्षण, RRN, २०२२

समुदायमा बालबालिकाहरूको वृद्धि अनुगमन गर्ने गरिएको तथा नीजहरूको पाखुरा तथा उँचाइको नियमित नाप जाँच स्वास्थ्य स्वयंसेवकबाट हुने गरेको पाइयो (KII). त्यस्तै सुत्केरी आमाहरूमा आफ्ना बच्चाहरूलाई ६ महिना सम्म दिनको १२ देखि १४ पटकसम्म स्तनपान मात्र गराउनु पर्ने बारेमा सचेत रहेको पाइयो । ६ महिना पछि बच्चाहरूलाई दलिया (Oatmeal) सुरु गर्नु पर्ने बारेमा पनि आमाहरू जानकार रहेको पाइयो ।

## २.३.५ खाद्य तथा पोषण सुरक्षा स्थिति स्थिर करणका लागि व्यवस्था

### २.३.५.१ खाद्य तथा पोषण सुरक्षाका लागि संस्थागत व्यवस्था

खाद्य तथा पोषण सुरक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय, तर्जुमा, कार्यान्वयन, मार्ग निर्देशन एवं अनुगमन तथा मूल्याङ्कनका लागि उपयुक्त खाद्य तथा पोषण समन्वय समिति (Food/Nutrition Coordination Committee) को व्यवस्था भए पनि सक्रिय नरहेको पाइयो )RRN, 2022( । त्यस्तै उक्त स्थानीय तहमा विभिन्न गैर सरकारी तथा सामुदायिक संस्थाहरू उपस्थित रहे पनि खाद्य तथा पोषण सुरक्षा सम्बन्धी कार्यका लागि संगठित तथा योजनाबद्ध रूपमा क्रियाकलापहरू सञ्चालन गरेको पाइएन ।

त्यस्तै MSNP II लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका भएता पनि खाद्य तथा पोषण सुरक्षा सम्बन्धी पालिका स्तरीय नीति, कार्यविधि, संरचना तथा संस्थागत क्षमता विकास तथा निर्माणका कार्यहरू पनि भएको अध्ययनका क्रममा पाइएन । यद्यपि सर्वदलीय बैठकहरूमा भने खाद्य तथा पोषण योजनाको आवश्यकता बारेमा छलफल भएको भने बुझियो ।

तर्जुमा भएका खाद्य तथा पोषण सुरक्षासङ्ग सम्बन्ध राख्ने केहि नियम कानुनहरू निम्नानुसार छन् ।

- कोविड १९ पूर्व विपद तयारी तथा प्रतिकार्य योजना, २०७७
- बालबालिका कोष सञ्चालन कार्यविधि २०७४
- भूमि ऐन २०७८
- खानेपानी सरसफाई तथा स्वच्छता ऐन २०७८
- कृषि तथा पशुपन्क्षी ऐन २०७९
- सुरक्षित खानेपानी युक्त समुदाय कार्यवधि २०७८
- लक्षित वर्ग सहुलियत कर्जा कार्यान्वयन कार्यविधि २०७८

उपर्युक्त अनुरूपमा ऐन, निर्देशिका तथा कार्यविधिहरू निर्माण भएको अवस्था भएको भए पनि उक्त दस्ताबेजहरूमा खाद्य तथा पोषण सुरक्षालाई एकीकृत तथा समन्वित रूपमा सञ्चालन गर्न यथेष्ट प्रावधानहरू भए नभएको यकिन गरी नतिजामूलक बनाउने तथा बन्न बाँकी नीति नियमहरू यथाशीघ्र तर्जुमा गरी समन्वित रूपमा कार्यक्रम सञ्चालनको वातावरण बनाउन जरुरी छ ।

### २.३.५.२ सुशासनको अवस्था

खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सरोकारवाला पालिका स्तरीय निकायहरूको क्षमता, क्षमता अभिवृद्धि अभिवृद्धिका प्रावधानहरू, सेवा प्रवाहको अवस्था (सर्वसुलभ र पारदर्शी, सुशासन)

*तालिका ४३: परियोजा क्षेत्रमा स्वास्थ्यममा पहुँच*

| विवरण | संख्या | कर्मचारी/क्षमता | कैफियत |
|---|---|---|---|
| *त्रिवेणी उँपालिका* | | | |
| वार्ड संख्या | ७ | | |
| वार्ड अध्यक्ष सहित गापा सदश्य हरुको संख्या | ३५ | | |

| | | | |
|---|---|---|---|
| स्वास्थ्य केन्द्रहरु (Health posts), | ५ | | |
| Health Post Coordinator | | ४९ | ५ अधिकृत तहका कर्मचारीसहित २५ स्थायी दरबन्दी पूरा भएको छ । २४ करार कर्मचारी नियुक्त गरिएको छ । यसरी जम्मा कर्मचारी संख्या ४९ छ । |
| Nutrition Focal Person | | | |
| ANM | | | |
| FCHVs | | | |
| बिद्यालय | १२ | | |
| कृषि बिकाश शाखा | १ | ५ | सबै ५ स्थायी पद रिक्त छन् । यी ५ पदहरु करार सेवा बाट पूर्ति भएका छन् । |
| पशु बिकाश शाखा | १ | ५ | ८ स्थायी पदहरू मध्ये १ सहायक स्तरको पद मात्र पूरा भएको छ। बाँकी ४ जना करार कर्मचारी हुन् । |
| महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | १ | १ | सहायक |
| राष्ट्रिय तथा अन्तराष्ट्रिय बिकाश साझेदार संस्थाहरु | ३ | १० | |

स्रोतः त्रिवेणी गाउँपालिकाको आ.व. २०७७/७८ को प्रगति समिक्षा फाराम

खाद्य तथा पोषण सम्बन्धी कृषि, पशुपन्क्षी तथा स्वास्थ्य सम्बन्धी सरकारी संरचना तथा केही गैरसरकारी सहयोगी संस्थाहरू गाउँपालिका क्षेत्रमा उपलब्ध भए तापनि तिनीहरूको पूर्वाधार अवस्था उपलब्ध उपकरणहरू तथा जनशक्तिको अवस्थाले खाद्य तथा पोषण सम्बन्धी कतिपय अत्यावश्यक क्रियाकलापहरू पनि कार्यान्वयन हुन नसकेको (जस्तै: अनियमित SAM र MAM बच्चाहरूको जाँच) पाइयो । कृषि तथा पशुपन्क्षी विकासका लागि गाउँपालिकाको दरबन्दी अनुसारका स्थायी प्राविधिकहरू अत्यन्तै न्यून रूपमा पदपूर्ति भएको र करार सेवामा नियुक्त निम्न तहका प्राविधिकहरूबाट कार्यक्रम सञ्चालन भएको अवस्थाले अपेक्षित रूपमा सेवा प्रवाह हुन नसकेको देखिन्छ । त्यस्तै खाद्य तथा पोषण क्षेत्रमा कार्य गर्ने विभिन्न निकाय तथा सरोकारवालाहरूको एकीकृत योजना बेगर छरिएर कार्यान्वयनमा रहेका कार्यक्रमहरूले गर्दा पनि अपेक्षित नतिजा हासिल गर्न नसकिएको देखिन्छ ।

**विपद व्यवस्थापन**

गाउँपालिकामा एउटा विपद व्यवस्थापन कोष भएको । गाउँपालिका केही बजेट व्यवस्थापन पनि गरेको देखिन्छ । थप सक्रिय र व्यवस्थित बनाउन आवश्यक ।

**खाद्य तथा पोषण क्षेत्रमा कार्यक्रम तथा बजेट विनियोजनको अवस्था**

**कार्यक्रम तथा बजेट विनियोजनको अवस्था**

*तालिका ४४: कार्यक्रम तथा बजेट विनियोजनको अवस्था*

| क्र.सं. | शाखाहरु | | | | आ.व. २०७९को बजेट ८०/ |
|---|---|---|---|---|---|

| | | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | संघीय सशर्त | निशर्त अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | ५८९० | ५५०० | ७५०० | | ७९३० | ७९३० |
| २ | कृषि शाखा | ७९०० | ७५०० | ३५०० | ६९००* | ५००० | ११९०० |
| ३ | पशु विकास शाखा | | | ३८०० | ६६००* | ३२०० | ९८०० |
| ४ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | ४५१० | ५२५० | | | ४००० | ४००० |
| ५ | खानेपानी तथा सरसफाई | १७०० | ४५०० | १०६०० | | | |
| | खाद्य तथा पोषण सम्बन्धी जम्मा बजेट | | | | १३५०० | २०१३० | ३३६३० |

स्रोतः त्रिवेणी गाउँपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिका, आ.व. २०७९/०८०; थवाङ्ग गाउँपालिकाको कृषि विकास गुरुयोजना, २०७८;
* आ.व. ०७७/७८ को आधारमा

यस आ.व. मा खाद्य तथा पोषणसँग सम्बद्ध बजेट भने रू. ३ करोड ३० लाख बराबर विनियोजित भएको थियो जुन कूल बजेटको ६.१ प्रतिशत हुन आउँदछ । खाद्य तथा पोषण क्षेत्र स्थानीय सरकारहरूको प्रमुख लगानीको क्षेत्र तथा सरोकारको विषय हुनु पर्दछ । कूल बजेटको लगभग ६ प्रतिशत मात्र यस क्षेत्रमा लगानी हुनु यस क्षेत्रको महत्त्वको तुलनामा अत्यन्त न्यून हो । यस तर्फ गाउँपालिकाको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ । खाद्य तथा पोषण क्षेत्रको यकिन विनियोजित बजेट देखिने गरी तथ्याङ्क अभिलेखीकरणको व्यवस्था नभएकोले माथिको तालिकामा सही बजेट प्रतिविम्ब नभएको हुन सक्छ । यसका लागि गाउँपालिकाले खाद्य तथा पोषण सुरक्षा विकेन्द्रित बजेट तर्जुमा गर्ने प्रचलन सुरु गरे पालिकाको मुख्य प्राथमिकताको बजेट छुट्टिई गणना सहज हुन सक्नेछ ।

## २.३.६ सबल पक्ष, दुर्बल पक्ष, अवसरहरू र चुनौतीहरू (SWOT Analysis)

| क्र.स | सबल पक्ष | दुर्बल पक्ष | अबसरहरू | चुनौतिहरू |
|---|---|---|---|---|
| १. | भौगोलिक विविधता | भौगोलिक विविधताले उपलब्ध गरेको अवसरको सदुपयोग हुन् नसकेको | विभिन्न जातका फलफूल , तरकारी, बीउ , पशुपालन आदिको व्यवसायिक खेतीको सम्भावना, रोजगारीको अवसर | युवा शक्तिको विदेश पलायन, लगानीको समस्या, तराइको उत्पादनसँग प्रतिस्पर्धा गर्नु पर्ने |
| २. | यातायातको र बजारको सुविधा, | ग्रामीण क्षेत्रमा कच्ची सडक, हिउँदमा मात्र सञ्चालन | खेती योग्य जमिन, बजार सुविधा (दाङ, कपुरकोट, बुटवल, नेपालगन्ज) | कच्ची सडक, भौगोलिक बिकटताले बर्षातको समय कृषि उपज ढुवानी गर्न कठिन हुने, |
| ३ | कृषि समूह र सहकारीहरू | कृषक समूह सहकारीहरू सक्रिय नहुनु/परिचालन नहुनु | समूह, सहकारी मार्फत कृषि प्रसारका कार्यक्रम गर्न सकिने | समूह, सहकारीको संस्थागत क्षमता शुद्धीकरण गर्नु पर्ने |

| | | | | |
|---|---|---|---|---|
| ४. | व्यावसायिक कृषि र पशुपालन | सिचाईको अभाव, मल, बीउ र चरन, नस्लको अभाव, युवाहरूको विदेश पलायन, प्राविधिक ज्ञानको कमी | प्रमुख बजारहरू बाट (दाङ्ग, बुटवल, नेपालगन्जको) बाट नजिक, बजारको समस्या नभएको | छिमेकी मुलुकको उत्पादन संग प्रतिस्पर्धा |
| ५. | वडाहरूमा कृषि/पशु प्राविधिकहरूको सेवा उपलब्ध | दक्ष प्राविधिकहरूकोको कमि | व्यवशायिक कृषि र पशुपालनको प्रसस्त सम्भावना भएको | रोग किराको प्रकोप, मौसम परिवर्तन, कच्ची सडक, भौगोलिक बिकटता, लैंगिक विभेद, रासायनिक मल र बिषाधि प्रयोगमा ज्ञानको कमि |
| ६. | सहयोगी सस्थाहरू, RNN, /WHH, RUDAS, DECOS< कृषि ज्ञान केन्द्र, एग्रोभेट आदि | कार्यक्रमको निरन्तरता नहुनु, सबै क्षेत्रमा सेवा नपुग्नु | स्थानीय स्तरका सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि, सेवा प्रभावकारी हुने | कार्यक्रममा दोहोरोपना |
| ७ | बाल बालिका, महिला, गर्भवती र सुत्केरी महिलाको पोषण को महत्त्व थाहा भएको, (दिनको ३ पटक खाना) | सन्तुलित खाना नहुनु, आयातित परिकारको प्रयोग बढी | रैथाने पोषिलो बालीको खेति र प्रयोगको सम्भावना | रैथाने बालीको परिकार बनाउन झंझटिलो हुने |

# २.४ वस्तुस्थिति विश्लेषणको आधारमा सिफारिसहरू

## २.४.१ समग्रमा सुझावहरू

**तथ्याङ्क र अभिलेख**

वस्तु स्थिति विश्लेषणमा अध्ययन गरिएका दई वटै गाउँपालिकाहरूमा विशेष गरी खाद्य तथा पोषण सुरक्षासँग सम्बन्धी त क्षेत्रको तथ्याङ्कको न्यूनता देखियो । सोका लागि गाउँपालिकाहरूको आफ्नो वडास्तर सम्मको संयन्त्र उपयोग गरी पालिकाको आधारभूत तथ्याङ्कहरू सङ्कलन र व्यवस्थित गरी अभिलेखीकरण गर्नु पर्ने आवश्यकता देखियो ।

- तथ्याङ्क सङ्कलन र अभिलेखीकरणका लागि आवश्यकता अनुसार आधुनिक सूचना तथा ईन्टर्नेट प्रविधिलाई अझ बढी उपयोग गर्नुपर्ने ।
- GPS प्रविधि उपयोग गरी भूधरातल, उँचाइ, माईलस्टोनहरू, आदिको अवस्थिति अभिलेखीकरण गर्नुपर्ने।
- माटोको परीक्षण गरी बाली अनुसार खेती सम्भाव्य क्षेत्रहरूको पहिचान गर्नुपर्ने ।
- उपयुक्त पकेट क्षेत्रहरूलाई समेट्ने गरी सानो स्तरको मौसम मापन केन्द्रहरूको स्थापना गर्नु पर्ने ।

- आधार रेखा तथ्याङ्क व्यवस्थित गर्न अभियानमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- पालिकास्तर उद्योग वाणिज्य संघको समन्वयमा बजारमा उपलब्ध खाद्यवस्तु तथा खाद्य बस्तु आयात निर्यात स्थितिको अद्यावधिक अभिलेख व्यवस्थापन (स्रोत सहित) ।
- कृषि तथा गैर कृषि व्यवसायको बारेमा तथ्याङ्कको उपलब्धता तथा अभिलेखीकरण ।

**नीति तथा कार्यविधिहरू तर्जुमा**

तथ्याङ्कको आधारमा वस्तुस्थिति विश्लेषण पश्चात् आवश्यकताहरूको पहिचान हुन्छ । पहिचान भएका आवश्यकताहरूको आधारमा योजनाहरू तर्जुमा हुनुपर्ने हुन्छ । त्यस्ता योजनाहरू कानुन र विधिसम्मत रूपमा तथा किफायती एवं पारदर्शी रूपमा क्रियान्वित हुन ती कार्यक्रमहरू सम्बन्धी नीति कार्यविधि तर्जुमा गर्न सके सबै क्रियाकलापहरू व्यवस्थित भै कार्यान्वयन सहज तथा नतिजामूलक हुने ।

- यस्ता नीति कार्यविधिहरू तर्जुमा गर्दा अन्तरसम्बन्धी त विषयवस्तुहरू समेटी एक अर्काको सहयोगी हुने गरी एकीकृत रूपमा तर्जुमा गरिनुपर्ने । जस्तै: कृषि, पशुपन्क्षी, वन, पोषण स्वास्थ्य, WASH विषयगत क्षेत्र समेटी एकीकृत खाद्य तथा पोषण नीति तर्जुमा ।

**अल्पकालीन तथा दीर्घकालीन योजनाहरु**

आधारभूत तथ्याङ्क तथा अभिलेखको आधारमा योजना तर्जुमा गर्न सके बनेका योजनाहरू यथार्थपरक र कार्यान्वयन गोग्य बन्नसक्ने छन् । यस्ता योजनाहरूबाट अपेक्षित नतिजा पनि हासिल गर्न सकिनेछ ।

- यस्ता योजनाहरू तर्जुमा गर्दा अन्तरसम्बन्धी त विषयवस्तुहरू समेटी एक अर्काको सहयोगी हुने गरी एकीकृत योजना तर्जुमा गरिनुपर्ने । जस्तै: कृषि, पशुपन्क्षी, वन, पोषण स्वास्थ्य, WASH विषयगत क्षेत्र समेटी एकीकृत खाद्य तथा पोषण योजना तर्जुमा ।

## २.४.२ स्वस्थ तथा पोषिलो खाद्यवस्तु उपलब्धताको आधारमा

**खाद्यान्न उपलब्धताको अवस्था अनुसार**

उपलब्धता १९८.८६ ग्राम प्रति दिन प्रति व्यक्ति मात्र । सबै भन्दा बढी खेती र उत्पादन गरिने बाली मकै लगभग ५० प्रतिशत अन्य प्रयोजनमा प्रयोग । लगभग १० प्रतिशतले हुने भण्डारण क्षति ।

**सुझावहरू**

- न्यूनतम १० प्रतिशतले हुने विभिन्न बालीहरूको भण्डारण क्षतिलाई न्यूनीकरण गर्ने प्रविधि तथा सचेतना
- खाद्यान्नको रूपमा न्यून प्रयोग भइरहेको मकै तथा जौ का परिकारहरूमा विविधीकरण, सचेतना र सहजीकरण अभियान
- क्षेत्रफल विस्तारको सम्भावनालाई पहिल्याउनु पर्ने: खेती गर्न सकिने वन क्षेत्र, सार्वजनिक जमिन, बाँझो जमिन, भिरालो जमिनमा गह्रा सुधार, आदि
- न्यून उत्पादकत्वलाई मध्यनजर गरी उत्पादकत्व वृद्धिका लागि उन्नत तथा सुधारिएका उन्नत जातहरू एवं पशुपन्क्षी नश्लहरू तथा सुधारिएका खेती तथा पशुपन्क्षी पालन प्रविधिहरूमा जोड

- अधिकांश असिंचित खेतीयोग्य जमिन भएको परिप्रेक्ष्यमा पानीको स्रोत तथा जमिनको प्रकृतिको आधारमा सिंचाई प्रविधि तथा अन्य पूर्वाधार निर्माण तथा सुधार
- ५० प्रतिशत मकै गैर खाद्य प्रयोजनको लागि उपयोग भइरहेको परिप्रेक्ष्य तथा अधिकांश जमिनमा मकै खेती हुने अवस्थालाई मध्यनजर गरी यसलाई खाद्य प्रयोजनमा अधिकाधिक उपयोग गराउन सके खाद्य सुरक्षामा राम्रो योगदान दिन सक्ने । त्यस्तै मकै बालीका उपउत्पादनहरूलाई पशु आहारा तथा घरायसी लघु उद्योगमा उपयोग गर्न सके थप आयआर्जन गर्न सकिने । यसले खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउने ।
- समूह सहकारीका पालिका / वडास्तर सञ्जाल निर्माण सहित कृषिको व्यवसायीकरणमा जोड ।

**दलहनको उपलब्धताको अवस्था अनुसार**

प्रति व्यक्ति प्रति दिन ७५ देखि ९० ग्राम आवश्यक हुने दलहन बाली त्रिवेणी गाउँपालिकामा लगभग १३२७.१ मे.ट. बचत तथा त्रिवेणी गाउँपालिकामा लगभग ४१३ मे.ट. नपुग हुने ।

- त्रिवेणी गाउँपालिकामा बढी उत्पादन हुने सिमी तथा केराउ विक्री वितरणका लागि सहजीकरण गर्नुपर्ने ।
- विशेष गरी सिमी र केराउको मात्र खेती भएकोले बाली विविधीकरणमा जोड दिनु पर्ने ।
- त्रिवेणी गाउँपालिमा पनि मकै प्रशस्तै खेती हुने अवस्थाले मकैमा अन्तर बालीको रूपमा सिमीलाई प्रवर्द्धन गर्नुपर्ने । यस्तै अन्य खेती तथा पशुपालनका उन्नत प्रविधिमा पनि जोड दिनु पर्ने ।

**फलफूलको उपलब्धताको अवस्था अनुसार**

समग्रमा यस गाउँपालिकामा ६४४.८५ मे.ट. उत्पादन बचत देखिन्छ ।

- यस अवस्थाले फलफूल विक्री वितरणका लागि सहजीकरण गर्नुपर्ने अवस्था देखिन्छ । सङ्कलन केन्द्र तथा हाटबजार लगायतका बजार प्रवर्द्धनका कार्यहरू गर्नुपर्ने ।
- विशेष गरी सुन्तला र कागती खेती सम्बन्धी प्रविधि सुधार गरी उत्पादकत्व वृद्धि गर्नुका साथै यी बालीहरूको मूल्य शृङ्खलामा अभिवृद्धिका क्रियाकलापहरू पनि सञ्चालन गर्नु पर्ने ।
- गुणस्तरीय बिरुवाहरूको उपलब्धताको सुनिश्चित गर्नुपर्ने ।

**तरकारीको उपलब्धताको अवस्था अनुसार**

१२५६ मे.ट. बढी उत्पादन भएको देखिन्छ ।

- फलफूलमा जस्तै बजारीकरणमा सहजीकरण आवश्यक । त्यस्तै मूल्य अभिवृद्धिका क्रियाकलापहरू पनि सञ्चालन गर्नु पर्ने ।
- तरकारी तथा फलफूलको वितरण प्रणालीलाई सुधार गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता गर्नु पर्ने ।
- आधुनिक तथा सुधारिएका प्रविधिहरू उपयोग गरी व्यावसायिक तथा बेमौसमी उत्पादनमा जोड दिनु पर्ने ।

**आलु उपलब्धताको अवस्था अनुसार**

३४ मे.ट. मात्र न्यून उत्पादन ।

मकैसँगअन्तर बालीको सम्भावना

- क्षेत्रफल विस्तारको सम्भावना

**पशुपन्क्षी जन्य उत्पादनको उपलब्धताको अवस्था अनुसार**

मासु उपलब्धताको हिसाबले बचत र दूध तथा दूधजन्य पदार्थमा आवश्यकता अनुसार ठिक्क । अण्डाको हकमा भने आवश्यकता भन्दा धेरै नै न्यून उपलब्धता ।

- यसले वितरणको अवस्था स्पष्ट रूपमा नदेखिए पनि वितरण व्यवस्था सुधार गरी बजार व्यवस्थित ।
- दूध उत्पादनका लागि थप कार्यक्रमहरू ।
- स्थानीय कुखुरा पालनलाई व्यवस्थित गर्न करेसाबारी कुखुरा पालनलाई प्रवर्द्धन गर्न सके मासुबाट थप आम्दानी र अण्डामा आत्मनिर्भरता तर्फ ।
- विशेष गरी दूधको उत्पादकत्व वृद्धिका लागि नश्ल सुधार तथा Artificial Insemination लाई अभियानको रूपमा सञ्चालन गर्नु पर्ने ।
- उपलब्ध गौशालाहरूलाई प्राङ्गारिक प्रविधि केन्द्रको रूपमा विकास र प्रवर्द्धन गर्नुपर्ने ।

**स्थानीय उत्पादनबाट उपलब्धता सहजीकरणका लागि गर्नु पर्ने थप कार्यहरू**

स्वस्थ तथा पोषणयुक्त खाद्यवस्तु को स्थानीय स्तरमा उत्पादनबाट उपलब्धताका लागि तल उल्लिखित समस्या तथा चुनौतीहरू समाधान गर्नु जरुरी हुन्छ । यी दुई गाउँपालिकाहरूमा समान प्रकृतिका समस्या र चुनौतीहरू विद्यमान रहेको पाइयो ।

**अवस्था १: खेतीयोग्य जमिनको न्यूनता**

जटिल भूवनोट तथा धरातलको कारणले न्यून खेतीयोग्य जमिन हुनु तथा ७० प्रतिशत आसपास किसानसँग ५ रोपनी भन्दा कम जमिन

- सघन खेती तथा उत्पादकत्व वृद्धिमा जोड दिन आवश्यक देखिन्छ । सघन खेतीका लागि उत्पादन सामाग्री उपलब्धतामा सहजीकरण गर्नु पर्ने ।
- त्यस्तै थोरै जमिनमा पनि व्यवस्थित गर्न सकिने पशुपन्क्षीजन्य लगायतका व्यवसाय प्रवर्द्धनमा जोड दिनु पर्ने ।
- जमिनको न्यून उपलब्धताका कारण वैकल्पिक आयआर्जनका स्रोतको पहिचान र प्रवर्द्धन गर्नु पर्ने
- भिरालो पाखो जमिनको बाहुल्यताले गर्दा जमिन तथा गह्रा सुधार कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने

**अवस्था २: असिंचित जमिन / आकाशे पानीको भर**

लगभग ८० प्रतिशत भन्दा बढी असंचित जमिनको बाहुल्यता भएको दुई वटै गाउँपालिकाको स्थिति।

- बर्षातको पानीमा निर्भर जमिन बढी भएकोले बर्षातको पानी सङ्कलन पोखरी तथा ट्याङ्कि निर्माण तथा उपयोग । त्यस्तै फोहोरा तथा थोपा सिंचाई प्रवर्द्धन ।

- धेरैजसो स्थानमा पानीको स्रोत जमिन भन्दा तल (खोला नदी) भएकोले लिफ्ट सिंचाईको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन
- सिंचाई आयोजनाहरूको लागि पकेट क्षेत्रहरू केन्द्रित सिंचाई आयोजनाहरूको लागि विस्तृत आयोजन सर्वेक्षण गरी सिंचाई योजनाहरूको रोष्टर तथा प्रथमिकीकरण
- पानीको स्रोत संरक्षण तथा रिचार्जका लागि रिचार्ज पोखरी लगायतका संरचना प्रविधिहरूमा जोड
- वडा नं. २ को स्याङ्ग क्षेत्र सबै भन्दा सुख्खा

**अवस्था ३: सम्बन्धी त प्राविधिक शाखाहरूको क्षमता अभिवृद्धि आवश्यक**

गाउँपालिकाका कृषि विकाश शाखा तथा पशुपन्क्षी विकाश शाखा लगायत सम्बन्धी त निकायहरूमा जनशक्ति कार्यक्रम तथा क्षमता न्यून भएको अवस्था

- सम्बन्धी त प्राविधिक शाखा (कृषि विकास शाखा/ पशपन्छी विकास शाखा, आदि) हरूलाई सशक्त बनाउँदै क्षमता अभिवृद्धि ।

**अवस्था ४: तरकारी खेतीमा रासायनिक विषादीको अत्यधिक प्रयोग**

विशेष गरी तरकारीमा विषादीको बढी प्रयोग गर्ने गरेको भन्ने FGD को किसानहरूबाट व्यक्त भएको । आधार रेखा सर्वेक्षणको क्रममा पनि किसानहरू माग गरेको कृषि सेवामा रासायनिक विषादीको उपलब्धता पनि प्रमुख रूपमा आएको।

- क्षेत्रगत सम्भावना अनुरूप असल कृषि असल कृषि अभ्यास (GAP), असल भेटेरिनरी तथा पशुपालन अभ्यास (GVAHP), एकीकृत शत्रु जीव व्यवस्थापन (IPM), प्राङ्गारिक खेती (Organic Agriculture) आदिमा जोड ।
- विषादी न्यूनीकरण तथा परीक्षणका लागि विशेष कार्यक्रम ।
- समुदाय स्तरमा प्राङ्गारिक मल तथा विषादी उत्पादनमा जोड । उपयुक्त प्रविधि भित्र्याउनु पर्ने ।

**अवस्था ५: जलवायु परिवर्तन तथा अन्य प्राकृतिक प्रकोप**

- जलवायु परिवर्तनको असरले समग्र विश्वमा अनावृष्टि अतिवृष्टि लगायत तापक्रममा घटबढ आदि कारणले कृषि क्षेत्र निकै प्रभावित बनेको । यस बाहेक मानव सृजित तथा प्राकृतिक अन्य कारणहरूले पनि विभिन्न घटना घटी कृषि तथा पशुपन्क्षी पालन क्षेत्रलाई प्रभावित गरी खाद्य तथा पोषण सुरक्षाको स्थितिलाई असर पारिरहेका छन् । यस्ता प्रकोप र विपदहरूले त्रिवेणी गाउँपालिकामा असर गरिरहेको सन्दर्भमा तपशील अनुसार गर्न उपयुक्त हुन्छ ।
- बाली बीमा नगण्य रूपमा भएको अवस्थामा बाली तथा पशुपन्क्षी बीमा मार्फत बाली तथा पशुपन्क्षी संरक्षण तथा सुरक्षणमा जोड दिनु पर्ने ।
- यस्ता जोखिमहरू न्यूनिकरण गर्न संस्थागत संरचना तयार परिचालन तथा पूर्व तयारीहरू गर्नु पर्ने ।
- आवश्यक पूर्वाधारहरू निर्माण गरी प्रकोपको जोखिम न्यूनीकरण गर्ने ।

### २.४.३ स्वस्थ तथा पोषिलो खाद्यवस्तु पहुँचको आधारमा

**क्वारेन्टिन र विषादी परीक्षण**

- बजारमा उपलब्ध बाहिरबाट आयातित खाद्यवस्तु हरू स्वास्थ्यका दृष्टिले स्वस्थ तथा सुरक्षित हुन तथा आयात निर्यातको तथ्याङ्क पनि अद्यावधिक रूपमा अभिलेखित रहु भनी बाली तथा पशुपन्छी क्वारेन्टिनको व्यवस्था हुन जरुरी छ ।
- त्यस्तै सुरक्षित खाद्यवस्तु पालिकाबासीको भान्छामा पुगोस् भन्नाका लागि आयातित र स्थानीय रूपमा उत्पादित खाद्यवस्तु हरूमा विषादीको परीक्षण पनि हुन जरुरी छ ।
- यी व्यवस्थाका लागि पालिका तथा सरोकारवालाले पहल गर्न जरूरी छ । यसले उपलब्ध खाद्यवस्तु मा पहुँच र उपभोगको वातावरण बनाउने छ ।

**कृषि तथा खाद्य बजार पूर्वाधारहरूको निर्माण तथा सञ्चालन**

- अध्ययनको क्रममा कृषि उपज बजारीकरण र प्राप्त हुने मूल्य समस्याको रूपमा ईंगित गरेको पाइएकोले भएको उत्पादनले पनि आयआर्जनमा हुनु पर्ने जति मद्दत नगरेको देखिएको । सोका लागि बजार सम्बन्ध विकास तथा बजार पूर्वाधारमा स्थानीय तहहरू तथा सरोकारवालाहरूले लगानी गर्नुपर्ने ।
- आयात निर्यातको अभिलेख व्यवस्थापन प्रणाली तथा तथ्याङ्क / आयात निर्यात नीति

**खाद्यवस्तु बफर स्टकका लागि गोदाम तथा सञ्चालन तथा मौज्दात सम्बन्धी तथ्याङ्क**

- खाद्य संकट वा विपदको बेलामा स्वास्थ्य वर्द्धक तथा पोषिलो खाद्यवस्तु हरू लक्षित वर्गहरूलाई पहुँच पुऱ्याउन तथा विषम परिस्थितिको पुर्व तयारीको रूपमा पनि खाद्यवस्तुहरूको बफर स्टॉक राख्नु पर्ने तर्फ स्थानीय तहहरू सजक हुनुपर्ने । सोका लागि यथोचित नियम कानुनहरू बनाई पूर्वाधारहरू निर्माण गरेर सञ्चालन गर्न स्थानीय तहहरूले पहल गर्नु पर्ने ।

**खाद्य तथा पोषण सुरक्षा जोखिम घरधुरीको पहिचान तथा लक्षित कार्यक्रम**

- खाद्य तथा पोषण सुरक्षाको जोखिममा भएका घरधुरी (वा टोल बस्ती वा जातजाति) को पहिचान तथा आवश्यकता पहिचान ।
- पहिचान भएका क्षेत्र समुदाय व्यक्ति केन्द्रित पहुँचका लागि पूर्वाधार निर्माण तथा पहुँच र उपभोग सहजीकरणलागि खाद्य तथा पोषण लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- पालिकाबासीहरूको प्रमुख आयआर्जनको स्रोत कृषि भएको तर कृषि व्यावसायिक नभएको देखिएकोले व्यावसायिक बनाई थप आयआर्जन गर्नुपर्ने ।

**रोजगारीका अवसरको विविधीकरण**

वैदेशिक रोजगारीले लगभग ३० प्रतिशत आयआर्जन । त्यस्तै दैनिक ज्यालादारी प्रमुख आयआर्जनको स्रोत भएका पालिकाबासीको संख्या लगभग २० प्रतिशत हुनु तथा व्यापार व्यवसाय तथा नोकरीमा संलग्न पालिकाबासी अत्यन्तै न्यून हुनु । प्रति महिना आम्दानी लगभग २०००० मात्र भएको अवस्था जीवन निर्वाहमा समस्या भै खाद्य तथा पोषण सुरक्षामा असर गर्ने ।

- वैदेशिक रोजगारी भारत वा तेस्रो मुलुक यकिन गर्नु पर्ने ।
- पालिका क्षेत्रमा नै आयआर्जन गर्ने वातावरण बनाउन सिप तथा दक्षता वृद्धिमा जोड दिनु पर्ने । पूंजीगत सहयोग/ सहजीकरणको पनि व्यवस्था हुनु पर्ने ।
- वैकल्पिक व्यवसायको पहिचान गरी स्थानीय स्तरमै आयआर्जनको वातावरण बनाउनु पर्ने।
- पालिकामा व्यवसाय प्रवर्द्धन तथा सहजीकरण केन्द्रको स्थापना तथा विकास ।
- वनजन्य उत्पादनको विविधीकरण तथा मूल्य अभिवृद्धिबाट थप आयआर्जन हुन सक्ने।
- वनजन्य गैर काष्ठ उत्पादन सम्बन्धमा नीतिगत व्यवस्था र सहजीकरण हुन जरुरी ।
- खाद्य तथा पोषण असुरक्षित, न्यून आय भएका तथा कुपोषण प्रभावित व्यक्ति तथा समुदाय लक्षित कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गरी आयको वितरणको अवस्थामा सुधार ल्याउनु पर्ने ।

## २.४.४ स्वस्थ तथा पोषिलो खाद्यवस्तु उपभोगको आधारमा

**अवस्था**

आहार सन्तुलितता आवश्यक मात्रामा नभएको वस्तुस्थिति सर्वेक्षणले देखाएको । त्यस्तै आहाराको गुणस्तर पनि उपयुक्त नभएको । चाउचाउ जस्ता तयारी खानाहरूको आहारामा Domination भएको । सन्तुलित आहाराको पहुँच नभएका परिवारको बारेमा यकिन तथ्याङ्क नभएको ।

- सन्तुलित आहाराको पहुँच नभएका परिवारको वारेमा यकिन तथ्याङ्क सङ्कलन ।
- सचेतना तथा लक्षित कार्यक्रमहरू सञ्चालन।
- लक्षित वर्गका घरपरिवारमा पोषण करेसाबारी/ घरबारी निर्माणमा सञ्चालन।

**अवस्था**

MAD-C: लगभग ४५ प्रतिशत र MDD-W मा लगभग ६० प्रतिशत घरधुरीमा स्वीकार्य मापदण्ड भित्र । दलित वर्गको अवस्था ब्राह्मण क्षेत्री र मगर भन्दा कमजोर ।

- सन्तुलित आहाराको पहुँच नभएका परिवारको वारेमा यकिन तथ्याङ्क सङ्कलन ।
- सचेतना तथा लक्षित कार्यक्रमहरू सञ्चालन ।
- दलित वर्गका लागि विशेष लक्षित कार्यक्रम ।

**खानेपानी, तथा सरसफाई (WASH)**

**अवस्था**

लगभग ४८ प्रतिशतसँग व्यक्तिगत धारा, अझै लगभग १०% ले मूल तथा अन्य खानेपानीको स्रोतहरू उपयोग गरिरहेका, लगभग ५ प्रतिशतले खुला शौचालय प्रयोग गरिरहेका, लगभग ५० प्रतिशतले मात्र पानी निर्मलीकरण गरी खाने गरेको, स्वास्थ्यका दृष्टिले जोखिमयुक्त कार्य पछि साबुन पानीले हात धुनेको संख्या शतप्रतिशत नपुगेको।

- स्वच्छ र सफा पानी उपभोग गरेको खाद्यवस्तु को शरीरले सही रूपमा सदुपयोग गर्न तथा स्वास्थ्य स्थिति मजबुत राख्न जरुरी हुन्छ । त्यसैले स्वच्छ पानी उपभोग गर्ने घरपरिवारको संख्या शतप्रतिशत पुऱ्याउने तर्फ सरोकारवालहरूले पहल गर्नु पर्ने ।
- स्वास्थ्य स्थितिलाई जोखिममा पार्नसक्ने अवस्थाहरूमा साबुन पानीले हात धुने बानीको विकास पालिकाबासीमा हुनु जरुरी छ । यसका लागि स्थानीय तह तथा पालिकाबासीहरूले थप जनचेतना तथा सहजीकरण कृयाकलापहरू सञ्चालन गर्नु पर्ने देखिन्छ ।

### २.४.५ बालबालिका तथा महिलाको पोषण तथा मातृ-शिशु स्वास्थ्य सम्बन्धी व्यवहारहरू

**अवस्था**

कम जन्मजात तौल भएका बच्चाहरू लगभग ५ प्रतिशत, १८० दिन आइरन चक्की उपभोग गर्ने गर्भवती महिलाहरू लगभग ५० देखि ७० प्रतिशत, सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरू लगभग ६० प्रतिशत, झाडापखालाका बिरामी दर (प्रति हजार पाँच वर्ष मुनिका बालबालिकाहरूमा) लगभग ४०० देखि ७५० सम्म (वर्ष अनुसार तलमाथि भएको), ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाहरूको प्रतिशत लगभग ७० प्रतिशत, संस्थागत प्रसूति दर ५० प्रतिशत, दक्ष प्रसुतिकर्मीद्वारा प्रसूति भएको दर लगभग ४० प्रतिशत, Vaccination of children लगभग ६० प्रतिशत, ANC services लगभग १५ प्रतिशत ।

उपर्युक्त मातृ-शिशु पोषण तथा स्वास्थ्य सम्बन्धी व्यवहारहरूले केही सूचकहरूमा अपेक्षित सेवा लिएको देखिए पनि केही क्षेत्रमा सेवा तथा सचेतनामा सुधार गर्नुपर्ने तथा केही क्षेत्रमा भने सेवाहरू सघन रूपमा सञ्चालन गरी स्थितिमा सुधार गर्नुपर्ने देखिन्छ ।

- सेवा कम लिनु वा पाउनुको कारणहरूको पहिचान गर्नु पर्ने ।
- आइरन चक्की तथा भिटामिन ए को हकमा लगभग ३० प्रतिशतले सेवा नपाएको वा लिन नचाहेको यकिन गरी तदनुरूप सेवा प्रवाह तथा जनचेतनाका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने ।
- संस्थागत प्रसूति सेवा २५ देखि ५० प्रतिशतले नलिएको अवस्था प्रति पनि थप अध्ययन र निराकरण हुनु पर्ने भने ANC सेवा पनि अत्यन्तै न्यून रूपमा लगभग १५ प्रतिशतले मात्रैले लिनुले यस तर्फ सेवा प्रवाहमा व्यापक सुधार तथा जनचेतना अभिवृद्धिका क्रियाकलापहरू पनि सञ्चालन गर्नु पर्ने ।
- लगभग ४० प्रतिशत बालबालिकाले खोपको सुविधा नलिएको अवस्था निकै गम्भीर हुन सक्छ । यस तर्फ सम्बन्धीत निकाय तथा सरोकारवालाहरू सचेत भै कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने हुन्छ ।

## २.५ निष्कर्ष तथा सिफारिश

त्रिवेणी गाउँपालिकाको उपर्युक्त वस्तुस्थिति विश्लेषणको आधारमा FNMP तयारीको क्रममा तपशील अनुसारको निष्कर्श निकालिएको छ ।

- खाद्य सुरक्षाका दृष्टिले यो गाउँपालिकामा जातीय/समुदायगत रूपमा कुनै फरकपना नभए पनि पोषण स्वास्थ्यका हिसाबले दलित समुदायका ५ वर्ष मुनिका बच्चा तथा दलित गर्भवती एवं सुत्केरी महिलाको आहार व्यवहारमा

अन्य जाती/समुदायहरू भन्दा बढी सुधार गर्नुपर्ने देखियो । त्यस्तै मगर समुदायमा बाल विवाहको प्रचलन भएको देखिनुले मातृ-शिशु स्वास्थ्य र पोषणको जोखिम बढी देखिन्छ । यस तर्फ गाउँपालिका तथा वडाकार्यालयहरु र स्थानीय गैर सरकारी संघ-संस्थाहरुले आफ्ना कार्यक्रमहरू केन्द्रित गर्नुपर्ने देखिन्छ ।

- उपर्युक्त खाद्य तथा पोषण सुरक्षाको अवस्थाबाट सुधारिएको र सुरक्षित अवस्थामा दिगो रूपमा रूपान्तरित हुन गाउँपालिकाले आफ्नो तथ्याङ्क तथा अभिलेख व्यवस्था चुस्त, दुरुस्त र आधुनिक तरिकाले अद्यावधिक गर्दै उपयुक्त तथ्यांकमा आधारित रही अल्पकालीन तथा दीर्घकालीन खाद्य तथा पोषण सुरक्षा योजनाहरू तर्जुमा गरी कार्यक्रमहरू नतिजामुखी रूपमा सञ्चालन गर्नु उपयुक्त देखिन्छ ।
- खाद्य उपभोग मापन स्कोर (Food Consumption Score, FSC), MAD-C तथा MDD-W को तथ्याङ्कले गाउँपालिकामा अझै सन्तुलित आहार तथा मातृ-शिशु स्वास्थ्य तथा पोषण सम्बन्धी व्यवहारमा सुधार गर्नुपर्ने देखिन्छ । जसकालागि परिवार देखि विद्यालययस्तर सम्म पोषण स्वास्थ्य शिक्षा तथा सचेतना कार्यक्रम अझ लक्षित वर्ग केन्द्रित भै सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- स्थानीयस्तरमा उत्पादित खाद्यान्न त्यहाँको आवश्यकताको तुलनामा लगभग एक तिहाईले न्यून देखिएता पनि कृषिजन्य तथा अन्य आम्दानी र विप्रेषण आदिबाट प्राप्त थप आयआर्जनले यो गाउँपालिकामा न्यूनतम खाद्य सुरक्षाको अवस्था देखिन्छ । यद्यपि उपलब्ध खाद्यबस्तुको उपभोग गरिएको परिमाण तथा गुणस्तर भने मापदण्ड अनुरूप नभएको देखिन्छ ।

# परिच्छेद ३. गाउँपालिकास्तर खाद्य तथा पोषण सुरक्षा गुरु योजना

# त्रिवेणी गाउँपालिकास्तर खाद्य तथा पोषण सुरक्षा गुरु योजना

यस खण्डमा त्रिवेणी गाउँपालिको स्थलगत भ्रमण, प्राप्त तथ्याङ्कहरूको अध्ययन एवं विश्लेषणको आधारमा त्रिवेणी गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षा गुरु योजनाको सोच, मिसन, लक्ष्य, उद्देश्य, र कार्यक्रमहरू सहित अपेक्षित उपलब्धिहरू र प्रतिफलहरू प्रस्तुत गरिएको छ । साथै गुरु योजनाका उपलब्धिहरूलाई दिगो रूपमा कायम राख्न यथोचित कार्यान्वयन तथा अनुगमन मूल्यांकन संयन्त्रको व्यवस्था सहित सरोकारवालाहरूको भूमिकालाई स्पष्ट पारिएको छ ।




*चित्र ५: त्रिवेणी गाउँपालिकाको नक्शा*

## ३.१ गुरूयोजनाको अवधारणागत ढाँचा

यो गुरु योजना खाद्य तथा पोषण सुरक्षाको मुख्य चारवटा तत्त्वहरू उपलब्धता, पहुँच, उपभोग तथा स्थिरीकरणलाई आधार मानेर त्रिवेणी गाउँपालिकाबासीको पोषण स्वास्थ्यलाई केन्द्र विन्दुमा राखी तयार पारिएको छ । यसमा पोषण स्वास्थ्य व्यवहार पोषण सुरक्षाका दृष्टिकोणले थप तत्त्वको रूपमा समावेश गरी खाद्य तथा पोषणका दृष्टिले पूर्णता दिने प्रयास गरिएको छ । यसमा मुख्य रूपमा ५ वर्ष मूनिका बालबालिका, किशोर-किशोरी तथा प्रजननयोग्य महिला, गर्भवती र सुत्केरी महिलालाई दिइने भिटामिन ए, आइरन चक्की, बालभिटा जस्ता पूरक आहारा (Dietary supplement) तथा पूरक औषधि (Medical supplements) लगायत मातृ-शिशु स्वास्थ्यका लागि चिकित्सकीय परामर्श लिने जस्ता कार्य तथा व्यवहारहरूलाई समावेश गरिएको छ । त्यस्तै गाउँपालिकामा पहिचान भएका न्यूनतम खाद्य सुरक्षाको अवस्थाबाट बन्चित् भएका जाती/समुदायको पहिचान गरी लक्षित पोषण विशेष कार्यक्रम सञ्चालन गरी कुपोषणलाई न्यूनीकरण गर्नुपर्ने हुन्छ । तसर्थ यो तथ्यलाई हृदंगम गर्दै गुरु योजनाको ढाँचा तयार गरिएको छ ।

**गुरु योजनाको अवधारणागत ढाँचा**




*चित्र ६: गुरूयोजनाको अवधारणागत ढाँचा*

# ३.२ सोच, ध्येय तथा उद्देश्यहरू

## ३.२.१ सोच (Vision):

"सबैका लागि स्वस्थ र पोषणयुक्त खाना, त्रिवेणीको चाहना" ।

## ३.२.२ ध्येय (Mission):

गाउँपालिकाको संगठित तथा समन्वित प्रयासले स्थिर रूपमा सुरक्षित एवं पौष्टिक खाद्यवस्तु हरूको उपलब्धतामा वृद्धि, पहुँचमा अभिवृद्धि, उपभोगमा सुधार तथा पोषण स्वास्थ्य व्यवहारमा परिवर्तनको माध्यमबाट त्रिवेणी गाउँपालिकाबासीहरूको खाद्य तथा पोषण सुरक्षा एवं पोषण स्वास्थ्यमा दिगो सुधार ल्याउने ।

## ३.२.३ उद्देश्यहरू (Objectives)

- पालिका स्तरमा उपलब्ध सबै प्रकारका स्रोतसाधन तथा खाद्य बालीवस्तुहरूको विविधीकरण, सदुपयोग तथा व्यावसायिकीकरणको माध्यमबाट कृषिजन्य उत्पादन र यसबाट हुने आम्दानी बढाई एवं उपयुक्त बजार सम्बन्ध पनि विस्तार गरी पर्याप्त रूपमा स्वास्थ्य वर्द्धक र पोषक खाद्यवस्तु उलब्धतालाई सुनिश्चित गर्ने ।
- त्रिवेणी गाउँपालिकाबासीहरूको आम्दानीका स्रोतहरूको विविधीकरण गर्नुका साथै पोषणका दृष्टिले पछि परेका समूह, समुदाय तथा क्षेत्रका मानिसहरूमा लक्षित कार्यक्रम मार्फत सबै नागरिकलाई स्वास्थ्यर्द्धक तथा पोषिलो खानाको पहुँच सुरक्षित गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।
- त्रिवेणी गाउँपालिका मार्फत खाद्यवस्तु तथा पोषण शिक्षा, अभियानमूलक कार्यक्रमहरू, तथा संस्थागत सहयोग कार्यक्रमहरू सञ्चालन गरी विविधतायुक्त, सुरक्षित र पोषक खाद्यवस्तु हरू सही रूपमा पालिकाबासीहरूले उपभोग गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।
- पाँच वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाका साथै अन्य कुपोषण प्रभावित व्यक्तिहरूलाई केन्द्रित गरी पोषण विशेष कार्यक्रमहरू सञ्चालन गरी पालिकाबासीहरूको अत्यावश्यक पोषण स्वास्थ्यमा सुधार ल्याउने ।
- त्रिवेणी गाउँपालिकामा संस्थागत संरचनाहरूको विकास तथा सक्रियताबाट स्वास्थ्य वर्द्धक तथा पोषिलो खाद्य पदार्थहरू स्थिर तथा निरन्तर रूपमा उपलब्धता, सबैको पहुँच तथा सही रूपमा सदुपयोग हुने वातावरण बनाई दिगो रूपमा खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।

# ३.३ उद्देश्यहरूको विस्तृतीकरण

उल्लिखित उद्देश्यहरूबाट हासिल हुने प्रतिफल तथा उपलब्धिहरू एवं प्रतिफल तथा उपलब्धिहरू हासिल गर्नको लागि सञ्चालन गर्नु पर्ने क्रियाकलापहरूको विवरण निम्नानुसार छ । क्रियाकलापहरू, प्रतिफल तथा उपलब्धिहरूको तर्जुमा त्रिवेणी गाउँपालिकाको खाद्य तथा पोषणको वस्तुस्थिति विश्लेषणका आधारमा गरिएको हो।

## ३.३.१ उद्देश्य १

त्रिवेणी गाउँपालिकास्तरमा उपलब्ध सबै प्रकारका स्रोतसाधनहरूको सदुपयोग तथा खाद्य बाली तथा पशुवस्तुहरूको विविधीकरणका साथै व्यावसायिकरणको माध्यमबाट कृषिजन्य उत्पादन र यसबाट हुने रोजगारीले आम्दानी बढाउने एवं उपयुक्त बजार सम्बन्ध पनि विस्तार गरी पर्याप्त रूपमा स्वास्थ्य वर्द्धक र पोषक खाद्यवस्तु उपलब्धतालाई सुनिश्चित गर्ने ।

### उद्देश्य १ अनुसार उपलब्धि तथा प्रतिफल

**उपलब्धि १.१**

उपलब्ध सबै प्रकारका कृषिसँग सम्बन्धी त स्रोतसाधनहरूको सदुपयोग तथा खाद्य बाली वस्तुहरूको विविधीकरण एवं व्यावसायिकरणको माध्यमबाट कृषिजन्य उत्पादन र यसबाट हुने आम्दानी बढोत्तरी भएको हुने।

**प्रतिफल १.१.१**: खेतीयोग्य जमिनहरू तथा क्षेत्रहरूलाई निश्चित मापदण्डको आधारमा खेती पकेट क्षेत्रमा (Hardiness Zones) वर्गीकरण गरी त्रिवेणी गाउँपालिकाका प्राथमिकता प्राप्त बालीवस्तुहरूको खेती / पशुपन्क्षी पालन व्यवस्थित हुने ।

**प्रतिफल १.१.२**: खाद्य पोषण सिकाई केन्द्र स्थापना भै कृषि, खाद्य तथा पोषण क्षेत्रका उन्नत प्रविधिहरू मार्फत यो क्षेत्र व्यावसायिक तथा प्रतिस्पर्धात्मक भएको हुने ।

**प्रतिफल १.१.३**: त्रिवेणी गाउँपालिकामा उपलब्ध कृषि जैविक विविधतालाई उपयोग गरी खेती/पालन गर्न सकिने पोषिला तथा विविधतायुक्त बाली (रैथाने बाली) समेत तथा पशुवस्तुहरूलाई पनि कृषि प्रणालीमा समेटी उत्पादन विविधीकरण भएको हुने ।

**प्रतिफल १.१.४**: सामुदायिक वन लगायत सरकारी स्वामित्वमा रहेका खेतीयोग्य सार्वजनिक जमिनहरूमा समेत सामूहिक वा करार खेती तथा पशुपन्क्षीपालन गर्न सकिने वातावरण बनी बाली विविधीकरण तथा व्यावसायिक करण भएको हुने ।

**प्रतिफल १.१.५**: सामुदायिक वन लगायत सरकारी वन क्षेत्रमा उपलब्ध आर्थिक महत्त्वका खाद्य उत्पादनहरूलाई दिगो रूपमा सदुपयोग (Forest Foraging) गर्दै पालिकाको आयआर्जनको माध्यम बनेको हुनेछ ।

**प्रतिफल १.१.६**: असल कृषि अभ्यास (GAP) / असल भेटेरिनरी तथा पशुपालन अभ्यास (GVAHP) लगायत प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गरी स्वास्थ्य वर्द्धक तथा सुरक्षित कृषि उत्पादन भएको हुने ।

**प्रतिफल १.१.७**: खाद्य तथा पोषण सुरक्षाका लागि खाद्यवस्तु उत्पादन, मूल्य अभिवृद्धि तथा बजारीकरण कार्यमा संलग्न हुन कृषक तथा पोषण लक्षित समूहहरू, सहकारीहरू तथा उद्यमी व्यवसायीहरू सक्षम भएका हुनेछन् ।

**प्रतिफल १.१.८**: कृषिको विविधीकरण तथा व्यावसायिक करणका लागि आवश्यक सिंचाई, विद्युत् तथा सडक लगायतका पूर्वाधारहरू निर्माण तथा सञ्चालन भएका हुनेछन् । त्यस्तै उपयुक्त योजना सहितका कृषि आयोजनाहरूका लागि सर्वसुलभ कृषि ऋण उपलब्ध हुनेछ ।

**उपलब्धि १.२**

पालिका स्तरमा व्यवस्थित कृषि बजार स्थापना तथा बाह्य बजार सम्बन्ध विस्तार तथा अन्तरसम्बन्ध कायम गरी आधुनिक सूचना प्रविधिहरूको पनि उपयोग मार्फत पालिकालाई आवश्यक पर्ने स्वास्थ्य वर्द्धक र पोषक

खाद्यवस्तु को दिगो उपलब्धता सुनिश्चित हुने ।

**प्रतिफल १.२.१**: दिगो खाद्य उपलब्धताको सुनिश्चितताका लागि उपयुक्त स्थानमा बजार पूर्वाधारहरूको निर्माण, बजार सञ्जालिकरण तथा खाद्य भण्डार स्थलहरू निर्माण भै सञ्चालन भएका हुनेछन् ।

**प्रतिफल १.२.२**: आवश्यक स्थान (हरू) मा क्वारेन्टिन तथा खाद्य उत्पादन अनुगमन तथा परीक्षण केन्द्रहरू स्थापना गरी आवश्यक र सुरक्षित खाद्यवस्तुहरू मात्र आयात हुने सुनिश्चितता भएको हुनेछ ।

**उद्देश्य १ का उपलब्धि तथा प्रतिफल सूचकहरू**

**१. सुरक्षित पोषक खाद्यवस्तुहरूको उपलब्धता (Availability of Safe and Nutritious Food)**

| उपलब्धिहरू | सूचकहरू | एकाई | आधार वर्ष | लक्ष्यहरू | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | ५ वर्ष | १५ वर्ष | कैफियत |
| | | | | २०८०/८१ | २०८४/८५ | २०९४/९५ | |
| उपलब्धि १.१ कृषिसङ सम्बन्धी त स्रोतसाधनहरूको सदुपयोग तथा खाद्य बालीवस्तुहरूको विविधीकरण एवं व्यावसायिकरणको माध्यमबाट कृषिजन्य उत्पादन र यसबाट हुने आम्दानी बढोत्तरी | | | | | | | |
| मुख्य खाद्यान्न बालीहरूको उत्पादन र आयमा वृद्धि भएको हुने । | खाद्यान्नको जम्मा क्षेत्रफल | हे | १८७७ | १९४० | २१०० | २२५० | |
| | खाद्यान्नको जम्मा उत्पादन | मेट | ४२०९ | ४७८० | ६८३२ | ९७२० | |
| | खाद्यान्नको समग्र उत्पादकत्व | | २.२४ | २.४६ | ३.२६ | ४.२५ | |
| | उत्पादनको मूल्य | रू हजारमा | ८४१८० | ९५५९४ | १३६६३० | १९४४०० | |
| | खाद्यान्न आवश्यकता | | ४२३२ | ४२६० | ४४३४ | ४९०३ | |
| | खाद्यान्न वासलात | | -२०८६ | -१८२२ | -९५० | ५५ | |
| आलुबालीको उत्पादन र आयमा वृद्धि भएको हुने । | क्षेत्रफल | हे | ६० | ६६ | ११३ | २०० | |
| | उत्पादन | मेट | ७२० | ८५८ | १७८२ | ४००० | |
| | उत्पादकत्व | मे.ट./हे. | १२०. | १३ | १५८१. | २० | |
| | उत्पादनको मूल्य | रूह | १८००० | २१४५० | ४४५५९ | १००००० | |
| | आवश्यकता | मे.ट. | ६३२.६१ | ६३८.९९ | ६६५.१६ | ७३५.४० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उत्पादन सन्तुलन | | ८७.३९ | २१९.०१ | १११७.१९ | ३२६४.६० | |
| दलहनबालीको उत्पादन र आयमा वृद्धि भएको हुने । | जम्मा दलहन क्षेत्रफल | हे. | १९० | २५२.५ | ३१६ | ३७२ | |
| | जम्मा दलहन उत्पादन | मेट | ५४८ | ८९२.०५ | ११५८.४ | १६३७.२ | |
| | उत्पादनको मूल्य | रू हजारमा | ४३८४० | ७१३६४ | ९२६७२ | १३०९७६ | |
| | दलहन आवश्यकता | | ६३३ | ६३९ | ६६५ | ७३५ | |
| | दलहन वासलात | केजि | -८४.६१ | २५३.०६ | ४९३.२४ | ९०१.८० | |
| | प्रति व्यक्ति प्रति वर्ष उपलब्धता | | | | | | |
| तरकारीबालीको उत्पादन र आयमा वृद्धि भएको हुने । | क्षेत्रफल | हे | ५६८ | ५८० | ६०० | ६५० | |
| | उत्पादन | मेट | ४४६६ | ५२२० | ६००० | ७८०० | |
| | क्षति बाहेकको उत्पादन | मेट | ३५७२.८ | ४१७६ | ४८०० | ६२४० | |
| | | | ७.८६ | ९.०० | १० | १२ | |
| | उत्पादनको मूल्य | रू हजारमा | ८९३२० | १०४४०० | १२०००० | १५६००० | |
| | तरकारी आवश्यकता | मे.ट. | २१०९ | २१३० | २२१७ | २४५१ | |
| | तरकारी सन्तुलन (बचत) | मे.ट. | १४६४ | २०४६ | २५८३ | ३७८९ | |
| | प्रति व्यक्ति प्रति वर्ष | के.जि. | ४२३.५८ | ४९०.१५ | ५४१.२२ | ६३६.३९ | |
| फलफूलबालीको उत्पादन र आयमा वृद्धि भएको हुने । | समग्र फलफूल-क्षेत्रफल | हे | २०८ | २७० | ३६० | ५५० | |
| | उत्पादन | मेट | २२३३ | २८८० | ४१४० | ७३५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उत्पादकत्व | मेट/हे | १०.७३ | १०.६७ | ११.५० | १३.३६ | |
| | उत्पादनको मूल्य | रूह | ८९३१२ | ११५२०० | १६५६०० | २९४००० | |
| | जनसंख्या | | २३४१२ | २३३४२ | २४२९८ | २६८६४ | |
| | फलफूल आवश्यकता | मे.ट. | ८४३ | ८५२ | ८८७ | ९८१ | |
| | फलफूल सन्तुलन (बचत) | मे.ट. | १३८९ | २०२८ | ३२५३ | ६३६९ | |
| | प्रति व्यक्ति प्रति वर्ष उपलब्धता | के.जि. | २६४.७१ | ३३८.०३ | ४६६.८१ | ७४९.५९ | |
| तेलहनबालीको उत्पादन र आयमा वृद्धि भएको हुने । | तोरी- क्षेत्रफल | हे | १०५ | ११० | १४० | १५० | |
| | उत्पादन | मेट | ११०.३ | ११५.५ | १६८. | २२५ | |
| | उत्पादकत्व | मेट/हे. | १.०५ | १.०५ | १.२ | १.५ | |
| | उत्पादनको मूल्य | रूह | ८८२० | ९२४० | १३४४० | १८००० | |
| मसलाबालीको उत्पादन र आयमा वृद्धि भएको हुने । | मसलाबालीको जम्मा क्षेत्रफल | हे | ५६०.० | ६२२.० | ७१०.० | ७८०.० | |
| | मसलाबालीको जम्मा उत्पादन | मेट | ५०४०.६ | ५८८१.८ | ७३२८.० | ८८४८.० | |
| | मसलाबालीको उत्पादकत्व | मेट/हे | ९.० | ९.५ | १०.३ | ११.३ | |
| | उत्पादनको मूल्य | रूह | ३५२८४२ | ४११७२३.२ | ५१२९६० | ६१९३६० | |
| पशुपन्क्षीजन्य उत्पादन र आयमा वृद्धि भएको हुने । | दूध उत्पादन | लि | २७३० | २६२५ | ११७५० | २२०५० | |
| | उत्पादनको मूल्य (वार्षिक) | रू हजारमा | ७९७१६ | ७६६५० | ३४३१०० | ६४३८६० | |
| | जनसंख्या | | २३४१२ | २३३४२ | २४२९८ | २६८६४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दूधको आवश्यकता | लि. | ४६२२ | ४६६८ | ४८६० | ५३७३ | |
| | दूधको सन्तुलन (बचत) | लि. | -१८९२ | -२०४३ | ६८९० | १६६७७ | |
| | प्रति व्यक्ति/दिन उपलब्धता | मि.लि. | ११८.१४ | ११२.४६ | ४८३.५८ | ८२०.८० | |
| मासु उत्पादन र आयमा वृद्धि भएको हुने । | जम्मा मासु उत्पादन | | २५३०४४ | २५५५९५ | २६६०६३ | २९४१६१ | |
| | उत्पादनको मूल्य | रू.ह. | १०६७३३ | १९३००५ | ४५३९३७ | ८३२३३९ | |
| | मासुको आवश्यकता | के.जि. | ४२.६५ | ५२.६५ | ८१.१८ | ११४.८९ | |
| | मासुको सन्तुलन (बचत) | के.जि. | ८०० | ९०० | १२०० | १५०० | |
| | प्रति व्यक्ति प्रति दिन उपलब्धता | ग्राम | ३४.६२ | ३८.५६ | ४९.३९ | ५५.८४ | |
| अण्डा उत्पादन र आयमा वृद्धि भएको हुने । | अण्डा उत्पादन हजारमा | सं | ८००० | ९००० | १२००० | १५००० | |
| | प्रति व्यक्ति प्रति वर्ष उपलब्धता | सं | ९१७९४१ | ११०११३१ | १७६२०७१ | २७३१५९६ | |
| | उत्पादनको मूल्य | रू हजारमा | ३९.७२ | ४७.१७ | ७२.५२ | १०१.६८ | |
| | जम्मा कृषिजन्य आम्दानी | रू हजारमा | १०००० | १०००० | १५००० | २०००० | |
| कृषिजन्य समग्र | प्रति व्यक्ति प्रतिवर्ष आम्दानी | रू हजारमा | अध्ययन पश्चात यकिन गरिने । | | | १०१.६८ | |
| वनजन्य उत्पादनबाट थप आयआर्जन हुने । | वनजन्य उत्पादनको जम्मा मूल्य | रू. हजारमा | अध्ययन पश्चात यकिन गरिने । | | | २०००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| व्यावसायिक कृषि उत्पादन तथा पशुपालनमा संलग्न कृषक परिवारको संख्यामा वृद्धि भै उत्पादन र आम्दानीमा वृद्धि भएको हुने । | व्यावसायिक कृषि उत्पादन तथा पशुपालनमा संलग्न कृषक परिवार | घरधुरी | अध्ययन पश्चात यकिन गरिने । | | | | |
| | व्यावसायिक कृषि उत्पादनको कारोबार | रू. हजारमा | | | | | |
| सार्वजनिक/सरकारी जमिनमा खेती विस्तार भै आम्दानीमा वृद्धि हुने । | सार्वजनिक/सरकारी जमिनमा खेती विस्तार | हे | ० | | ० | १ | २ |
| | उत्पादनको मूल्य | रू. हजारमा | ० | ० | ५ | ५० | |
| असल अभ्यास तथा जैविक/प्राङ्गारिक पद्धतिमा खेती/पशुपालन भै आम्दानी वृद्धि हुने | जैविक तथा प्राङ्गारिक मल उत्पादन फर्महरू सञ्चालन | संख्या | ० | ० | २ | ३० | |
| | GAP/GVAHP अपनाई भएको खेती क्षेत्रफल | हे | | | | | |
| | प्राङ्गारिक पद्धतिमा भएको खेती क्षेत्रफल | हे | ० | ० | २ | ३० | |
| उपलब्धि १.२ (Outcome 1.2) बजार, बजार सम्बन्ध तथा सञ्जालिकरणः पालिका स्तरमा व्यवस्थित कृषि बजार स्थापना तथा बाह्य बजार सम्बन्ध विस्तार तथा अन्तरसम्बन्ध कायम गरी आधुनिक सूचना प्रविधिहरूको पनि उपयोग मार्फत पालिकालाई आवश्यक पर्ने स्वास्थ्य वर्द्धक र पोषक खाद्यवस्तु को दिगो उपलब्धता सुनिश्चित । | | | | | | | |
| खाद्यवस्तु हरूको आयात निर्यात असन्तुलन कम हुँदै जाने | खाद्यवस्तु हरूको आयात स्थिति खाद्यवस्तु हरू | | अध्ययन पश्चात् यकिन हुने | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खाद्यवस्तु हरूको निर्यात स्थिति खाद्यवस्तु हरू | | | | | | |
| | आयात निर्यात सन्तुलन | | | | | | |
| | बजारमा मौज्दात पोषक खाद्यवस्तु को स्थिति | | | | | | |
| खाद्य सुरक्षा चरण वर्गीकरण NeKSAP | | | न्यूनतम खाद्य असुरक्षित | | खाद्य सुरक्षित | खाद्य सुरक्षित | |

## ३.३.२ उद्देश्य २

त्रिवेणी गाउँपालिकाबासीहरूको आम्दानीका स्रोतहरूको विविधीकरणका साथै पोषणका दृष्टिले पछि परेका समूह, समुदाय तथा क्षेत्रका मानिसहरूमा लक्षित कार्यक्रम मार्फत सबै नागरिकलाई स्वास्थ्यर्द्धक तथा पोषिलो खानाको पहुँच सुरक्षित गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।

**उद्देश्य २ अनुसार उपलब्धि तथा प्रतिफल**

**उपलब्धि २.१**

कृषि/गैर कृषि क्षेत्रका सम्भाव्य क्षेत्रहरूमा पनि पालिकाबासीहरूको क्षमता विकास गरी थप आय आर्जनको माध्यमबाट स्वास्थ्यर्द्धक तथा पोषिलो खानाको पहुँच सुरक्षित भएको हुने ।

**प्रतिफल २.१.१:** कृषि उत्पादन सम्बन्धी अग्र तथा पश्च सम्बन्ध (Backward and Forward Linkages) राख्ने उद्यम विकास (मा सहजीकरण तथा सहयोग मार्फत आयआर्जनमा वृद्धि) ।

**प्रतिफल २.१.२**: गरिबिको रेखा मुनि रहेका तथा परम्परागत सीप भएका परिवार/समुदाय लक्षित क्षमता विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन भै रोजगारीको अवसर सृजना भएको हुने ।

**प्रतिफल २.१.३**: पालिकामा एक उद्यम विकास सहयोग केन्द्र स्थापना (सहजकर्ता सहित) भएको हुने।

**उपलब्धि २.२**

खाद्य तथा पोषणका दृष्टिले पछि परेका समूह, समुदाय तथा क्षेत्रका मानिसहरूमा (वस्तुस्थिति विश्लेषणको आधारमा तोक्नु पर्ने जस्तैः पाँच वर्ष मुनिका बालबालिका, स्तनपान गराइरहेका तथा गर्भवती महिला, वृद्ध तथा गरिबीको रेखामुनि रहेका वा कुनै वडा/गाउँका) लक्षित कार्यक्रम मार्फत त्रिवेणी गाउँपालिका सबै नागरिकलाई स्वास्थ्यर्द्धक तथा पोषिलो खानाको पहुँच भएको हुने ।

**प्रतिफल २.२.१**: बीउबिजन तथा खाद्यवस्तु भण्डारण तथा वितरण केन्द्रहरू स्थापना भएको हुने ।

**प्रतिफल २.२.२**: लक्षित समुदाय केन्द्रित सहुलियत/सहयोग कार्यक्रमहरू सञ्चालन गरी सबैलाई स्वच्छ तथा पोषिलो खाद्यवस्तु पहुँचको सुनिश्चितता भएको हुने । पहिलो चरणमा चरम खाद्य तथा पोषण असुरक्षित वर्गलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**उद्देश्य २ अनुसार उपलब्धि तथा प्रतिफल सूचकहरू**

**२. सुरक्षित पोषक खाद्यवस्तुहरूमा पहुँच (Access to the Nutritious Food)**

| उपलब्धिहरू | सूचकहरू | लक्ष्यहरू | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | एकाई | आधार वर्ष | पहिलो वर्ष | ५ वर्ष | १५ वर्ष | कैफियत |
| | | | | २०८०/८१ | २०८४/८५ | २०९४/९५ | |
| उपलब्धि २.१ (Outcome 2.1): गैर कृषि क्षेत्रका सम्भाव्य क्षेत्रहरूमा पनि पालिकाबासीहरूको क्षमता विकास गरी थप आय आर्जनको माध्यमबाट स्वास्थ्यर्द्धक तथा पोषिलो खानाको पहुँच सुरक्षित भएको हुने । | | | | | | | |
| कृषि तथा गैर कृषी व्यवसायमा लगानी वृद्धि भै आयआर्जन हुने । | स्थापित कृषिसँग तथा गैर कृषि व्यवसायहरूको | संख्या | | २ | २० | ४० | |
| | लगानी | रू. ह. | | १००० | १०००० | २०००० | |
| | व्यवसायबाट भएको आयआर्जन | रू. | | | | | |
| उपलब्धि २.२ गरिबिको रेखा मुनि रहेका तथा परम्परागत सीप भएका परिवार/समुदाय लक्षित क्षमता विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन भै रोजगारीको अवसर सृजना भएको हुने । | | | | | | | |
| लक्षित समूह केन्द्रित उद्यममा लगानी वृद्धि भै आयआर्जन हुने । | जम्मा स्थापित उद्यम संख्या | संख्या | | ५ | १५ | ३० | |
| | उद्यमहरूमा भएको लगानी रू | रू. ह. | | १००० | ३००० | ७००० | |
| | पालिकाबाट सहजकृत उद्यम संख्या | | | २ | ८ | १५ | |
| | उद्यममा भएको सहयोग रू. | | | ५०० | २००० | ३५०० | |
| | उद्यमबाट भएको आयआर्जन रू. | | | | | | |
| खाद्य तथा पोषणका दृष्टिले पछि परेका समूह, समुदाय तथा क्षेत्रका मानिसहरू लक्षित कार्यक्रम मार्फत रून्टीगढी गाउँपालिका सबै नागरिकलाई स्वास्थ्यर्द्धक तथा | खाद्यवस्तु भण्डारण तथा वितरण केन्द्रहरूमा मौज्दात पोषक खाद्यवस्तुहरूको परिमाण | मेट | | | १०० | १००० | |
| | खाद्य सुरक्षा र पोषणको दृष्टिले स्थानीयबासीहरुलाई पोषणयुक्त बालीवस्तुको | संख्या | ७ | १४ | ४० | ८० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पोषिलो खानाको पहुँच भएको हुने । | सहज र सरल आपूर्ति र आम्दानीका लागी स्रोतकेन्द्रहरु (पोषण नर्सरी, घरबारी व्यवस्थापन) स्थापना हुने | | | | | | |
| | लक्षित समुदाय केन्द्रित स्वच्छ तथा पोषिलो खाद्यवस्तु पहुँच सहुलियत/सहयोग कार्यक्रमहरू | | | | | | |
| | खाद्य पोषण सुरक्षा सहुलियत कार्ड पाउनेको संख्या | प्रति शत | | शुरु | ७० | १०० | |
| | सहुलियत रकम | | | आ.अ. | आ.अ. | आ.अ. | |
| | दिवा खाजा खाने खाद्य पोषण असुरक्षित बालबालिकाको सं | | | | | | |

## ३.३.३ उद्देश्य ३

पालिका मार्फत खाद्यवस्तु तथा पोषण सुरक्षा शिक्षा; खानेपानी, स्वास्थ्य तथा सरसफाई (WASH); सचेतना पैरवी र सामाजिक परिचालन कार्यक्रमहरू; तथा संस्थागत सहयोग कार्यक्रमहरू सञ्चालन गरी विविधतायुक्त, सुरक्षित र पोषक तत्त्वयुक्त खाद्यवस्तु हरू सही रूपमा पालिकाबासीहरूले उपभोग गर्ने वातावरण बनाई खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।

**उद्देश्य ३ अनुसार उपलब्धि तथा प्रतिफल**

**उपलब्धि ३.१**

खाद्य पदार्थको संरक्षण तथा उपभोग सम्बन्धी शिक्षाको माध्यमबाट खाद्यवस्तु सही सदुपयोगको वातावरण बनेको हुने ।

**उपलब्धि ३.२**

खाद्यवस्तु तथा तिनको उपभोगलाई बढवा दिन पोषण लक्षित व्यवसाय सञ्चालन सहयोग कार्यक्रम सञ्चालन भएको हुने।

**उपलब्धि ३.३**

उपलब्ध खाद्यवस्तु हरूलाई पालिकाबासीहरूले सही रूपमा ग्रहण/सदुपयोग गर्न सक्ने क्षमता विकास गर्न सुरक्षित खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रम (WASH) हरू सञ्चालन भएको हुने ।

**उद्देश्य ३ अनुसार उपलब्धि तथा प्रतिफल सूचकहरू**

**३. सुरक्षित पोषक खाद्यवस्तुहरूको उपभोग (Utilization of Safe and Nutritious Food)**

| उपलब्धिहरू | सूचकहरू | एकाई | लक्ष्यहरू | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष | पहिलो वर्ष | ५ वर्ष | १५ वर्ष | |
| | | | त्रिवेणी | २०८०/८१ | २०८४/८५ | २०९४/९५ | |
| उपलब्धि ३.१ (Outcome 3.1) खाद्य पदार्थको संरक्षण तथा उपभोग सम्बन्धी शिक्षाको माध्यमबाट खाद्यवस्तु सही सदुपयोग तथा उपभोग भएको हुने । | | | | | | | |
| पोषक खाद्यवस्तु हरूको उपभोगको स्थितिमा सुधार आएको हुनेछ । | उपभोगको स्थिति- खाद्यान्न | gm/p/day | | ४०० | ४०० | ५०० | |
| | दलहन | gm/p/day | | | ७५ | ९० | |
| | तरकारी | gm/p/day | | | 200 | ३५० | |
| | फलफूल | gm/p/day | | | ७५ | १०० | |
| | मासु | gm/p/day | | | ३० | ३० | |
| | अण्डा | gm/p/day | | ५ | १५ | ३० | |
| | दूध | gm/p/day | | | १५० | ३०० | |
| | आलु तथा कन्दमूल | gm/p/day | | | ७५ | १०० | |
| | FCS- Poor | % | ३.१ | ५ | १ | ० | |
| | FCS- Borderline | % | २३.५ | ३० | २० | १० | |
| | FCS- Acceptable | % | ७३.३ | ६५ | ७९ | ९० | |
| | MAD-C ≥ 4 items | % | ४५.० | ५० | ८० | १०० | |
| | MDD-W ≥ 5 items | % | ७४.९५ | ७५ | ८० | ९५ | |
| उपलब्धि ३.२ (Outcome 3.2) खाद्यवस्तु तथा तिनको उपभोगलाई बढवा दिन पोषण | खाना/खाजामा पोषिला तर अपहेलित रैथाने बालीहरूको उपभोगमा वृद्धि | | | | कम्तीमा १५ दिनमा १ पटक | कम्तीमा हप्तामा १ पटक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| लक्षित व्यवसाय सञ्चालन सहयोग कार्यक्रम सञ्चालन भएको हुने । | स्थापित रैथाने बाली प्रशोधन केन्द्र तथा उद्योगहरू | | | उपलब्धिको रूपमा पछि समावेश हुने । | | | |
| उपलब्धि ३.३ (Outcome 3.3) उपलब्ध खाद्यवस्तु हरूलाई पालिकाबासीहरूले सही रूपमा ग्रहण/सदुपयोग गर्न सक्ने क्षमता विकास गर्न सुरक्षित खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रम (WASH) हरू सञ्चालन भएको हुने । | १) नियमित पालिका तथा वडा स्तरीय खानेपानी तथा स्वच्छता समन्वय समिति (WASH-CC) | | नियमित नभएको | नियमित भएको हुने | | नियमित भएको हुने | |
| | २) सुरक्षित खानेपानी तथा सरसफाई को सुविधा प्राप्त नगरेका घरधुरी | प्रतिशत | ९ | | ० | ० | |
| | ३) व्यवस्थित र सफा शौचालयको उपयोग गर्ने घरधुरी संख्या | प्रतिशत | ९५ | ९५ | १०० | १०० | |
| | ४) पालिका मा खानेपानीको गुणस्तर मापनको अवस्था | | नभएको | नभएको | भएको हुने | भएको हुने | |
| | ५) छात्रा मैत्री शौचालय तथा फोहोर विसर्जन को व्यवस्था नभएका विद्यालयहरू | संख्या | | | ० | ० | |

## ३.३.४ उद्देश्य ४

पाँच वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाका साथै अन्य कुपोषण प्रभावित व्यक्तिहरूलाई केन्द्रित गरी पोषण विशेष कार्यक्रमहरू सञ्चालन गरी पालिकावासीहरूको अत्यावश्यक पोषण स्वास्थ्यमा सुधार ल्याउने ।

**उद्देश्य ४ अनुसार उपलब्धि तथा प्रतिफल**

**उपलब्धि ४.१**

जोखिम समूह (पाँच वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाका साथै अन्य कुपोषण प्रभावित व्यक्ति) व्यक्तिहरूको पहिचान हुनेछ ।

**उपलब्धि ४.२**

पालिकावासीले स्वास्थ्य सम्बन्धी अत्यावश्यक पूरक उपभोग्य खाद्य पदार्थहरू (Dietary Supplements) निरन्तर उपलब्ध भई उपभोग हुनेछ ।

**उपलब्धि ४.३**

पालिकावासीले सन्तुलित पोषण स्वास्थ्यका लागि स्वास्थ्य संस्थाहरूमा नियमित स्वास्थ्य परीक्षण तथा परामर्शका हुनुका साथै साथै व्यक्ति/समूह लक्षित पोषण विशेष कार्यक्रमहरू निरन्तर सञ्चालित हुनेछन् ।

**प्रतिफल ४.४**: मातृ, शिशु तथा बालबालिकाको सूक्ष्म पोषणका साथै सन्तुलित पोषण र आहार विहारमा सुधार हुनुका साथै पाँच वर्ष मुनिका बालबालिकाहरूको कुपोषण व्यवस्थापन हुनेछ ।

**उद्देश्य ४ अनुसार उपलब्धि तथा प्रतिफल सूचकहरू**

**लक्षित वर्ग केन्द्रित पोषण विशेष कार्यक्रम (Specific Group Focussed Nutrition Specific Program)**

| उपलब्धिहरू | सूचकहरू | एकाई | आधार वर्ष | लक्ष्यहरू | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | ५ वर्ष | १५ वर्ष | |
| | | | | २०८०/८१ | २०८४/८५ | २०९४/९५ | |
| जोखिम समूह (पाँच वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाका साथै अन्य कुपोषण प्रभावित व्यक्ति) का व्यक्तिहरूको पहिचान हुनेछ | पाँच वर्ष मुनिका बालबालिकाको संख्या-जम्मा | जना | २०३९ | | | | |
| | पुरूष | जना | १०८० | | | | |
| | महिला | जना | ९५९ | | | | |
| | ५ वर्ष मुनिका कुपोषित-SAM Cases: Total | जना | २७ | १० | ० | ० | |
| | Boys | जना | ११ | ४ | ० | ० | |
| | Girls | जना | १६ | ६ | ० | ० | |
| | ५ वर्ष मुनिका कुपोषित-MAM Cases: Total | जना | १५९ | ५० | ० | ० | |
| | Boys | जना | ८४ | २० | ० | ० | |
| | Girls | जना | ७५ | ३० | ० | ० | |
| | गर्भवती तथा सुत्केरी महिलाको संख्या | प्रतिशत | | | | | |
| | वृद्धहरूको संख्या | | जनगणना २०७८ बाट साभार गर्नुपर्ने | | | | |
| | अन्य जोखिम समूहको संख्या | | अध्ययनबाट थप हुनुपर्ने । | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पालिकाबासीलाई स्वास्थ्य सम्बन्धी अत्यावश्यक पूरक उपभोग्य खाद्य पदार्थहरू (Dietary Supplements) निरन्तर उपलब्ध भई उपभोग हुनेछ । | गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरूको प्रतिशत | | ६८१. | ७५ | १०० | १०० | |
| | सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरूको प्रतिशत | | ९१५. | ७५ | १०० | १०० | |
| | ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाहरूको प्रतिशत | | ७३१. | २५ | ५० | १०० | |
| पालिकाबासीले सन्तुलित पोषण स्वास्थ्यका लागि स्वास्थ्य संस्थाहरूमा नियमित स्वास्थ्य परीक्षण तथा परामर्शका हुनुका साथै साथै व्यक्ति/समूह लक्षित पोषण विशेष कार्यक्रमहरू निरन्तर सञ्चालित हुनेछन् । | दक्ष प्रसूतिकर्मीद्वारा प्रसूति भएको दर | | ४३ | ५० | १०० | १०० | |
| | संस्थागत प्रसूति दर | | ६२ | ७५ | कम्तिमा ८० | कम्तिमा ८० | |
| | ५ वर्ष मुनिका झाडापखालाका बिरामी मध्ये जिङ्क र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत | | १०० | १०० | १०० | १०० | |
| | Vaccination of children | | ६३.९ | ७५ | १०० | १०० | |
| | Treatment of childhood illness | | ७७.१ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (Diarrhea, Measles, ARI) | | | | | | |
| मातृ-शिशु तथा बालबालिकाको सूक्ष्म पोषणका साथै सन्तुलित पोषण र आहार विहारमा सुधार हुनुका साथै पाँच वर्ष मुनिका बालबालिकाहरूको कुपोषण व्यवस्थापन हुनेछ । | झाडापखालाका बिरामी दर (प्रति हजार पाँच वर्ष मुनिका बालबालिकाहरूमा) | | ४९७ | ३०० | १०० | ० | |
| | जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरूको प्रतिशत | | १०० | १०० | १०० | १०० | |
| | कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत | | ६.५ | <५ | <१ | <१ | |

## ३.३.५ उद्देश्य ५

पालिकामा संस्थागत संरचनाहरूको विकास तथा सक्रियताबाट स्वास्थ्य वर्द्धक तथा पोसिलो खाद्य पदार्थहरू स्थिर तथा निरन्तर रूपमा उपलब्धता, सबैको पहुँच तथा सही रूपमा सदुपयोग हुने वातावरण बनाई दिगो रूपमा खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।

### उद्देश्य ५ अनुसार उपलब्धि तथा प्रतिफल

माथि उल्लिखित चार वटा उद्देश्यहरू तथा तिनबाट हासिल उपलब्धि तथा प्रतिफलले त्रिवेणी गाउँपालिकाबासीहरूसङ आवश्यक मात्रामा पोषक खाद्यतत्वहरू युक्त खाद्य पदार्थहरू उपलब्ध भै सबैले सही रूपमा उपभोग गर्न सक्षम हुनेछन् । यसले पालिकाको समग्र खाद्य तथा पोषण सुरक्षाको अवस्था मजबुत हुँदै जानेछ । यसरी मजबुत भइरहेको खाद्य तथा पोषण सुरक्षाको प्रभाव दिगो रूपमा कायम रहनेछ । यस उद्देश्यले अन्य ५ वटा उद्देश्यहरूबाट हासिल उपलब्धिहरूलाई दिगो बनाई खाद्य तथा पोषण सुरक्षाको स्थिति मजबुत भइरहनेछ । यस उद्देश्य हासिल भएको अवस्थामा तल उल्लेखित ४ वटा उपलब्धि हुनेछन् ।

### उपलब्धि ५.१

खाद्य तथा पोषण सुरक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय, तर्जुमा, कार्यान्वयन, मार्ग निर्देशन एवं अनुगमन तथा मूल्याङ्कनका लागि उपयुक्त संस्थागत संरचनाहरू निर्माण भई निरन्तर रूपमा सञ्चालन भएका हुनेछन् ।

पालिकाको सबै क्षेत्रमा खाद्य तथा पोषण सम्बन्धी कार्यक्रमहरू समान रूपमा कार्यान्वयनको सुनिश्चितताका लागि यस्ता संयन्त्रहरू पालिका तथा वडा स्तरमा गठन गरिने छन् । यस्ता संयन्त्रहरू नीतिगत मार्गदर्शन र प्राविधिक कार्यान्वयनका लागि फरक फरक गठन गरिनेछन् । यस्ता संरचनाहरू सकेसम्म पालिका स्तरमा विद्यमान समान उद्देश्यका संरचनाहरूसँग दोहोरोपना नहुने गरी तय गरिनेछ ।

### प्रतिफल १

पालिकास्तर खाद्य तथा पोषण सुरक्षा निर्देशक समितिको गठन तथा नियमित सञ्चालन।

पालिका स्तरमा खाद्य तथा पोषण सुरक्षा कार्यक्रमलाई समन्वय तथा मार्गदर्शन गर्न निम्नानुसार पदाधिकारी भएको एक निर्देशक समिति रहनेछ । बहु क्षेत्रीय पोषण कार्यक्रम- दोस्रोले निर्धारण गरेको खाद्य तथा पोषण सुरक्षा सम्बन्धी समितिमा यसलाई समायोजन गरिनेछ ।

| पदाधिकारी | समितिमा पद |
|---|---|
| गाउँपालिकाका अध्यक्षः | अध्यक्ष |
| गाउँपालिकाका उपाध्यक्षः | उपाध्यक्ष |
| सबै वडाध्यक्षहरुः | सदस्य |
| महिला सदस्यहरू मध्ये एक जनाः | सदस्य |
| दलित महिला सदस्यहरू मध्ये अध्यक्षले तोकेको १ जनाः | सदस्य |

| | |
|---|---|
| पालिकाका कृषि विकाश शाखा, पशुपन्क्षी विकास शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा, सामाजिक विकास शाखा, पालिकाको अस्पताल प्रमुख लगायत सरोकारवाला शाखा प्रमुखहरुः | सदस्य |
| पालिकास्तरीय उद्योग वाणिज्य संघको अध्यक्षः | सदस्य |
| पालिकास्तरीय सहकारी संघको अध्यक्ष | सदस्य |
| पालिकास्तरीय गैसस महासंघको अध्यक्ष | सदस्य |
| पालिकाबाट आधिकारिकता प्राप्त पालिका स्तरीय कृषक समूह महासंघ वा कृषक समूह सञ्जालको अध्यक्ष | सदस्य |
| पालिकास्तरीय आमा समूह वा पोषण समूहको अध्यक्ष | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत | सदस्य सचिव |
| विषयवस्तुका जानकार/विज्ञ व्यक्ति वा संस्थाका प्रतिनिधिहरू | आमन्त्रित |

खाद्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाउन तेस्रो तथा ठाडो सम्बन्ध (Horizontal and Vertical Linkage) कायम राख्न समन्वयको कार्य पनि यस समितिले गर्नेछ ।

**प्रतिफल २**

पालिकास्तर खाद्य तथा पोषण प्राविधिक समितिको गठन तथा नियमित सञ्चालन भएको हुने ।

पालिकास्तर खाद्य तथा पोषण सुरक्षा निर्देशक समितिले बनाएको नीति तथा मार्गदर्शनको आधारमा विषयगत क्षेत्रहरू मार्फत समन्वित रूपमा कार्यान्वयन सहजीकरण गर्न निम्नानुसार पदाधिकारी भएको एक रूपमा कार्यान्वयन सहजीकरण गर्न निम्नानुसार पदाधिकारी भएको एक प्राविधिक समिति रहनेछ ।

| पदाधिकारी | समितिमा पद |
|---|---|
| कृषि शाखा वा पशुपन्क्षी शाखा वा स्वास्थ्य शाखाहरू मध्ये वरिष्ठतम प्रमुख | अध्यक्ष |
| कृषि विकास शाखाको प्रमुख | सदस्य |
| पशुपन्क्षी शाखाको प्रमुख | सदस्य |
| स्वास्थ्य शाखाको प्रमुख | सदस्य |
| महिला तथा बालबालिका शाखाको प्रमुख | सदस्य |
| पालिकास्तरीय अस्पतालको प्रमुख वा प्रतिनिधि | सदस्य |
| शिक्षा शाखा | सदस्य |
| पालिका स्तरीय उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| पालिका स्तरीय गैसस महासंघको प्रतिनिधि | सदस्य |
| कृषि शाखा वा पशुपन्क्षी शाखा वा स्वास्थ्य शाखाबाट तोकिएको पदाधिकारी | सदस्य सचिव |

**प्रतिफल ३**

स्थानीय तहको वडा स्तरमा खाद्य तथा पोषण सुरक्षा निर्देशक समितिको गठन तथा नियमित सञ्चालन भएको हुने।

पालिका स्तरीय निर्देशक समितिको निर्धारण गरेका नीति तथा मार्गदर्शनहरूको आधारमा वडा स्तरीय नीति तर्जुमा समन्वय तथा मार्गदर्शन गर्न तपशिल अनुसारको प्रत्येक वडा स्तरीय खाद्य तथा पोषण निर्देशक समिति रहनेछन् । बहु क्षेत्रीय पोषण कार्यक्रम- दोस्रोले निर्धारण गरेको खाद्य तथा पोषण सुरक्षा सम्बन्धी समितिमा यसलाई समायोजन गरिनेछ ।

| पदाधिकारी | समितिमा पद |
|---|---|
| सम्बन्धी त वडाको वडाध्यक्ष | अध्यक्ष |
| कृषि, पशुपन्क्षी, स्वास्थ्य, महिला तथा बालबालिका लगायतका सरोकारवाला शाखाहरूको वडा स्तरीय प्रतिनिधि १-१ जना | सदस्य |
| वडास्तरीय अस्पताल/स्वास्थ्य चौकीको प्रतिनिधि | सदस्य |
| वडास्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| वडास्तरीय सहकारी संघको अध्यक्ष | सदस्य |
| वडास्तरीय गैसस महासंघको अध्यक्ष | सदस्य |
| पालिकाबाट आधिकारिकता प्राप्त वडा स्तरीय कृषक समूह महासंघ वा कृषक समूह सञ्जालको अध्यक्ष | सदस्य |
| वडास्तरीय आमा समूह वा पोषण समूहको अध्यक्ष | सदस्य |
| वडा सचिव | सदस्य सचिव |
| विषय वस्तुकाजानकार/विज्ञ व्यक्ति वा संस्थाका प्रतिनिधिहरू | आमन्त्रित |

वडा स्तरीय जनशक्तिको न्यूनतालाई मध्यनजर गरी वडा स्तरमा प्राविधिक समितिको काम कर्तव्य पनि यस निर्देशक समितिले गर्नेछ । तर जनशक्तिको उपलब्धता र वडाको आवश्यकतालाई मध्यनजर गरी वडा स्तरमा पनि प्राविधिक समिति गठन गरी कार्य सञ्चालन गर्न बाधा पर्ने छैन ।

**प्रतिफल ४**

खाद्य तथा पोषण सुरक्षाको लागि विभिन्न उपलब्धिहरू हासिल गर्न तथा हासिल उपलब्धि तथा प्रतिफलहरूलाई दिगो रूपमा कायम गर्न विभिन्न नीति कार्यविधि नियम कानुनहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । यस्ता नियम कानुनहरू तर्जुमा भै निरन्तर र प्रभावकारी कार्यान्वयनले उपलब्धिहरूलाई स्थिर राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ । यसका लागि यस गुरु योजनाका उपलब्धि तथा प्रतिफलहरू हासिल गर्न तर्जुमा क्रियाकलापहरूमा उल्लिखित नीति कार्यविधि नियम कानुनहरू समेटी एकीकृत खाद्य तथा पोषण नीति/कार्यविधि बनेको हुनेछ ।

**उपलब्धि ५.२**

खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सरोकारवाला पालिका स्तरीय निकायहरूको क्षमता अभिवृद्धि गरी पालिका स्तरीय सेवा सुविधाहरू सर्वसुलभ र पारदर्शी रूपमा निरन्तर प्राप्त भई सुशासनको स्थिति सुदृढ हुनेछ ।

**प्रतिफलहरू**

- सेवालाई सर्वसुलभ पारदर्शी तथा किफायती बनाउन तथ्याङ्क तथा अभिलेख व्यवस्थापनका लागि कम्प्यूटरिकृत प्रणाली तथा सूचना प्रविधिको अधिकतम प्रयोग भएको हुने।
- सेवा प्रवाह चुस्त बनाउन सरोकारवाला निकायहरूको प्राविधिक तथा सेवा प्रवाह क्षमता अभिवृद्धि भएको हुने ।

- खाद्य तथा पोषण सेवाबाट लाभान्वित वर्गहरूको कार्यक्रम तर्जुमा तथा अनुगमन मूल्याङ्कनमा सहभागिता मार्फत कार्यक्रमलाई बढी लाभग्राही मैत्री हुने । अनुगमन तथा पूर्व सतर्कताका लागि लाभग्राहीहरू समेत सम्मिलित एक खाद्य तथा पोषण कार्यक्रम सतर्कता समिति (Food and Nutrition Program Vigilance Committee) गठन भै क्रियाशील भएको हुने ।
- सेवा सुविधाको गुणस्तर तथा निरन्तरताका लागि सेवा प्रदायक कर्मचारीहरूलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था भएको हुने । कार्यर्क्रमहरुको पनि यथोचित अनुगमन मूल्याङ्कन तथा Follow up मार्फत खाद्य तथा पोषण सुरक्षा दिगो रुपमा कायम । सेवाग्राहीहरूको पनि मूल्याङ्कन गरी उचित प्रोत्साहन व्यवस्था भएको हुने।

**उपलब्धि ५.३**

विपद एवं प्राकृतिक प्रकोप पूर्व तयारी एवं राहतका लागि यथोचित व्यवस्था भै खाद्य तथा पोषण सुरक्षा दिगो रूपमा सुनिश्चित भएको हुने । यस भित्र जलवायु परिवर्तनले गर्ने असर तथा सोको अनुकूलनको योजना पनि समाविष्ट भएको हुने छ । जलवायु परिवर्तनले कृषि क्षेत्रलाई गर्ने असर तथा यसको अनुकूलन योजना भने उद्देश्य १ मार्फत सम्बोधन हुनेछ ।

- खाद्य तथा पोषण सुरक्षाका उपलब्धिहरूलाई दिगो रूपमा स्थिर राख्न प्राकृतिक प्रकोपहरू आएको अवस्थामा सोको क्षतिबाट बच्ने पूर्व तयारी अवस्थामा रहने संरचना पालिका स्तरमा तयारी तथा कार्यान्वयन भएको हुने ।

- पालिकामा कार्यरत नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा नेपाल रेडक्रस सोसाइटी लगायतका संस्थाहरू सम्मिलित एक आकस्मिक प्रतिकार्य टोली (Emergency Response Team) लाई क्रियाशील बनेको हुने ।

- त्यस्तै यस्ता प्रकोपबाट सम्भावित पीडितहरूलाई पनि हुनसक्ने जोखिम तथा पूर्व तयारी बारेमा सचेतना कार्यक्रम मार्फत यथेष्ट जानकारी भएको हुने । यसले गर्दा क्षतिको अवस्थामा पनि यथाशक्य छिटो पुनर्उत्थान (Resilience) गर्न सक्ने छन् ।
- पालिकाले अन्य सम्भाव्य दाताहरूसँग पनि समन्वय गरी एक प्राकृतिक प्रकोप व्यवस्थापन तथा राहत कोष को स्थापना भएको हुने । यसले गर्दा प्रकोपको अवस्थामा तत्काल प्रतिकार्य गर्न सकिनेछ । यस्ता सबै प्रकारका प्रकोपको जोखिम न्यूनीकरणका कार्यहरूले पालिकाबासीहरूको खाद्य तथा पोषण सुरक्षा स्थिति कम भन्दा कम असर पर्नेछ ।
- विशेष गरी खाद्य तथा पोषण सुरक्षाको स्थितिलाई बिग्रिन नदिन कृषि क्षेत्रलाई पनि विशेष रूपमा संरक्षण र सुरक्षण गर्नु जरुरी हुन्छ । यसका लागि एकातर्फ बाली तथा पशुपन्क्षी बिमाको दायरालाई फराकिलो पारिनेछ भने अर्को तर्फ कृषि क्षेत्रमा मात्र केन्द्रित हुने गरी कृषि क्षेत्र विशेष प्राकृतिक प्रकोप व्यवस्थापन तथा राहत कोष को पनि स्थापना भएको हुनेछ ।

- प्रकोपको अवस्थामा खाद्य तथा पोषणको स्थिति बिग्रिन नदिन पालिकास्तरमा एक आकस्मिक प्रतिकार्य खाद्यान्न जगेडा कोष (Emergency response Food Grain Reserve/Buffer stock) को पनि व्यवस्था भएको हुनेछ । यसमा पालिकालाई आवश्यक खाद्यान्नको (पाँच) प्रतिशत जगेडा राखिनेछ । प्रकोपको अवस्था नभै उक्त खाद्यान्न बचेको अवस्थामा निश्चित अवधि पछि तीव्र खाद्य असुरक्षित (Acutely Food Insecure) पालिकाबासीलाई सहुलियत दरमा उपलब्ध गराइनेछ । यस्तै विपदको अवस्थामा खाद्य सुरक्षाका लागि मुख्य बालीहरूको बीउ उपलब्धता सुनिश्चित गर्न आवश्यकता अनुसारर बीउ बैंक स्थापना भएको हुनेछ ।

**उद्देश्य ५ अनुसार उपलब्धि तथा प्रतिफल सूचकहरू**

**५. सुरक्षित पोषक खाद्यवस्तु हरूको स्थिर उपलब्धता, पहुँच र उपभोग (Stability of Availability, Access & Utilization of Safe and Nutritious Food)**

| उपलब्धिहरू | सूचकहरू | एकाई | आधार वर्ष | पहिलो वर्ष | ५ वर्ष | १५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | त्रिवेणी | २०८०/८१ | २०८४/८५ | २०९४/९५ | |
| उपलब्धि ६.१ खाद्य तथा पोषण सुरक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय, तर्जुमा, कार्यान्वयन, मार्ग निर्देशन एवं अनुगमन तथा मूल्याङ्कनका लागि उपयुक्त संस्थागत संरचनाहरू निर्माण भई निरन्तर रूपमा सञ्चालन भएका हुनेछन् । | पालिकास्तर खाद्य तथा पोषण सुरक्षा निर्देशक समितिको गठन भै नियमित सञ्चालन भएको हुने । | | नियमित नभएको | १ | सक्रिय | सक्रिय | |
| | वडा स्तरमा खाद्य तथा पोषण सुरक्षा निर्देशक समितिको गठन भै नियमित सञ्चालन भएको हुने । | | नियमित नभएको | १ | सक्रिय | सक्रिय | |
| | एकीकृत खाद्य तथा पोषण नीति र कार्यविधि बनेको हुने । | | नबनेको | १ | सक्रिय | सक्रिय | |
| खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सरोकारवाला पालिका स्तरीय निकायहरूको क्षमता अभिवृद्धि गरी पालिका स्तरीय सेवा सुविधाहरू सर्वसुलभ र पारदर्शी रूपमा निरन्तर प्राप्त भई सुशासनको स्थिति सुदृढ हुनेछ । | डिजिटल प्रणाली तथा सूचना प्रविधिको प्रयोग भै तथ्याङ्क तथा अभिलेख व्यवस्थापन भएको हुने | | व्यवस्थित नभएको | सुरु | सम्पन्न | निरन्तरता | |
| | अनुगमन तथा पूर्व सतर्कताका लागि लाभग्राहीहरू समेत सम्मिलित एक खाद्य तथा पोषण कार्यक्रम सतर्कता समिति (Food and | | नभएको | १ | सक्रिय | सक्रिय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Nutrition Program Vigilance Committee) गठन भै क्रियाशील हुने | | | | | | |
| | कृषि शाखा, पशुपन्क्षी शाखा तथा स्वास्थ्य शाखाहरूमा आवश्यकता अनुरूपको दरबन्दी भै पदपूर्ति तथा क्षमता अभिवृद्धि भएको हुने । | | दरबन्दीहरू रिक्त रहेका | सुरु | सम्पन्न | निरन्तरता | |
| | कृषि शाखा तथा पशुपन्क्षी शाखाबाट सेवा प्राप्त गर्ने आवश्यक तथा इच्छुक कृषकको प्रतिशत | प्रतिशत | ६ | २५ | ५० | ७५ | |
| | स्वास्थ्य शाखा तथा अन्तर्गतबाट सेवा प्राप्त गर्ने आवश्यक लक्षित समूहको प्रतिशत | प्रतिशत | ८० | ८५ | ९५ | १०० | |
| | कृषि शाखा, पशुपन्क्षी शाखा तथा स्वास्थ्य शाखाबाट सेवा प्राप्त गर्ने पालिकाबासीको सन्तुष्टिको प्रतिशत | प्रतिशत | गणना नभएको | ३५ | ६० | ८० | |
| विपद एवं प्राकृतिक प्रकोप पूर्व तयारी एवं राहतका लागि यथोचित व्यवस्था भै खाद्य तथा पोषण सुरक्षा दिगो रूपमा सुनिश्चित भएको हुने । यस भित्र जलवायु परिवर्तनले गर्ने असर तथा सोको अनुकुलनको योजना पनि समाविष्ट भएको हुने छ । जलवायु परिवर्तनले कृषि | प्राकृतिक प्रकोपहरू आएको अवस्थामा सोको क्षतिबाट बच्ने पूर्व तयारी अवस्थामा रहने संरचना पालिका स्तरमा तयार भै कार्यान्वयनको अवस्थामा रहेको हुने | | | १ | सक्रिय | सक्रिय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्षेत्रलाई गर्ने असर तथा यसको अनुकूलन योजना भने उद्देश्य १ मार्फत सम्बोधन हुनेछ । | आकस्मिक प्रतिकार्य टोली (Emergency Response Team) गठन भै क्रियाशील हुनेछ | | | १ | ९ | क्रियाशिल | |
| | प्रकोपबाट सम्भावित पीडितहरूलाई पनि हुनसक्ने जोखिम तथा पूर्व तयारी बारेमा यथेष्ट जानकारी भएको हुनेछ जसले गर्दा क्षतिको अवस्थामा पनि यथाशक्य छिटो पुनर्उत्थान (Resilience) गर्न सक्ने छन् | जानकार प्रतिशत | | | | | |
| | प्राकृतिक प्रकोप व्यवस्थापन तथा राहत कोष स्थापना भएको हुने | | नभएको | १ | निरन्तरता | निरन्तरता | |
| | कृषि क्षेत्र विशेष प्राकृतिक प्रकोप व्यवस्थापन तथा राहत कोष स्थापना भएको हुने । | | नभएको | १ | निरन्तरता | निरन्तरता | |
| | बाली तथा पशुपन्क्षी बिमा गर्ने कृषकहरूको संख्या वृद्धि भएको हुने । | प्रतिशत | नगण्य | १० | ७५ | ९० | |
| | पालिका स्तरमा एक आकस्मिक प्रतिकार्य खाद्यान्न जगेडा कोष (Emergency response Food Grain | संख्या | | शुरूवात १ | सञ्चालन | निरन्तरता | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Reserve/Buffer stock) स्थापना भएको हुने । | | | | | | |
| | तीव्र खाद्य असुरक्षित (Acutely Food Insecure) पालिकाबासीलाई सहुलियत दरमा खाद्यान्न उपलब्ध भएको हुने । | प्रतिशत | | शुरूवात २० | ५० | १०० | |
| | व्यवस्थित तथा सुनिश्चित सिंचाईको क्षेत्रफल | क्षेत्रफल % | २० | २२ | ३० | ५० | |
| | मुख्य बालीहरूको बीऊ उपलब्धता सुनिश्चित गर्न बीउ बैंक स्थापना भएको हुने । | संख्या | | | १ | सञ्चालन | |

# ३. ४ कार्यक्रम तथा बजेट सहित पन्ध्र (१५) वर्षे गुरू योजना

यस खण्डमा उपलब्धि तथा प्रतिफलहरू अनुसारको आगामी १ वर्षको, ५ वर्षको र १५ वर्षको बजेट प्रक्षेपण गरिएको छ । उक्त प्रतिफल तथा उपलब्धिहरू हासिल गर्न तर्जुमा गरिएका प्रत्येक प्रतिफलहरू अनुसारका क्रियाकलापहरू सहितको आगामी १५ वर्षको बजेट प्रक्षेपण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## ३.४.१ समग अनुमानित बजेट

*तालिका ४५: गुरू योजनाको समग्र अनुमानित बजेट*

| क्र. सं. | गुरूयोजनाका उद्देश्यहरू | बजेट रू. हजारमा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आ.व. ०८०/८१ | ५ वर्ष आ.व. ०८४/८५ सम्म | १५ वर्ष आ.व. ०९४/९५ सम्म | |
| १ | सुरक्षित पोषक खाद्यवस्तुहरूको उपलब्धता (Availability of safe and nutritious food) | २४२५० | १४३२५० | २२५२५० | |
| २ | सुरक्षित पोषक खाद्यवस्तुहरूमा पहुँच (Access to Safe and Nutritious Foos) | ७३०० | ४०००० | ५८५०० | |
| ३ | सुरक्षित पोषक खाद्यवस्तुहरू को उपभोग (Utilization of Safe and Nutritious Food) | १७५० | ७९५० | १२७५० | |
| ४ | लक्षित वर्ग केन्द्रित पोषण विशेष कार्यक्रम (Specific Group Focussed Nutrition Specific Program) को बजेट | १४०० | ११९०० | २१००० | |
| 5 | सुरक्षित पोषक खाद्यवस्तुहरूको स्थिर उपलब्धता, पहुँच र उपभोग (Stability of Availability, Access & Utilization of Safe and Nutritious Food) | ७४०० | ४१००० | ९६००० | |
| | कूल बजेट | ४२१०० | २४५८०० | ४१४५०० | |

## ३.४.२ बजेटको स्रोत बाँडफाँड

उपर्युक्त अनुसारको बजेट गाउँपालिकाको आफ्नै स्रोतबाट मात्र विनियोजित भै वहन गर्न सम्भव देखिंदैन । अहिले पनि संघ तथा प्रदेश सरकार एवं विभिन्न साझेदार निकायहरुबाट खाद्य तथा पोषणसुरक्षा क्षेत्रमा लगानी भैरहेको छ । सोही अनुरुपको बजेटलाई निरन्तरता दिदै आवश्यकता अनुसार थप व्यवस्थापनको प्रतिवद्धता सरोकारवालबाट लिई कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ । त्रिवेणी गाउँपालिकामा परामर्शदाताले सञ्चालन गरेको योजना तर्जुमा गोष्ठीको क्रममा तपशिल अनुसार साझेदारीको प्रतिवद्धता प्राप्त भएको थियो ।

*तालिका ४५: गुरू योजनाको समग्र अनुमानित बजेटको स्रोत बाँडफाँड*

| क्र. सं. | बजेटका स्रोतहरु | बजेट रू. हजारमा | | | कूल बजेटको अनुमानित हिस्सा |
|---|---|---|---|---|---|
| | | आ.व. ०८०/८१ | ५ वर्ष आ.व. ०८४/८५ सम्म | १५ वर्ष आ.व. ०९४/९५ सम्म | |
| १ | त्रिवेणी गाउँपालिका | १८९४५ | ४५% | १८६५२५ | |
| २ | लुम्बिनी प्रदेश सरकार | ४२१० | १०% | ४१४५० | |
| ३ | संघीय सरकार | ६३१५ | १५% | ६२१७५ | |
| ४ | साझेदार संस्थाहरु | १२६३० | ३०% | १२४३५० | |
| | कूल बजेट | ४२१०० | १००% | ४१४५०० | |

## ३.४.२ उद्देश्य अनुसार अनुमानित बजेट

**उद्देश्य १. सुरक्षित पोषक खाद्यवस्तु हरूको उपलब्धता (Availability of safe and nutritious food)**

| उपलब्धि तथा प्रतिफलहरू | एकाई | पहिलो वर्ष (२०८०/८१) | ५ वर्ष (२०८४/८५) | १५ वर्ष (२०९४/९५) | कैफियत |
|---|---|---|---|---|---|
| | | बजेट | बजेट | बजेट | |
| उपलब्धि १.१ कृषिसँग सम्बन्धी त स्रोतसाधनहरूको सदुपयोग तथा खाद्य बालीवस्तुहरूको विविधीकरण एवं व्यावसायिकरण माध्यमबाट कृषिजन्य उत्पादन र यसबाट हुने आम्दानी बढोत्तरी | | | | | |
| १.१.१ खेती क्षेत्र (पकेट क्षेत्र) वर्गीकरण गरी प्राथमिकता प्राप्त बालीवस्तुहरूको खेती/पालन व्यवस्थित गर्ने । | | १६०० | २८०० | ४००० | |
| १.१.२ खाद्य पोषण सिकाई केन्द्र स्थापना मार्फत खाद्य तथा पोषण क्षेत्र व्यावसायिक तथा प्रतिस्प्रधात्मक भएको हुने । | रू. हजारमा | ११८०० | ५८८०० | ८१००० | |
| १.१.३ रैथाने बाली तथा लाई पशुवस्तुहरूलाई पनि कृषि प्रणालीमा समेटी उत्पादन विविधिकरण भएको हुने | रू. हजारमा | २०० | १००० | ३००० | |
| १.१.४ सामुदायिक वन लगायत सरकारी स्वामीत्वमा रहेका खेतीयोग्य सार्वजनिक जमिनहरूमा समेत सामूहिक वा करार खेती तथा पशुपन्क्षी पालन गर्न सकिने वातावरण बनी बाली विविधीकरण तथा व्यावसायिकरण भएको हुने | रू. हजारमा | ५५० | २७५० | ३७५० | |
| १.१.५ सामुदायिक वन लगायत सरकारी वन क्षेत्रमा उपलब्ध आर्थिक महत्त्वका खाद्य उत्पादनहरूलाई दिगो रूपमा सदुपयोग (Forest Foraging) गर्दै पालिकाको आयआर्जनको माध्यम बनेको हुनेछ । | रू. हजारमा | ५०० | ३५०० | ५००० | |
| १.१.६ असल कृषि अभ्यास (GAP) / असल भेटेरिनरी तथा पशुपालन अभ्यास (GVAHP) लगायत प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गरी स्वास्थ्य वर्द्धक तथा सुरक्षित कृषि उत्पादन भएको हुने । | रू. हजारमा | १४०० | १०३०० | १२५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.७ खाद्य तथा पोषण सुरक्षाका लागि खाद्यवस्तु उत्पादन, मूल्य अभिवृद्धि तथा बजारीकरण कार्यमा संलग्न हुन सक्षम कृषक तथा पोषण लक्षित समूहहरू, सहकारीहरू तथा उद्यमी व्यवसायीहरू | रू. हजारमा | १०० | ५०० | १००० | |
| १.१.८ कृषिको विविधिकरण तथा व्यावसायिकरणका लागि आवश्यक सिंचाई, विद्युत् तथा सडक लगायतका पूर्वाधारहरू निर्माण तथा सञ्चालन भएका हुनेछन् । त्यस्तै सर्वसुलभ कृषि ऋण उपलब्ध हुनेछ । | रू. हजारमा | ४००० | २४५०० | ५१००० | |
| उपलब्धि १.१ को जम्मा बजेट | रू. हजारमा | २०१५० | १०४१५० | १६१२५० | |
| उपलब्धि १.२ बजार, बजार सम्बन्ध तथा सञ्जालिकरणः पालिका स्तरमा व्यवस्थित कृषि बजार स्थापना तथा बाह्य बजार सम्बन्ध विस्तार तथा अन्तरसम्बन्ध कायम गरी आधुनिक सूचना प्रविधिहरूको पनि उपयोग मार्फत पालिकालाई आवश्यक पर्ने स्वास्थ्य वर्द्धक र पोषक खाद्यवस्तु को दिगो उपलब्धता सुनिश्चित । | | | | | |
| १.२.१ दिगो खाद्य उपलब्धताको सुनिश्चितताका लागि उपयुक्त स्थानमा बजार पूर्वाधारहरूको निर्माण, बजार सञ्जालिकरण तथा खाद्य भण्डार स्थलहरू निर्माण भै सञ्चालन भएका हुनेछन् | रू. हजारमा | ४६०० | १६४०० | २१५०० | |
| १.२.२ आवश्यक स्थान (हरू) मा क्वारेन्टिन तथा खाद्य उत्पादन अनुगमन तथा परीक्षण केन्द्रहरू स्थापना गरी आवश्यक र सुरक्षित खाद्यवस्तुहरूमात्र आयात हुने सुनिश्चितता भएको हुनेछ । | रू. हजारमा | १०० | २०५०० | ३१५०० | |
| उपलब्धि १.२ को जम्मा बजेट | | ४७०० | ३६९०० | ५३००० | |
| सुरक्षित पोषक खाद्यवस्तु हरूको उपलब्धताका लागि जम्मा बजेट (रू. हजारमा) | | २४८५० | १४१०५० | २१४२५० | |

**उद्देश्य २. सुरक्षित पोषक खाद्यवस्तु हरूमा पहुँच (Access to the Nutritious Food) को लागि आवश्यक बजेट**

| उपलब्धि तथा प्रतिफलहरू | एकाई | पहिलो वर्ष २०८०/८१ | ५ वर्ष २०८४/८५ | १५ वर्ष २०९४/९५ | कैफियत |
|---|---|---|---|---|---|
| उपलब्धि २.१ (Outcome 2.1) गैर कृषि क्षेत्रका सम्भाव्य क्षेत्रहरूमा पनि पालिकाबासीहरूको क्षमता विकास गरी थप आय आर्जनको माध्यमबाट स्वास्थ्यर्द्धक तथा पोषिलो खानाको पहुँच सुरक्षित भएको हुने । | | | | | |
| २.१.१ कृषि उत्पादन सम्बन्धी अग्र तथा पश्च सम्बन्ध (Backward and Forward Linkages) राख्ने उद्यम विकासमा सहजीकरण तथा सहयोग मार्फत आयआर्जनमा वृद्धि | रू. हजारमा | १००० | ५००० | ७५०० | |
| २.१.२ गरीबीको रेखा मुनि रहेका तथा परम्परागत सीप भएका परिवार/समुदाय लक्षित क्षमता विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन भै रोजगारीको अवसर सृजना भएको हुने । | रू. हजारमा | ४५०० | २०५०० | २४००० | |
| २.१.३ पालिकामा एक उद्यम विकास सहयोग केन्द्र स्थापना (सहजकर्ता सहित) तथा सञ्चालन भएको हुने | रू. हजारमा | ३०० | १५०० | १५०० | |
| उपलब्धि २.१ को जम्मा | | ५८०० | २७००० | ३३००० | |
| उपलब्धि २. २खाद्य तथा पोषणका द्दष्टिले पछि परेका समूह, समुदाय तथा क्षेत्रका मानिसहरू) जस्तै: पाँच वर्ष मुनिका बालबालिका, स्तनपान गराइरहेका तथा गर्भवती महिला, वृद्ध तथा गरिबीको रेखामुनि रहेका वा कुनै वडा/गाउँ; वस्तुस्थिति विश्लेषणको आधारमा तोक्नु) लक्षित कार्यक्रम मार्फत त्रिवेणी गाउँपालिका सबै नागरिकलाई स्वास्थ्यर्द्धक तथा पोषिलो खानाको पहुँच भएको हुने । | | | | | |
| २.२.१ बीउबिजनतथा खाद्यवस्तु भण्डारण तथा वितरण केन्द्रहरू स्थापना | | उपलब्धतामा समावेश भएको । | | | |
| २.२.२ लक्षित समुदाय केन्द्रित स्वच्छ तथा पोषिलो खाद्यवस्तु पहुँच/सहुलियत/सहयोग कार्यक्रमहरू । | रू. हजारमा | ५०० | ३००० | ३००० | |
| सुरक्षित पोषक खाद्यवस्तु हरूमा पहुँचको जम्मा बजेट | | ६३०० | ३०००० | ३६००० | |

**उद्देश्य ३. सुरक्षित पोषक खाद्यवस्तु हरू को उपभोग (Utilization of Safe and Nutritious Food) सम्बन्धी बजेट**

| उपलब्धिहरू | एकाई | पहिलो वर्ष (२०८०/८१) | ५ वर्ष (२०८४/८५) | १५ वर्ष (२०९४/९५) | कैफियत |
|---|---|---|---|---|---|
| उपलब्धि ३.१ खाद्य पदार्थको संरक्षण तथा उपभोग सम्बन्धी शिक्षाको माध्यमबाट खाद्यवस्तु सही सदुपयोगको वातावरण बन्ने । | रू. हजारमा | ८०० | ३७०० | ६५०० | |
| उपलब्धि ३.२ खाद्यवस्तु तथा तिनको उपभोगलाई बढवा दिन पोषण लक्षित व्यवसाय सञ्चालन सहयोग कार्यक्रम सञ्चालन भएको हुने । | रू. हजारमा | ५०० | १००० | १००० | |
| उपलब्धि ३.३ उपलब्ध खाद्यवस्तुहरूलाई पालिकाबासीहरूले सही रूपमा ग्रहण/सदुपयोग गर्न सक्ने क्षमता विकास गर्न सुरक्षित खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रम (WASH) हरू सञ्चालन भएको हुने । | रू. हजारमा | २५० | १२५० | २२५० | |
| जम्मा | | १३०० | ४७०० | ७५०० | |

**उद्देश्य ४. लक्षित वर्ग केन्द्रित पोषण विशेष कार्यक्रम (Sepcific Group Focussed Nutrition Specific Program) को बजेट**

| उपलब्धिहरु तथा प्रतिफलहरु | एकाई | पहिलो वर्ष (८१/२०८०) | ५ वर्ष (८५/२०८४) | १५ वर्ष (९५/२०९४) | कैफियत |
|---|---|---|---|---|---|
| जोखिम समूह पाँच वर्ष मुनिका बालबालिका), गर्भवती तथा सुत्केरी महिलाका साथै अन्य कुपोषण प्रभावित व्यक्तिका व्यक्तिहरूको पहिचान हुनेछ ( | रु. हजारमा | | | | धेरै कृयाकलाप हरु स्वास्थ्य शाखाका नियमित कार्यक्रमबाट सञ्चालन हुने । |
| पालिकावासीले स्वास्थ्य सम्बन्धी अत्यावश्यक पूरक उपभोग्य खाद्य पदार्थहरू )Dietary Supplements) निरन्तर उपलब्ध भई उपभोग हुनेछ | रु. हजारमा | २०० | १००० | ३००० | |
| पालिकावासीले सन्तुलित पोषण स्वास्थ्यका लागि स्वास्थ्य संस्थाहरूमा नियमित स्वास्थ्य परीक्षण तथा परामर्शका हुनुका साथै साथै व्यक्तिसमूह लक्षित पोषण / विशेष कार्यक्रमहरू निरन्तर सञ्चालित हुनेछन् । | रु. हजारमा | ३०० | ११०० | २००० | |
| जम्मा | | ५०० | २१०० | ५००० | |

**उद्देश्य ५. सुरक्षित पोषक खाद्यवस्तु हरूको स्थिर उपलब्धता, पहुँच र उपभोग (Stability of Availability, Access & Utilization of Safe and Nutritious Food) सम्बन्धी बजेट**

| उपलब्धिहरू | एकाई | पहिलो वर्ष (२०८०/८१) | ५ वर्ष (२०८४/८५) | १५ वर्ष (२०९४/९५) | कैफियत |
|---|---|---|---|---|---|
| उपलब्धि ५.१ खाद्य तथा पोषण सुरक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय, तर्जुमा, कार्यान्वयन, मार्ग निर्देशन एवं अनुगमन तथा मूल्याङ्कनका लागि उपयुक्त संस्थागत संरचनाहरू निर्माण भई निरन्तर रूपमा सञ्चालन भएका हुनेछन् । | | ७०० | १५०० | ४५०० | |
| उपलब्धि ५.२ खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सरोकारवाला पालिका स्तरीय निकायहरूको क्षमता अभिवृद्धि गरी पालिका स्तरीय सेवा सुविधाहरू सर्वसुलभ र पारदर्शी रूपमा निरन्तर प्राप्त भई सुशासनको स्थिति सुदृढ हुनेछ । | | ९०० | ४५०० | १४००० | |
| उपलब्धि ५.३ विपद एवं प्राकृतिक प्रकोप पूर्व तयारी एवं राहतका लागि यथोचित व्यवस्था भै खाद्य तथा पोषण सुरक्षा दिगो रूपमा सुनिश्चित भएको हुने । | | ५३०० | २२५०० | ४९५०० | |
| जम्मा | | ६९०० | २८५०० | ६८००० | |

## ३.५ खाद्य तथा पोषण सुरक्षा कार्यक्रम कार्यान्वयन तथा अनुगमन संयन्त्र र व्यवस्था




*चित्र ६: खाद्य तथा पोषण सुरक्षा कार्यक्रम कार्यान्वयन तथा अनुगमन संयन्त्र*

चित्र ७ ले खाद्य तथा पोषण सुरक्षा कार्यक्रमको कार्यान्वयन व्यवस्था तथा अनुगमन व्यवस्थालाई व्याख्या गर्नुका साथै यसमा प्रत्यक्ष एवं परोक्ष रूपमा संलग्न हुने पात्र (Actors) तथा सरोकारवालाहरू (Stakeholders) बारेमा ईंगित गरेको छ। यस फ्लोचार्ट लाई मुख्य दुई भागमा विभाजन गरिएको छः कार्यान्वयन संयन्त्र र अनुगमन संयन्त्र । यी दुई वटै संयन्त्रहरूमा सम्भव भए सम्म गाउँपालिकाका नियमित संयन्त्रहरू तथा हाल विद्यमान खाद्य तथा पोषण सुरक्षा सम्बन्धी त संयन्त्रहरूलाई उपयोग गरिएको छ । विद्यमान नभएका आवश्यक संरचनाहरूमात्र नयाँ गठन गर्न सिफारिस गरिएको छ ।

- कार्यान्वयन संयन्त्रः कार्यान्वयनका लागि मुख्य मार्गदर्शकको रूपमा बहु क्षेत्रीय पोषण कार्यक्रम- दोस्रो (MSNP-II) अनुसारकै पालिका स्तरीय तथा वडा स्तरीय निर्देशक समितिहरूलाई क्रियाशील बनाई नीति निर्देशन कार्यहरू हुनेछ । उक्त समितिहरू पालिकास्तर खाद्य तथा पोषण सुरक्षा निर्देशक समिति (Municipal Food and Nutrition Security Steering Committee, MFNSSC) र वडास्तर खाद्य तथा पोषण सुरक्षा निर्देशक समिति (Ward Level Food and Nutrition Security Steering Committee, WFNSSC) संरचना खण्ड मा उल्लेख भए अनुसार परिमार्जन गर्न सिफारिस गरिएको छ भने काम कर्तव्य र अधिकार बहुक्षेत्रीय पोषण कार्यक्रम- दोस्रो (MSNP-II) अनुसार नै हुनेछ । खाद्य तथा पोषण सुरक्षा एक बहुक्षेत्रीय अवधारणा भएकोले योजना तर्जुमा तथा कार्यान्वयनका लागि एक पालिकास्तर खाद्य तथा पोषण सुरक्षा प्राविधिक समिति (Municipal Food and Nutrition Security Technical Committee, MFNSTC) समेत रहनेछ । यसमा कृषि शाखा वा पशुपन्क्षी विकास शाखा वा स्वास्थ्य शाखा मध्ये वरिष्ठतम शाखा प्रमुखले समितिको संयोजन गर्नेछन् भने उल्लिखित ३ वटा लगायत महिला, बालबालिका तथा ज्येष्ठनागरिक शाखा र शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख समेत सदस्य रहनेछन् । मुख्य रूपमा कृषि शाखा वा पशुपन्क्षी विकास शाखा वा स्वास्थ्य शाखाहरू मुख्य कार्यान्वयन गर्ने निकायको रूपमा रहनेछन् । योजना तर्जुमा गर्दा स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा चक्रको ७ चरणहरू अनुसरण गरी गर्ने गराउने जिम्मेवारी यस प्राविधिक समितिको हुनेछ ।सरोकारवाला दातृ निकायहरू तथा गैरसरकारी संस्थाहरूको पनि कार्यक्रममा सम्झौता ज्ञापन पत्र (Memorandum of Understanding) ले निर्देशित भूमिका रहनेछ भने संघ तथा प्रदेश अन्तर्गतका सरोकारवाला निकायहरू सहयोगको भूमिकामा रहनेछन् । सरोकार राख्ने विभिन्न प्रकारका समूह, सहकारी तथा उद्यम एवं कम्पनीहरू लाभग्राही वर्गको हितलाई सर्वोपरि राखी कार्यान्वयन निकायसँग सम्बन्ध सेतुको रूपमा कार्य गर्नेछन् ।
- अनुगमन संयन्त्रः कार्यान्वयनमा संलग्न सबै निकायहरू लगायत गाउँपालिकाका सरोकारवाला संयन्त्रहरू सबैले यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन् । अनुगमनको मुख्य संयन्त्रको रूपमा भने गाउँपालिका स्तरीय सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन समिति र वडा स्तरीय सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिहरू रहनेछन् । त्यस्तै कार्यक्रमलाई पारदर्शी एवं जबाफदेही बनाउन सरोकारवाला तथा लाभग्राहीहरू समेत सम्मिलित एक "खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सतर्कता समिति (Food and Nutrition Security Program Vigilance Committee, FNSPVC)" प्रस्ताव गरिएको छ । सरोकारवाला संघीय तथा प्रदेश स्तरका निकायहरू, जिल्ला स्तरका निकायहरू, सरोकारवाला गैरसरकारी तथा निजी क्षेत्रले पनि अनुगमन तथा सरोकार राखी कार्यक्रमलाई प्रभावकारी तथा नतिजामुखीबनाउन मद्दत गर्नेछन् ।

**कार्यान्वयन तथा समन्वयका लागि सरोकारवालाहरूको भूमिका**

| सरोकारवालाहरू | भूमिका | कैफियत |
|---|---|---|
| गाउँपालिकाको अध्यक्ष | MFNSSC को अध्यक्षता सहित MFNSTC बाट खाद्य तथा पोषण सुरक्षा स्थिति बारेमा नियमित जानकारी प्राप्त गर्ने र उच्च स्तरको समाधान आवश्यक पर्ने कुनै पनि समस्याहरूलाई सम्बोधन गर्ने।<br>खाद्य तथा पोषण सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निर्देशन दिने । | MFNSSC को अध्यक्षता तथा आवश्यकता अनुसार समन्वय |
| गाउँपालिकाको उपाध्यक्ष | MFNSSC को सदस्यता सहित MFNSTC बाट खाद्य तथा पोषण सुरक्षा स्थितिबारेमा नियमित जानकारी प्राप्त गर्ने र उच्च स्तरको समाधान आवश्यक पर्ने कुनै पनि समस्याहरूलाई समाधानका लागि समन्वय गर्ने ।<br>गाउँपालिका स्तरीय सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको अध्यक्षता गरी कार्यक्रमलाई नतिजामुखी बनाउने | गाउँपालिका स्तरीय सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन समितिको अध्यक्षता |
| गाउँ कार्यपालिका कार्यालय | समग्र नीतिगत समन्वय गर्ने ।<br>खाद्य तथा पोषण सुरक्षा कार्यक्रमको एकीकृत योजना र बजेट सुनिश्चित गर्नुका साथे अनुगमन र मूल्याङ्कन गर्ने । | नीतिहरूको कार्यान्वयन र सरोकारवालाहरू बीच समन्वय गर्ने । |
